# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **नित्यानन्द शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत त्रि.वि. नेपाली विषयको स्नातकोत्तर दोसो पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषय परिचय

साहित्यकार नित्यानन्द शर्मा नेपाली समाजमा रहेका सामाजिक विषयवस्तुलाई आधार बनाएर कथाको क्षेत्रमा महत्वपूर्ण योगदान दिने धेरै व्यक्तिहरू मध्ये एक हुन् । राप्ती अञ्चलमा जन्मेर राप्ती अञ्चललाई नै कर्मथलोको रुपमा तय गरेका शर्मा विगत तीन दशक भन्दा अगाडि देखि प्रवासी नेपालीको स्वदेश र स्वजन प्रतिको माया ममतालाई पोख्ने, साहित्यको क्षेत्रमा अनवरत रुपमा लागि परेका शर्मा मध्यम परिवारमा जन्मेर पनि आफ्नो लेखनीलाई बेजोड गतिले चलाएका छन् । यस्ता प्रतिभाशाली व्यक्तित्वका धनी शर्मा औपचारिक रुपमा (वि. स.२०२५-प.प.उ.मा.वि. भरतपुर दाङको वार्षिक मुख पत्र) ज्योत्सना' पत्रिकामा विदेश' नजाउ कविताबाट साहित्य क्षेत्रमा प्रवेश भएका नित्यानन्दले दङ्गाली साहित्यका कथा, वालकविता । गीत, निबन्ध र नाटक विधामा कलम चलाए पनि कथा विधालाई प्रमुख रुचीका साथ अघि बढाएको देखिन्छ । जसको फलस्वरुप वि.स. २०४५ सालमा १६ कथाहरूको संग्रह स्वरुप शर्मालाई कथाकारिताको क्षेत्रमा चिनाउने कथा संग्रह बाँच्ने रहर (प्रतीक्षा, प्रायश्चित, विछोड, अधुरो रेखा, प्रतिज्ञा,वचनबद्धता क्षमा, परिणति, धोखा, अन्तर्द्वन्द्व, स्मृतिका पानाहरू, बाँच्ने रहर, अरुको बोट, विवशता, पछुतो र कति बोकेर हिड्ने रितो जीवन ?) बालकविता/गीतको क्षेत्रमा जूनुमामा जस्ता कृतिहरू हामीहरू माझ रहेका

छन् । उल्लेखित कृति र शर्माका बारेमा हारसम्म कोही कसैबाट विस्तुत अध्ययन र विश्लेषण गरेको नपाइएकाले यहाँ उनको जीवनी व्यक्तित्व र कृतित्वको अनुसन्धान तथा शोध खोजगरी विस्तृत रुपमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.४ समस्याकथन

साहित्यकार नित्यानन्द शर्मा विद्यार्थी अवस्थादेखि नै विभिन्न साहित्यिक गतिविधिमा संलग्न हुँदै हालसम्म पनि साहित्य लेखनमा निरन्तर कलम चलाउने राप्ती अञ्चलका उल्लेख कथाकार हुन् । नेपाली साहित्यको कथा बालकविता/गीत जस्ता विधाहरूमा अनवरत रुपमा सेवा गर्दै आएका यस्ता प्रतिभाशाली साहित्यकार शर्मा केही पत्र पत्रिकाहरूमा सामान्य चर्चा परिचर्चा भए बाहेक उनको समग्र जीवनी,व्यक्तित्व र कृतित्वको अध्ययन आनुसन्धान आजसम्म पनि कोही कसैबाट हुन सकेको छैन । त्यसैले उनको जीवनी, व्यक्तित्वको समग्र अध्ययन र मूल्याङ्कन गरिनु जरुरी छ । यसै सन्दर्भ यो शोधपत्र पनि निम्न समस्या र विषयमा केन्द्रित रहेर तयार पारिएको छ ।

क) नित्यानन्द शर्माको जीवनी र व्यक्तित्वलाई कसरी अध्ययन विश्लेषण गर्न सकिन्छ ?
ख) उनको कृति र लेख रचनाका आधारमा प्रवृत्तिगत विशेषताहरू के कस्ता छन् ?
ग) उनको साहित्यिक यात्राको कथा क्रमिक विकास कसरी भएको छ ?
घ) कथा तत्वका आधारमा उनका कथाहरुको विश्लेषण कसरी गर्न सकिन्छ ?
ङ) प्रस्तुत कथाका के-कस्ता विषयवस्तुहरु छन् ?
आदि विषयमा अध्ययन विश्लेषण गरी तिनै विषयमा केन्द्रित रहेर यो शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

कुनै पनि कार्यको विना उद्देश्य अर्थ र महत्व स्पष्ट नहुने भएकाले प्रस्तुत शोधकार्यका अध्ययनका उद्देश्यहरू यसप्रकार रहेका छन् ।

क) नित्यानन्द शर्माको जीवनवृत, व्यक्तित्वको अध्ययन र विश्लेषण गर्ने ।
ख) उनका साहित्यिक कृतिहरूका आधारमा प्रवृत्तिगत विशेषताहरू केलाउने ।
ग) शर्माको साहित्यिक यात्राको कथा क्रमीक विकास खोजी गर्ने ।

घ) कथाहरुमा प्रस्तुत विषयवस्तुका बारेमा स्पष्ट पार्ने ।

ङ) प्रस्तुत कथाहरुको मूल मर्म पहिल्याउने ।

उल्लेखित उद्देश्यहरूका आधारमा कथाकार शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु नै प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

कथा जस्तो लोकप्रिय साहित्य विधामा साहित्यमा प्रतिभाहरूको अध्ययन, अनुसन्धान गर्ने परम्परा अपेक्षित रुपमा नै छ । लुकेर रहेका स्रस्टाहरूको व्यक्तित्वका बारेमा प्रकाश पार्नु निश्चयनै महत्वपूर्ण कार्य हो । शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा यस भन्दा पहिले खास अध्यययन विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएको छैन । साहित्यिक योगदानका बारेमा शर्माका समालोचकहरूले त्यति चर्चा गरेको पाइदैन । केही पत्र-पत्रिकामा सामान्य रुपमा परिचय र टिप्पणी मात्र भएको पाइन्छ । जसले गर्दा कथाकार शर्मा आजसम्म पनि ओझेलमै परेका देखिन्छन् । प्रस्तुत शोधकार्यको तयारीका सिलसिलामा उनी र उनका कृतिका बारेमा जे जति पूर्वाध्यायन गरिएका सामग्रीहरू प्राप्त भएका छन् । तिनलाई संक्षिप्त रुपमा यसप्रकार प्रस्तुत गरिएका छन् ।

नारायण प्रसाद शर्मा (२०४५/१२/१४) बाँच्ने रहर'' कथा संग्रह २०४५ मा यो पालुवा हुर्कन देऔं' शीर्षक मार्फत नित्यानन्द शर्मालाई - "भाषा नित्यानन्द जत्तिकै नबिझाउने छ । विषयको चयनमा युवा युवतीहरूको मन : स्थिति, शहरी सभ्यता र ग्रामीण सभ्यताको बिच अर्न्तद्वन्द्व र उत्कण्ठा यौवनका उत्कण्ठा यसमा छन् । सस्तो प्रेमको परिणाम ग्रामीण जीवनको अधुरो आकाङ्क्षा यसमा परिलक्षित छन" भनी व्यक्ति गरेका छन् ।

- अमर गिरी (युगचेतना, साप्ताहिक वर्ष ७ अंक ८ २०४६ जेष्ठ २२ आइतबार) बाँच्ने रहर २०४५ "पुस्तक समीक्षा" मा उहाँका सवै कथाहरूलाई मसिनरी पढ्दा प्रेमसँग सम्बन्धित भन्दा असम्बन्धित कथाहरू बढी गह्रुङ्गा भए जस्ता लाग्छन्'', भने समीक्षा गरेका छन् ।
- लेखक संघ दाङ जूनमामा (वालगीत / कविता संग्रह) २०६५ 'प्रकाशकीय' शीर्षक मार्फत उत्कृष्ट बालसाहित्यले बालबालिकाहरूको कोमल हृदयमा राष्ट्रियता सामाजिक

सद्भाव एवं नैतिक आत्मिक मूल्य र मान्यता प्रतिको आस्थाजस्ता उदात्त भावनाहरू रोपण गर्नुका साथै व्यक्तित्वको सर्वतोमुखी विकासमा समेत सार्थक भूमिका खेल्न सक्छन्, भन्ने कुरा लेखिएको छ ।

- उत्तमकृष्ण मजगैँया- जूनमामा बारे दुई शब्द २०६५ मार्फत विभिन्न जीवजन्तु, कीटपतङ, विभिन्न वस्तुहरू र स्थानविशेषको परिचय कविता वा गीतकै माध्यमबाट सरल र सहज तरिकाले दिइएको छ । बाल-पाठकहरूले रुचिपूर्वक यो पुस्तक पढ्दापढ्दै ख्यालख्यालमै आफूले देखे चिनेका वा नचिनेका नौला स्थान, वस्तु, जीवजन्तु र कीटपतङहरूको सहजै परिचय प्राप्त गर्नुका साथै उनको ज्ञानमा पनि वृद्धि हुन जाने निश्चित छ भनी भनेका छन् ।
- डा. कृष्णराज डी.सी. (गणतन्त्र राष्ट्रिय दैनिक -वर्ष २ अंक २०३ -२०६६ साउन १६ गते शुक्रबार) "बाँच्ने रहर भित्रको रहर" अन्तर्गत रही पुस्तक समीक्षा गर्ने क्रममा नित्यानन्द शर्माका कथाहरूमा विषयवस्तुको विविधता राष्ट्रवाद चेतना, पलायन प्रति पश्चाताप, परम्पराप्रतिको विरोध, ग्रामीण सामन्तवादको विरोध, सुधारवादी चेतना र किशोर किशोरीहरूलाई सामाजिक दुर्घटनाबाट बचाउने रहर जागेको पाइन्छ । खासगरी लागू पदार्थको दुर्व्यसनमा लागेको एक किशोरमा जागेको बाँच्नेरहर नै यस कथा संग्रहले दिएको "सकारात्मक सन्देश वा सुधारवादी चेतना हो" भन्न सकिन्छ, भनी आफ्ना भनाई व्यक्त गरेका छन् ।
- गिरिराज शर्मा (नयाँ युगबोध राष्ट्रिय दैनिक, वर्ष २३ अंक १४४, २०६६, भदौ २०) "नित्यानन्द शर्माको बाल कोशेली जूनमामासँग रमाउँदा" शीर्षकमा - सामान्य शीर्षक गहन कुराहरू दिएर बालबालिकालाई रमाउँदै, गाउँदै र खेल्दै गर्दा कृति पढी सिध्याएको थाहै हुँदैन । शीर्षकैपिच्छे समावेश गरिएका तस्बिरले गीत, कवितालाई बुझ्न थप सहयोग पुऱ्याएको छ । बालबालिकालाई धन्यवाद दिनै पर्छ बाल चित्रकार अभिमन्यू खनाललाई पनि भनेका छन् ।
- माधवा रेग्मी - "दाङ जिल्लाका कथाकार र तिनका कथा संग्रहको अध्ययन" २०६६ मा कथा साहित्यका क्षेत्रमा परिमाणात्मक नभई गुणात्मक योगदान दिन सफल नित्यानन्द शर्मा एक उल्लेख्य प्रतिभा हुन् भनी उल्लेख गरेकी छिन् ।

यसरी नित्यानन्दको साहित्यिक कृतिहरूका बारेमा भएका पूर्वाध्यायनलाई हेर्दा उनको समग्र साहित्यिक साधना र प्रकाशित कृतिहरूको चर्चा परिचर्चा मात्र भउको देखिन्छ। त्यसैले प्रस्तुत शोध पत्रमा नित्यानन्द शर्माको समग्र जीवनी, व्यक्तित्व र साहित्यिक कृतित्वको अध्ययन गरिएको छ।

## १.७ शोधकार्यको औचित्य र महत्व

वि.स.२०२५ देखि औपचारिक रुपले साहित्य लेखन शुरु गरेका शर्माका बारेमा पूर्व अध्येताहरूले दिएका सूचना र संकेत पर्याप्त देखिदैंनन्। व्यवस्थित र विस्तृत अध्ययन पनि भएको पाइँदैन अतः सर्वप्रथम उनको समग्र व्यक्तित्व र कृतित्वको सुव्यवस्थित र तथ्यपरक अध्ययन गरिने हुँदा नेपाली साहित्यमा क्षेत्रमा ओझेलमा परेका प्रतिभाहरूको योगदानका बारेमा सम्पूर्ण अध्ययेताहरूलाई जानकारी हुने भएकाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण देखिन्छ। साथै उनका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूलाई पनि मार्ग निर्देशन हुने देखिन्छ।

## १.८ शोधकार्यको सीमाङ्कन

मानिसको जीवन नै जीवनमा घट्ने घटनाको समिश्रण हो। त्यसमा पनि साहित्यकारहरूको जीवनमा विविध घटनाहरू घटित भएका छन्। यस शोधमा नित्यानन्द शर्माको जीवनमा घटित सम्पूर्ण घटनाहरूको विस्तृत चर्चा नगरी उनको जीवनीको महत्पूर्ण घटनाहरूको मात्र चर्चा गरिएको छ। साथै शर्मा बहुमुखी व्यक्तित्व भएकोले विस्तृत चर्चा गर्न सम्भव नभएकोले कथाकार शर्माको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रही यो शोध पत्र तयार पारिएको छ।

## १.९ शोध विधि

यो शोध पत्र तयार गर्नका लागि निम्न प्रकारका सामग्री संकलन गरिएको छ।

क) यस शोधपत्र तयार पार्ने क्रममा शर्माको जीवनीपरक अध्ययनका लागि उनको जन्म स्थानका सम्बन्धित नातेदार इष्टमित्र बन्धुवान्धवहरू तथा साथीभाइहरूका साथै

आवश्यक अन्य व्यक्तिसँ प्रश्नावली र अन्तर्वार्ता विधिलाई अपनाई यथोचित जानकारी लिइएको छ ।

ख) यस शोधकार्य द्वितीय स्रोतको रुपमा विभिन्न पुस्तक, पत्र पत्रिकाहरू तथा पुस्तकालयको अध्ययन गरी सामग्री संकलन गरिएको छ ।

सामग्री विश्लेषण :- यस शोध पत्रमा शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका क्रममा जीवनीपरक समालोचना पद्धति अँगाली कृति पक्षको विवेचना चाहिँ वर्णनात्मक र विश्लेषणात्मक समालोचना एवम् विधागत सैद्धान्तिक ढाँचाका आधारमा गरिएको छ । यसै गरी उनको योगदानको समेत चर्चा गरिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपको संरचनालाई सुसंगठित र व्यवस्थित रुपमा प्रस्तुत गर्नका लागि यस अध्ययनलाई निम्न परिच्छेदमा विभाजित गरिएको छ ।

क) पहिलो परिच्छेद :शोध परिचय

ख) दोस्रो परिच्छेद : कथाको सैद्धान्तिक स्वरुप

ग) तेस्रो परिच्छेद : नित्यानन्द शर्माको जीवनी, व्यक्तित्व र साहित्यिक कथा यात्राको अध्ययन

घ) चौथो परिच्छेद : नित्यानन्द शर्माको कथाको अध्ययन र विश्लेषण

ङ) पाँचौ परिच्छेद : नेपालाी साहित्यमा शर्माको योगदान, उपसंहार र निष्कर्ष

शोधपत्रको अन्त्यमा सन्दर्भसामग्री सूची र परिशिष्ट खण्डमा साहित्यकार नित्यानन्द शर्मासँग लिइएको लिखित अन्तर्वार्ता समावेश गरिएको छ ।

# दोस्रो परिच्छेद

# कथाको सैद्धान्तिक स्वरूप

## २.१ कथाको सैद्धान्तिक परिचय

### २.१.१ कथाको व्युत्पत्ति

पूर्वीय साहित्यिक मान्यताका आधारमा कथा शब्दको उत्पत्तिलाई मोटामोटी रुपमा हेर्दा यस प्रकार रहेको देखिन्छ । 'कथ्' धातुमा 'आ' प्रत्यय गाँसिएर 'कथा' शब्दको व्युत्पत्ति भएको हो । कथा शब्द संस्कृत भाषाबाट रुपान्तरित हुँदै नेपाली भाषाको प्रचलनमा आएको तत्सम शब्द हो । संस्कृत भाषाको नियम अनुसार 'कथ्' धातुमा अ प्रत्यय गाँसिएर 'कथ्' शब्द बन्दछ भने उक्त 'कथ्' शब्दमा 'आ' (टाप) प्रत्यय गाँसिएर कथा शब्दको निर्माण भएको हो । यसरी 'कथ्' धातुको पछाडि 'नु' प्रत्यय जोडिदा कश्नु शब्दको अर्थ कल्पना गर्नु वा रचना गर्नु भन्ने बुझिन्छ । कतिपय विद्वानहरूका अनुसार 'कथ्नु' शब्दको अर्थ कुनै कथित घटनालाई कहनु वा वर्णन गर्नु हो जुन कथिएको घटना वा वर्णनको एउटा निश्चित परिणाम पनि हुन्छ यसरी 'कथ्नु' क्रियापदबाट नै कथा नामपदको व्युत्पित्ति भएको कुरा बुझ्न सकिन्छ । यस शब्दको शाब्दिक अर्थ कुनै कुराको कथन गर्ने वा भन्ने काम हो ।

कथा विभिन्न समयमा विभिन्न नामले प्रचलित भएको पाइन्छ । आजभोलि विभिन्न आधुनिक आर्य भाषाहरूमा कथाको अतिरिक्त किस्सा, कहानी, गल्प, कुराकानी, वर्णन, कथन, वृतान्त इत्यादि शब्दहरू प्रचलनमा आएका छन् । ती मध्ये केही कथा गल्प र कहानी नै कथाको पयार्यवाची रुपमा प्रचलित छन् । आधुनिक आर्य भाषाहरूमा कथाको प्रचलन सबैभन्दा पहिले बंगाली भाषाबाट भएको कुरा पूर्वीय साहित्यको अध्ययनबाट स्पष्ट हुन्छ । जुन 'गल्प' को समानार्थी हिन्दी भाषाको कहानी र नेपाली भाषाको कथा नै आज प्रचलित कथा बनेर रहेको छ । अङ्ग्रेजीको सर्टस्टोरीको शब्दानुवाद आर्य भाषाहरूमा लघुकथा वा छोटो कथा हो तर आजभोलि लघु र छोटो कथा कथा नै नभनी कथा नै भन्दछौ । आधुनिक कथाको नामाकरण कथाको जन्म भने ईशाको १९औं शताब्दीको दोस्रो दशकदेखि मात्र भएको हो ।[1] अमेरिकाली लेखक नेथानियन हर्थन आजका कथाको जन्मदाता मानिन्छन् तापनि 'एडगर एलेन पो' नै आधुनिक कथाको सिद्धान्त प्रतिपादन गर्ने पहिलो व्यक्ति हुन् भन्ने इतिहासकार मान्दछन् ।

---

१. महादेव अवस्थी, **कथाको सैद्धान्तिक स्वरुप नेपाली कथा भाग ३,** (काठमाडौं : साझा प्रकाशन), पृ.४ ।

पूर्वीय साहित्यमा प्राचीन कथाको गहकिलो परम्परा हुँदाहुँदै पनि हाल प्रचलित आधुनिक कथा भने पश्चिमी साहित्यमा प्रचलित सर्टस्टोरी कै प्राप्ति हो भन्न सकिन्छ । यसरी के स्पष्ट हुन्छ भने नेपाली साहित्यमा प्रचलित कथा 'कथा' शब्द पाश्चात्य साहित्यमा प्रचलित सर्टस्टोरी कै पर्यायवाची शब्द हो ।

### २.१.२ कथाको परिभाषा

साहित्यका विभिन्न विधाहरूमध्ये कथा अति लोकप्रिय गद्यविधा हो । पूर्वीय तथा पाश्चात्य जगत्मा प्राचीनकालदेखि नै आफ्नो अस्तित्व कायम गर्दै आएतापनि हिजोआज जसलाई कथा भनिन्छ । त्यसको जन्म १९ औ शताब्दीको दोस्रो दशकमा आएर मात्र भएको पाइन्छ । कथा हालको अवस्थाको अत्यन्त प्रचलित तथा लोकप्रिय गद्यविधा हो सामान्यत : यो विधा  पनि अन्य विधा झै समयको अन्तरालसगैं परिवर्तन हुँदै आएको पाइन्छ । जसले गर्दा साहित्यका विद्वानहरूले अन्यविधा झै कथाको पनि स्रैद्धान्तिक मानदण्ड तयार पारेका छन् । यसै सन्दर्भमा समीक्षकहरूका साथै स्वयम् कथा स्रष्टाहरूले समेत यसलाई परिभाषित गर्ने क्रममा आ-आफ्ना धारणा वा प्रतिक्रियाहरू व्यक्त गरेका छन् । यस विधाको जन्म पश्चिमबाट भएको र त्यहीका विद्वानहरूबाट यस विधालाई परिभाषित गर्ने काम पनि भएको पाइन्छ । कथाका प्रमुख केही परिभाषाहरू यस प्रकार छन् ।

आधुनिक कथाकार वा कथाका जन्मदाता 'एडगर एलेनपो' ले दिएको परिभाषा बढि उल्लेखनीय रहेको छ । उनी भन्छन्- कथा भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक बसाइमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैँमा पूर्ण हुन्छ ।[२] यसरी एलेन पाल कथामा प्रभावान्वित हुनैपर्ने कुरामा जोड दिएका छन् । जसलाई अत्यन्त महत्वपूर्ण  मानिन्छ ।

एच. जी. वेल्सले पनि कथाको लघु आकारमाथि जोड दिंदै 'यो २० मिनेटजतिमा पढेर सिध्याउन सकिने हुनुपर्छ' भनेका छन् ।[३]

---

२. दयाराम श्रेष्ठ, नेपाली कथा भाग ४ (काठमाडौ : साझा प्रकाशन, २०५७), पृ.७ ।
३. ऐजन् ।
४. ऐजन् ।

अर्का विद्वान आर. के. लागू भन्दछन्- "आधुनिक कथा एक चेतनशील साहित्यिक प्रयास हो यो एउटा चलाखीपूर्वक योजना गरिएको कलात्मक उपलब्धि हो ।" यसमा कथालाई एक कलाका रुपमा मान्ने आग्रह राखिएको छ ।

उपर्युक्त परिभाषाहरूका अतिरिक्त एच. आर्य. विट्स जो फास्टर, फाउलेन चेखोव पनि आआफ्नो दृष्टिकोणबाट कथालाई हेरेका छन् । हिन्दी साहित्यकार प्रेमचन्द्रले दिएको परिभाषा यस प्रकार छ ।

"कथा एउटा यस्तो रचना हो जसमा जीवनले कुनै एउटा अंग वा कुनै एउटा मनोभावलाई प्रदर्शित गर्नु नै लेखकको उद्देश्य भएको हुन्छ । यसका पात्र, यसको शैली, यसको कथाविन्यास सबैले त्यही एउटै भावको पुष्टि गर्दछन् । उपन्यासमा झैं यसमा मानव जीवनका सम्पूर्ण तथा बृहत् रुप देखाउने प्रयास गरिँदैन न त यसमा उपन्यास झैं सबै रसहरूको सम्मिश्रण रहेको हुन्छ । यो एउटा रमणीय बगैंचा होइन जसमा थरी-थरीका फूलहरू बेलबुट्टा सजिएको हुन्छ । तर यो यस्तो गमला हो जसमा एउटै मात्र बोटको माधुर्य समुन्नत रुपमा देखा पर्दछ ।"[५] यस परिभाषा अनुसार प्रेमचन्द्रले पनि कथामा प्रभावान्वितिलाई महत्वपूर्ण मानेको देखिन्छ । कथालाई गमलाको फूलको बोटसँग तुलना गरेर उनले वास्तवमा कथामा पाइने संक्षिप्तता र प्रभावकारितामाथि विशेष जोड दिएका छन् ।

लक्ष्मीप्रसाद देवकोटाले पनि कथालाई एउटा सानो आँखि झ्यालसँग तुलना गर्दै लेखेका छन्- छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ .......थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो ... यो जतिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरु छँदै छैन कि भन्ने जस्तो लाग्छ । यसैमा सबै रस निकाल्न सकिन्छ....... यसमा कला छ...... यसको ढंग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा हुन्छ । देवकोटाले कथालाई एक स्वत : पूर्ण एवम् प्रभावकारी विधाका रुपमा लिएका छन् ।

यसरी अर्का समालोचक रत्नध्वज जोशीले लेखेका छन् । "कथामा मानिसको त्यस्तो अवस्थाविशेषको अभिव्यञ्जना खास गरी हुन्छ जसबाट त्यस पात्रको स्वभाव अथवा कुनै एक प्रवृत्ति विशेषको परिचय पाठकले पाउँदछन् ।"[६] नेपालीकै अर्का समालोचक डा. ईश्वर बरालको धारणा यस्तो छ । "एकोन्मुख प्रभाव उत्पन्न गरेर केवल एक उद्देश्यको प्राप्ति नै

---

५. ऐजन्, पूर्ववत्, पृ. ८ ।
६. ऐजन् ।
७. ऐजन् ।

इष्टार्थ हुनाले कथा एक प्रमुख पात्रको जीवनको कुनै अंगको र त्यस जीवनसम्बन्धी कुनै एक मुख्य घटना वा भावदशाको मात्र उद्घाटन गर्छ ।"[७] यी दुवै कथा समालोचकहरूले यस विधाको सीमाको साथै कलात्मक लक्ष्यलाई खुवै राम्ररी प्रष्ट्याएका छन् ।

माथिका विभिन्न परिभाषामा समीक्षकहरूले आआफ्नै दृष्टिकोण अनुसार कसैले आयाममा कसैले कलात्मकतामा त कसैले प्रभावान्वितमा जोड दिएका छन् । यसरी कथासम्बन्धी गरिएका विभिन्न परिभाषा र टिप्पणीलाई हेरेर निचोडमा कथाको परिभाषालाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

कथा वास्तवमा विचार तथा भावना सञ्चालन गर्ने एउटा यस्तो आख्यानात्मक गद्य कला हो, जसले आफ्नो सानो आयतनलाई सुन्दर आकार प्रकार प्रदान गरेर त्यसमा जीवन वा समाजको एकपक्षको सजीव चित्र कोर्दछ ।

### २.१.३ कथाका तत्व

साहित्यका विभिन्न विधाहरूमध्ये कथा विधा आख्यान साहित्य अन्तर्गत पर्ने स्वतन्त्र र लोकप्रिय गद्य विधा हो जसले गर्दा कथाका पनि आफ्नै ढाँचामा विधागत तत्वहरू रहेका हुन्छन् । विभिन्न तत्वहरूको समूचित समायोजनबाट नै कथाले आफ्नो आकार तय गरेको हुन्छ । जसरी फूलको रचना विभिन्न तत्व मिलेपछि हुन्छ । त्यो सुन्दर र आकर्षक देखिन्छ । कथाका संरचनामा आउने तत्वहरूको बीचमा आश्रित सम्बन्ध रहेको हुन्छ र तिनलाई एक अर्काबाट छुट्याएर हेर्नु युक्तिपूर्ण हुँदैन ।

कथाको पूर्ण संरचनाका लागि आवश्यक तत्वहरूका सम्बन्धमा विद्वानहरूको बीच मतऐक्यता पाइँदैन तापनि कथाका तत्वहरूका रुपमा निम्नतत्वहरूलाई प्रस्तुत गर्न सकिन्छ ।

क. कथानक  ख. पात्र वा चरित्र

ग. उद्देश्य/ सारतत्व  घ. परिवेश

ङ. दृष्टिविन्दु  च. भाषाशैली

छ. विम्ब र प्रतीक  ज. संवाद वा कथोपकथन

झ. गति र लय  ञ. द्वन्द्व

ट. कौतुहल

उपर्युक्त तत्वहरूमध्ये कथानक, चरित्र वा पात्र, उद्देश्य, दृष्टिविन्दु, परिवेश र भाषाशैली प्रमुख तत्व हुन् भने विम्ब र प्रतीक, गति र लय, कौतुहल, द्वन्द्व र संवाद सहायक तत्व हुन् यी मध्ये प्रमुख तत्वहरूको क्रमश : चर्चा गरिन्छ ।

### २.१.३.१ कथानक

कथानक कथाको महत्वपूर्ण तत्व हो । कुनै कथामा कथावस्तुको सघनरुप हुन्छ भने कुनै कथामा (कथानक) कथावस्तुको क्षीण रुप हुन्छ । कथामा घट्ने घटनाहरूको योजनावद्ध ढाँचा नै कथानक हो । कथानकमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् कुनै पनि कथामा कथानकको प्रधानता भएमा त्यस्तो कथालाई घटना प्रधान कथा भनिन्छ । कथानक विषयका आधारमा सामाजिक, धार्मिक, पौराणिक, ऐतिहासिक, यथार्थवादी आदि जस्ता विभिन्न प्रकारका हुन्छन् ।

कथाकन रैखिक र वृत्ताकारीय गरी दुई प्रकारको हुन्छ । कुनै पनि कथामा घटनाहरूको संयोजन गर्दा शुरुदेखि अन्त्यसम्म कथानकको क्रमबद्धता विचलन पनि आउन सक्छ । कथानकमा आएका विभिन्न घटनाक्रमलाई अगाडि बढाउँदै लैजाँदा त्यसले रेखाको रुपमा शुरु, मध्य र अन्त्यलाई जोड्दछ भने रैखिक ढाँचाको कथानक भनिन्छ । जुन कथानकमा आएका विभिन्न घटनाक्रम अगाडि बढ्दै जाँदा विभिन्न क्षेत्रमा विचरण अन्तिममा पहिलेकै विन्दुमा आउँछ भने त्यस्तो कथानकलाई वृत्तकारीय ढाँचा भनिन्छ । कथानकका तीन भाग आदि, मध्य, अन्त्य र पाँच अवस्था प्रारम्भ, संघर्ष, विकास, चरमोत्कर्षक ह्रास वा उपसंहार हुन्छन् । जसमध्ये कथानकको आदि भागमा प्रारम्भ, संघर्ष र विकास, मध्यभागमा चरमोत्कर्ष र अन्त्य भागमा ह्रास वा उपसंहार पर्दछन् ।

यसप्रकार आधुनिक कथाका समीक्षकहरूले कथाका विभिन्न तत्वहरू मध्ये कथानकलाई महत्वपूर्ण उपकरणका रुपमा स्वीकारेका छन् तर अहिलेका अत्याधुनिक कथामा भने कथानकको झिनो संकेत मात्र पाइन्छ । मनोवैज्ञानिक कथाहरू घटना प्रधान नभई चरित्रप्रधान हुन्छन् । जसले गर्दा यस्ता कथामा कथानक सूक्ष्म रुपमा रहेको हुन्छ । त्यस्तै अकथाको रुपमा लेखिएका कथामा पनि कथानकको महत्व ज्यादै कम हुन्छ तापनि कथामा कथानकलाई जे जसरी जुन अवस्थामा प्रयोग गरेपनि यो कथाको अनिवार्य तत्वको रुपमा रहेको हुन्छ त्यसैले कथावस्तु वा कथानक कथाको महत्वपूर्ण तत्व मध्ये एक हो ।

### २.१.३.२ पात्र चरित्रचित्रण

कथामा सहभागीका रुपमा देखिने व्यक्तिहरूलाई चरित्र वा पात्र भनिन्छ । पात्रहरूले नै कथालाई उर्जा प्रदान गर्ने भएकाले यो अङ्ग विना कथाको संरचनाको कल्पना नै गर्न सकिँदैन । कथानकका लागि आवश्यक पर्ने उपकरणहरू क्रियाव्यापार र द्वन्द्व को प्रत्यक्ष सम्बन्ध पात्रसँग नै हुन्छ । त्यसैले कथामा पात्र (चाहे मानव पात्र होस् अथवा चाहे मानवेत्तर) भन्नासाथ अभिप्रेरणा र स्थिरता कसीमा सफल भएको हुनु अति आवश्यक छ । कथाकारले पात्र रुपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्राङ्कनलाई खूबै ध्यान दिएको पाइन्छ ।[८] पात्रकै माध्यमबाट समाज, संस्कृति, रहनसहन, रीतिरिवाज आदिको चित्रण सम्भव हुन्छ ।

कथाका पात्र वा चरित्रहरूलाई विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ । कार्यका आधारमा पात्रहरू प्रमुख सहायक र गौण र गरी तीन वर्गका हुन्छन् । कथामा सबै भन्दा बढी काम गर्ने प्रमुख पात्र हुन्छ भने त्यसभन्दा घटी कार्य मूल्य भएको पात्र सहायक र ज्यादै थोरै कार्य मूल्य भएको पात्र गौण हुन्छ । स्वभावका आधारमा पात्रहरू अनुकुल र प्रतिकुल गरी दुई प्रकारका   हुन्छन् । कथामा सकारात्मक भूमिका निर्वाह पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल हुन्छ । स्वभावगत आधारबाट हेर्दा पात्रलाई स्थिर र गतिशील गरी दुई किसीमले वर्गीकरण गर्न सकिन्छ । कथाको सुरुदेखि अन्त्यसम्म स्वभाव, आचरण र कार्यशैलीमा कतैतिर हलचल नगरी एउटै किसिमको कार्यव्यापारमा प्रस्तुत हुने पात्रहरू स्थिर हुन् भने कार्य व्यापारबाट कुनै घटनाले प्रभावित  भई आफ्ना सिद्धान्त, मान्यता आचरणमा समयानुकूल परिवर्तन भई प्रस्तुत हुने पात्रहरू गतिशील हुन् । आबद्धताका आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । जसमध्ये बद्ध पात्रलाई कथाबाट बाहिर निकाल्दा कथाको संरचना खलबलिन्छ भने मुक्त पात्रलाई कथानाक वा मथावस्तुले महत्वपूर्ण स्थान नदिएकाले तिनलाई झिक्दा कथानकमा खासै असर पर्दैन ।

उल्लेखित पात्रहरू बाहेक जीवनलाई सजिलै बुझ्न सकिने आदर्शमा अडेका पात्रहरू च्याप्टा पात्रहरू हुन् भने जीवनलाई जटिल रुपले भोग्ने र क्षण क्षणमा विशेषता परिवर्तन गरी

---
८. ऐजन् ।

कथानक नै रोमाञ्चपूर्ण बनाउने पात्रलाई गोला भनिन्छ । जतात‍तै उही रुपले ग्रहण गर्न सकिने पात्र सार्वभौम हुन्छ जसका क्रियाकलापमा वातावरणमा अवरुद्ध हुँदैनन् ।

यी विभिन्न कुराहरूलाई नियालेर हेर्दा यो भन्न सकिन्छ कि पात्र वा चरित्रमा स्वभाविकता, सजीवता हुनुपर्दछ । पात्र वा चरित्र प्रभावकारी वा सजीव भयो भने मात्र कथा पनि राम्रो हुन्छ । त्यसैले पात्र वा चरित्र चित्रण कथाको महत्वपूर्ण तत्व मध्ये एक हो ।

### २.१.३.३ परिवेश

कथाका विभिन्न तत्वहरू मध्ये परिवेश पनि एउटा महत्वपूर्ण तत्व हो । जसले देश, काल र वातावरणलाई जनाउँछ । कथावस्तुका घटना र  पात्रसँग सम्बन्धित देशले स्थान, कालले समय र वातावरणले देश र कालको जानकारी गराउँछ ।  परिवेश अन्तर्गत समय विशेष र स्थान विशेषको चालचलन, रीतिस्थिति, आचार व्यवहार, भेषभुषा, सोचाइ, अनुभव र रहनसहन आदि पनि पर्दछन् । उपर्युक्त कुराहरू कथामा बढी महत्वपूर्ण भएमा स्थानीय रंगको जन्म भई कथा आञ्चलिक बन्दछ । कुनै पनि कथाका कथावस्तुका घटना र पात्रहरू कुनै निश्चित  ठाउँका र कुनै खास समाजका र तिनका चरित्रले त्यस ठाउँका समाजका निश्चित युगको  वातावरणलाई  व्यञ्जित गरेको पान्छ । कथाका पात्रको व्यक्तित्व, परिवार, पारिवारिक, पृष्ठभूमि, समाज, सामाजिक मूल्य र मान्यता, प्रकृति, ऋतु र  अन्य भौगोलिक विशेषता देखि लिएर पात्रको क्रियाकलाप घट्ने पृष्ठभूमि, भाषा,भाषिका, व्यक्तिबोली आदि कुरा परिवेशद्वारा प्रभावित हुन्छन् । पात्रका समय र स्थानको स्थापित गर्नु आवश्यक भएकोले कथाकालागि परिवेश पनि महत्वपूर्ण तत्व हो ।

### २.१.३.४ उद्देश्य

उद्देश्य कथाको महत्वपूर्ण तत्व हो उद्देश्यविहीन कल्पनानै व्यर्थ छ । कथाकारले कथाका माध्यमबाट पाठकसामु प्रस्तुत गर्न खोजेको सन्देश नै  उद्देश्य नै  हो । अथवा कुनै पनि कथाले कथामार्फत भन्ने देखाउने प्रस्तुत गर्ने  जीवन चिन्तन वा सार पक्ष नै कथाको उद्देश्य हो । उद्देश्यलाई सारवस्तु वा सारतत्व पनि भन्ने गरिन्छ । कुनै कथा कृति पढि सकेपछि समग्रमा हामी त्यसमा जुन भावार्थ वा अभिप्राय पाउँदछ, त्यही नै सारवस्तु वा

उद्देश्य हो ।[९] कथाको उद्देश्य मूलत : नीति चेतना, सुधारवादी भावना, यथार्थवोध, मनका विभिन्न भावहरूको वर्णन, आनन्द आदि हुन सक्दछन् ।

कुनै पनि कथाकारले विना उद्देश्य कथा सिर्जना गर्न सक्दैन किनकि उद्देश्य कथाको केन्द्रिय पक्ष हो । विभिन्न विचार दृष्टिकोण भएका कथाकारले आ-आफ्नै विचार र दृष्टिकोण अनुसार कथाको उद्देश्य निर्धारण गरेका हुन्छन् । कथाकार त्यसबेला सफल कथाकार हुन्छ । जसबेला उसले आफूले दिन खोजेको कुरा वा उद्देश्य कथा मार्फत सफलरुपमा पर्दछ । यस दृष्टिकोणले उद्देश्यलाई कथाको अनिवार्य एवम् महत्वपूर्ण मान्न सकिन्छ ।

## २.१.३.५ दृष्टिविन्दु

कथामा कथयिताले कथा प्रस्तुत गर्ने क्रममा आफूलाई उभिन वा बस्नलाई रोजेको ठाउँ दृष्टिविन्दु हो । कुनै एउटा विषयमा कथावस्तुको कल्पना गरिसकेपछि । कथाकारसामु के प्रश्न आउँछ भने कल्पित पात्रलाई कुन स्थामा राखेर त्यस कथालाई एउटा ठोस आकार वा संरचना प्रदान गर्ने ? यस प्रश्नको समाधान नै दृष्टिविन्दुले गर्दछ । यसरी दृष्टिविन्दुका माध्यमबाट कथा भन्ने को हो र कसले कथा भनिरहेको छ भन्ने कुरा स्पष्टसँग छुट्याउन सकिन्छ । यस अर्थमा दृष्टिविन्दु कथानकमा कथाकार उभिने ठाउँ हो भनेर भन्न सकिन्छ ।

दृष्टिविन्दु आन्तरिक र वाह्य गरी दुई प्रकारका हुन्छन् । आन्तरिक दृष्टिविन्दु अन्तर्गत प्रथम पुरुष (म, हामी) पर्दछ भने बाह्य दृष्टिविन्दु अन्तर्गत तृतीय पुरुष (उ, उहाँ आदि) पर्दछ । प्रथम पुरुष दृष्टिविन्दुलाई केन्द्रिय र परिधीय गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । भने तृतीय पुरुष दृष्टिविन्दुलाई सर्वदर्शी, सीमित र वस्तुपरक गरी तीन भागमा वर्गीकरण गरिन्छ । यसरी कथामा दृष्टिविन्दु पात्रको जीवन्ततामा र विश्वासनियतामा निहित हुन्छ । यसले कथाकारलाई उसको उद्देश्य प्राप्तिमा सफल बनाउँछ ।

## २.१.३.६. भाषाशैली

कथा प्रस्तुत गर्ने माध्यमलाई भाषा भनिन्छ । यो कथका निम्ति नभईनहुने तत्व हो । भाषा विचार संप्रेषण गर्ने माध्यम हो भने भाषालाई अभिव्यक्ति गर्ने तरिका वा पद्धति नै

---

९. ऐजन्, पृ. १२ ।

शैली हो । भाषा कुनै वस्तुको आवरण हो भने त्यस आवरणको प्रकार नै शैली हो । भाषाकै माध्यमबाट कथावस्तुको विस्तार तथा पात्रहरूको चारित्रिकरण र तिनका कार्यव्यापारको उद्घाटन गरिन्छ । भाषा विचारको तत्कालीन यथार्थ हो । भाषा सरल, जटिल तथा प्रतिकात्मक विभिन्न किसिमका हुन्छन् । साहित्य भनेको भाषाको सौन्दर्यपूर्ण प्रयोग हो भने कुनै पनि कथामा सम्बन्धित भाषाका शब्द, शब्दावलीको एवम् वाक्य ढाँचाको सौन्दयपूर्ण प्रयोग हुनु वाञ्छनीय छ र त्यो प्रयोग नै सो कथाको भाषाशैली रोचक, आकर्षक एवम् प्रभावकारी हुन्छ । भाषा अभिव्यक्तिको माध्यम भएकाले भाषा जति राम्रो हुन्छ । अभिव्यक्ति पनि त्यत्तिकै राम्रो हुन्छ । भने भाषालाई मिठासयुक्त बनाउने काम शैलीले गर्दछ । भाषाशैली बिना कथाले पूर्णता पाउन सक्दैन तसर्थ यो कथाको महत्वपूर्ण तत्व हो ।

### २.१.३.६ निष्कर्ष

एउटा सिंगो शरीरका लागि विभिन्न अंगहरूको आवश्यकता परे झैं एउटा सिंगो कथाका लागि पनि उपर्युक्त तत्वहरूको आवश्यकता पर्दछ । माथि उल्लेखित तत्वहरूका अतिरिक्त विम्ब र प्रतिक, गति, लय, कौतुहुल र द्वन्द्वलाई पनि कथाका तत्वका रुपमा मानिन्छ । यि तत्वहरूको कथा निर्माण आ-आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ तापनि कथावस्तु, कथानक, चरित्र वा पात्र, परिवेश, उद्देश्य सारतत्व, दृष्टिविन्दु र भाषाशैली कथाका प्रमुख तत्व हुन् भने अन्य तत्वहरू सहायक तत्वहरू हुन् भन्न सकिन्छ ।

## २.१.४ नेपाली कथाको विकासक्रम

साहित्यका विविध विधामध्ये कथा एउटा लोकप्रिय एवम् पुरानो विधा हो । कथा लिपिको विकास हुनुपूर्व सुन्ने र सुनाउने परम्परामा हुर्कंदै आएको पाइन्छ । कथाको सुरुवात मानव सृष्टि र सभ्यताको विकासक्रमसँगसँगै भएको हो । अनादि कालदेखि मानव समाजमा मनोरञ्जन, बसिवियाँलो, उपदेश आदिका प्रसंगमा कथा भन्ने सुन्ने परम्पराको थालनी भएको पाइन्छ । लोककथा र दन्त्य कथाबाट सुरुभएको कथा युग, प्रकृति र मानव परिवेश - अनुरुप समय बित्दै जाँदा यसले पनि गतिशिलता पाउँदै गयो । जसको परम्परा लिपि र मुद्रणको विकास हुनु भन्दा पहिले कथ्यमा सीमित थियो । मानवीय जीवनमा सुख : दुखका अनुभव र अनुभूति उमङ्ग र सम्वेदनाहरूले आख्यानात्मक स्वरुप पाएपछि कथाको जन्म

भएको हो । यही अवधारणाले पूर्वीय तथा पाश्चात्य कथा साहित्यमा पृष्ठभूमिको काम गरेको छ ।

नेपाली कथाको लिखित  प्रारम्भ विन्दु विकास र आधुनिकतासम्मको यात्रालाई हेर्ने हो भने संस्कृत भाषाबाट अनुवादित विभिन्न कथाबाट शुरु गरी हालसम्मका कथासम्म पुग्नुपर्ने हुन्छ । कथाको विकास प्रक्रियामा साहित्यको मूलस्रोतमा रुपमा रहेका वेदहरूलाई पनि छुट्याउन मिल्दैन । यसरी नेपाली कथाको  विकासक्रममा संस्कृत भाषा, साहित्य र वैदिक साहित्यको ठूलो हात रहेको प्रष्ट हुन्छ । तापनि वर्तमानको नेपाली आधुनिक कथा भने पाश्चात्य साहित्यबाट प्रभावित र पोषित रहेको छ ।

पूर्वमा कथा साहित्यको लामो परम्परा हुँदाहुँदै पनि नेपाली कथाको लिखित परम्परा भने वि.स. १८०० देखि नेपाली कथा साहित्यमा लिखित परम्पराको प्रारम्भ हुन्छ । यही समयलाई प्रारम्भ विन्दु स्वीकार्दै विभिन्न समीक्षकहरूले नेपाली कथा साहित्यको विकासक्रमलाई विभिन्न कालखण्डमा विभाजन गरेका छन् । नेपाली कथको इतिहासलाई हालसम्मको अवधिलाई तीन कालखण्डमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

क) प्रारम्भिक कालखण्ड (वि.स. १८००-१९५७)

ख) माध्यमिक कालखण्ड (वि.स.१९५८- वि.स. १९९१)

ग) आधुनिक कालखण्ड (१९९२ - हालसम्म)

### २.१.४.१  प्रारम्भिक कालखण्ड (वि.सं. १८०० - वि.सं. १९५७)

नेपाली कथाको यो कालखण्ड मूलरुपमा संस्कृत आख्यान परम्पराकै अनुगमन हो भनेतापनि नेपाली कथाको प्रारम्भिक रुप पत्ता लगाउन निकै गाह्रो देखिन्छ । यस अवधिलाई लोक कथाको प्रारम्भिककाल पनि भनिन्छ । नेपाल अधिराज्यको एकीकरण अभियानसँगै थालिएको नेपाली साहित्यको लिखित युगमा कथात्मक साहित्यको आरम्भ भएको पाइन्छ तापनि हालसम्म कथात्मक स्वरुप भएका रचनाको लेखन विन्दु थाहा हुन् ।  पत्ता लाग्न सकेको अवस्था छैन । हाललाई प्राप्य सामग्रीका आधारमा सत्सँगको वर्णन भएको कथाहा र 'राजप्रपंचैको व्यहोराको एउटा विसा' दुई खिस्साले वि.स.१८०० तिर लिखित पाएको अडकल गरिएको छ । उपलब्ध सामग्रीका आधारमा यिनलाई नै प्रथम रचना मानिएको छ । जस

अन्तर्गत पहिलो खिस्सामा अलौकिक पात्र र दोस्रोमा पशुहरूको चरित्रचित्रण गरिएको छ । यसपछि वि.सं. १९५८ मा गोरखापत्र प्रकाशनपूर्व सिर्जित प्रकाशित आख्यानात्मक कृतिहरू नेपाली कथा साहित्यको प्रारम्भिक कालखण्ड अन्तर्गत पर्दछन् । यस कालखण्डमा मौलिक कथाहरू रचना गरेको पाइँदैन । यस अवधिमा जति कथाकृतिहरू देखापरे ती सबै अनुदित र अनुवाद गरेको पाइन्छ । मूलत : यस कालखण्डमा संस्कृत भाषा नै आदि स्रोतको रुपमा रहेको थियो । तापनि अंग्रेजी, हिन्दी, उर्दु भाषाका कृतिहरू पनि यदाकदा अनुवाद गरिएको थियो । वि.सं. १८२७ मा शक्ति बल्लभ अर्यालले नेपालीमा रुपान्तरण गरेको महाभारत विराटपर्व हितोपदेश मित्रलाभ (१८३३), हास्यकदम्ब (१८५५), पीनासको कथा (१८७२), दशकुमार चरित (१८७२) लगायत दर्जनौ आख्यानमुलक अनुदित कृतिहरू यस अवधिमा प्रकाशित भएका पाइन्छन् । नेपाली कथाको यो प्रारम्भिक कालखण्ड संस्कृत आख्यान परम्पराकै अुनसरण र अनुगमन गर्दै वितेको छ । यसरी यस प्रारम्भिक कालखण्डमा कुनै पनि मौलिक कथा र कथाकारहरू देखिदैनन् । यस चरणका कथाहरूमा काल्पनिक उडन्ते, रहस्यमयी  कथावस्तु  पात्रको बाहुल्यता नीति र उपदेशप्रति  समर्पित, कौतुहलताको आग्रह र अलौकिकलाई प्राथमिकता दिइएको  पाइन्छ भने गद्यमा पद्यको समिश्रण गर्ने परम्परा पनि यस कालखण्डको प्रमुख प्रवृत्ति हो ।

### २.१.४.२  माध्यमिक कालखण्ड (वि.सं. १९५८-वि.सं. १९९१)

वि.सं. १९५८ मा गोखापत्रको प्रकाशनसँगै नेपाली कथा साहित्यको माध्यमिक कालखण्डको शुरुवात भएको मानिन्छ । यस कालका कथाहरूको प्रकाशनमा गोरखापत्रको विशिष्ट योगदान रहेको पाइन्छ । नेपालभित्र र बाहिरबाट साहित्यिक पत्रकारिताको परम्परा प्रारम्भ भएर एउटा निश्चित दिशालिनु, चेतनाको अभिवृद्धिले गर्दा लेखकहरूमा विधागत सचेतता आउनु, चिन्तनको दायराविस्तृत हुँदै जानाको परिणामस्वरुप मौलिक सृजना तर्फ प्रेरित हुनु, युगीन स्थितिप्रति सक्रिय सहभागिता लिनु । यस कालमा   पूर्ववर्ती अनुवाद परम्परा प्राय : समाप्त भई मौलिक लेखनतर्फ सचेष्टता बढेको, साहित्यिक पत्रकारिताको क्रोडमा नेपाली कथाले परम्परागत लेखनशैलीलाई क्रमिक रुपमा त्यागी नयाँबाटोको खोजी गर्ने तरखरका साथ एउटा निश्चित गति लिने अवस्थामा पुगेको, क्रमिक विकासका सन्दर्भमा कलात्मक सचेततासमेत देखा पर्न थालेको परिप्रेक्ष्यमा आधुनिकताको आधान हुने आधार

तयार भएको र नेपाली कथामा आएको गतिलाई परिलक्षित गर्ने सूचकहरूमध्ये एक 'कथामा विविधता' अन्तर्गत सामाजिक चिन्तन समेत सक्रिय भएको देखिन्छ ।

नेपाल बाहिरबाट क्रमश : माधवी (१९६८), 'गोर्खाली' (१९७२), 'चन्द्रिका' (१९७४), 'राजभक्ति' (१९८३) आदि पत्रिकाहरूको प्रकाशनबाट नेपाली कथाको विकासक्रममा सघाउ पुऱ्याए तापनि देहरादूनको 'गोरखा संसार' (१९८३) ले गरेको योगदान ज्यादै महत्वपूर्ण रह्यो । आदर्श र नीति उपदेशलाई यस काललले पनि स्वायत्त गरेको छ तापनि सामाजिक र मानवीय मूल्यलाई एउटा निश्चित तरंग दूरीबाट हेरिएको हुँदा मौलिकता र प्रभावकारिता दृष्टिले यो कालखण्ड महत्वपूर्ण रह्यो । विशेषत : यस काललले पुरानो शैली र परम्परामा जकडिएको नेपाली कथालाई स्वतन्त्र बनाएर पाश्चात्य कथा शैलीसँग आवद्ध हुने आधार तयार पाऱ्यो । साथै यस कालखण्डमा प्रेस, मुद्रण तथा प्रकाशन, लेखन, पाठकीयता, चिन्तन आदिको क्षितिज उघ्रेकाले कथाको सृजना र विकासका लागि अनुकूल वातावरण निर्माण भयो ।

### २.१.४.३ आधुनिक कालखण्ड (वि.सं. १९९२ - हालसम्म)

नेपाली कथा क्षेत्रमा मध्ययुगीन भावुक आदर्शवादी प्रवृत्तिको पूर्ण परित्याग गरी नेपाली समाज,जीवन र परिवेशलाई आत्मसात गर्ने, नयाँ मूल्य र मान्यता प्रदान गर्ने प्रवृत्तिका सामाजिक यथार्थवादी कथाको प्रस्तुतीसँगै आधुनिक कालखण्डको सुरुवात भएको पाइन्छ । नेपाली कथामा आधुनिकता भित्र्याउने कामको सम्पूर्ण श्रेय वि.सं. १९९१ देखि प्रकाशित शारदा पत्रिकालाई दिन सकिन्छ । त्यसैले यस पत्रिकाको जन्मसँगै कथाको माध्यमिककाल समाप्त र आधुनिककाल आरम्भ भएको हो । माध्यमिक कालिन लेखनमा देखापरेको सस्तो भावुकता, तिल्स्मी, उडन्ते, काल्पनीकता, विधागत सचेतताको कमी, पाठकलाई नैतिक बोझ बोकाउने र मनोरञ्जनात्मकता जस्ता अद्‌भूत प्रवृत्तिका कथाको संरचना भन्दा भिन्न संरचना, नवीन शिल्पशैली र नवीन चेतना अगाल्दै समयअनुरुपको सामाजिक विषयवस्तु समेटेर वि. सं.१९९२ को शारदा पत्रिकामा गुरुप्रसाद मैनालीको नासो कथा प्रकाशनसँगै नेपाली कथाको आधुनिक कालखण्डको प्रारम्भ भएको हो ।

वि. सं. १९९२ सालदेखि अहिलेसम्मको समयलाई नेपाली कथाको आधुनिक कालखण्ड मानिन्छ । यही बीचको समयमा देशका विभिन्न पक्षहरूमा उतारचढाव भएका छन् ।

जसबाट अलग्गिन कथा  विधा सकेको देखिदैन । फलस्वरुप कथा विधाले अहिलेको  अवस्था सम्म आइपुग्दा विभिन्न मोड र प्रृत्तिलाई आत्मसाथ गर्दै अगाडि बढेको देखिन्छ । यिनै प्रवृत्तिका आधारमा आधुनिक कालखण्डलाई निम्नलिखित प्रकारले वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

(क) प्रथम चरण (वि.सं. १९९२ - वि.सं. २०१९)

(ख) द्वितीय चरण (वि.सं. २०२० - वि.सं. २०३९)

(ग)  तृतीय चरण (वि.सं. २०४० - हालसम्म)

### २.१.४.३.१.  प्रथम चरण (वि.सं. १९९२ - वि.सं. २०१९)

आधुनिक कालखण्डको प्रथम चरण अन्तर्गत वि.सं. १९९२ देखि वि.सं. २०१९ सम्मको  अवधिलाई मानिन्छ । यस समयमा विशेष गरी यथार्थवादी प्रवृत्तिको बढी प्रस्तुति पाइन्छ । यस यथार्थवादी धारा अन्तर्गत पनि सामाजिक यथार्थवादी  धारा मनोवैज्ञानिक यथार्थवादी धारा र समाजवादी यथार्थवादी धारा र समाजवादी, यथार्थवादी वा प्रगतिवादी धाराहरू समाहित भएका छन् ।

(क) सामाजिक यथार्थवादी धारा

आधुनिक नेपाली कथाको इतिहासमा आधुनिक काल को अधिष्ठापन नै सामाजिक यथार्थवादबाट भएको हो । कथाकार गुरुप्रसाद मैनाली यस धाराका प्रथम अधिष्ठाता भएकाले उनलाई प्रथम आधुनिक कथाकार मानिएको हो । उनको यथार्थवादी दृष्टिकोण विस्तार आदर्शवादसम्म भएको हुँदा आदर्शोन्मुख  यथार्थवाद मैनालीको मूल प्रवृत्ति भएको देखिन्छ । वि.सं.१९९१ देखि उनको अवतरण भएयता करिब तीन दशकको समयावधि सम्मै यो परम्परा जीवन्त रुपमा क्रमश : विकसित हुँदै भएको पाइन्छ । यस धाराका अन्य कथाकारहरू हुन् - पुष्करशमशेर, बालकृष्ण सम, इन्द्र सुन्दास, पूर्णदास श्रेष्ठ, हृदयचन्द्रसिंह प्रधान, रुपनारायण सिंह, शिवकुमार राई, शंकर कोइराला, दौलतविक्रम विष्ट, लीलबहादुर क्षेत्री आदि ।[१०]

यस धाराका कथाहरूमा ग्रामीण जीवनमा घट्ने घटनालाई यथार्थ रुपमा चित्रण गरिएको पाइन्छ । समाजमा  निम्नवर्गले भोग्नु  परेका  समस्या, वेदना, पीडा, नारीहरूको  दयनीय

१०. ऐजन्, पृ. २७।

अवस्था र तिनीहरूले देखाएको त्याग, आदर्श, निम्नवर्गले भोगेको संकट, आर्थिक संघर्ष, सांस्कृतिक मूल्य र मान्यतालाई पनि यस धाराका कथाले समेटेका छन् । सामाजिक परिवेशको यथार्थ चित्रण गरेर आदर्शको जलप लगाई आदर्शकै सन्देश विस्तारित गर्नु यस धाराको महत्वपूर्ण विशेषता हो ।

यसरी नेपाली आधुनिक आधुनिक कथाको सामाजिक यथार्थवादी धारा प्रथम चरण देखि शुरु भई हालसम्म पनि विभिन्न प्रकारले देखापर्दै आएको छ । यस धाराका कथाहरूले सामाजिक यथार्थको धरातलमा उभिएर आदर्श समाजको निर्माणमा जोड दिएको पाइन्छ ।

(ख) मनोवैज्ञानिक यथार्थवादी धारा

नेपालीकथाको ऐतिहासिक विकासक्रममा 'आधुनिककाल' को स्थापना सामाजिक यथार्थवादबाट भयो भने यसलाई सघन रुप दिने र भित्रदेखि शक्तिशाली बनाउने अथवा सशक्तिकरण गर्ने काम मनोविज्ञानवादबाट भयो । आधुनिक नेपाली कथा साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धारा वि.सं.१९९२ 'शारदा' पत्रिकामा विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' कथा प्रकाशन पछि प्रारम्भ हुन्छ । कोइराला नै यस धाराका प्रथम अधिष्ठाता हुन् । यस धाराका अन्य कथाकारहरू हुन् - भवानी भिक्षु, तरिणी प्रसाद कोइराला, गोविन्द गोठाले, विजय मल्ल, केशवलाल कर्माचार्य, देवकुमारी थापा, पोषण पाण्डे, प्रेमा शाह आदि ।[११]

यस धाराका कथाहरूमा चेतन र अचेतन मनका बीचको द्वन्द्व, यौन जन्य संवेदना र अनुभूति, व्यक्ति मनका गूढ रहस्यहरू उद्‌घाटन गर्नु, बालमनका गहिराई खोतल्नु, नैराश्यता, विकृति, आक्रोश जस्ता मानवीय संवेगलाई केलाउनु नै यस धाराका कथाको विशेषता मानिन्छ ।

(ग) समाजवादी यथार्थवादी वा प्रगतिवादी धारा

वि.सं. २००६ मा गरीब कथा लिएर रमेश विकलको आगमन पश्च्यात आधुनिक नेपाली कथा साहित्यमा प्रगतिवादी धाराको प्रारम्भ हुन्छ । जुन बेला राजनीतिक व्यवस्था

---

११. ऐजन्, पृ. २७ ।

नै जनविरोधी भएकाले कथाकारले आफूभित्रको जनवादी चेतनालाई लुकाउन बाध्य हुनुपरेकाले मार्क्सवादी साहित्य - चिन्तनलाई सोभ्कै व्यक्त गर्न सकेनन् तापनि गरीबीको कारणले उब्जेका जटिल मानवीय समस्या शोषकवर्गको अन्याय र अत्याचारबाट पीडित निम्नवर्गको मानिसहरूको दयनीय स्थिति सामन्ती संस्कारको सिकार बनेर नारकीय जीवन विताउन विवश निम्न-मध्यमवर्गको पीडा आदिलाई यस धाराका कथाकारहरूले व्यक्त गरेको पाइन्छ । यस धाराका अन्य कथाकारहरू हुन् - डी.पी. अधिकारी, भवानी घिमिरे यज्ञ प्रसाद आचार्य, बालकृष्ण पोखरेल, तारानाथ शर्मा कृष्णप्रसाद सर्वहारा चुडामणि रेग्मी, जगदीश नेपाल आदी ।[१२]

प्रगतिवादी नेपाली कथाको विकास प्रक्रिया हेर्दा यसको संवर्द्धन र विकासमा विभिन्न संघसंस्था तथा पत्रिका र पुस्तक प्रकाशनले महत्वपूर्ण टेवा पुऱ्याएको पाइन्छ । यो धारा नेपाली कथा साहित्यमा निरन्तर रुपले वि.सं. २०१७ को राजनैतिक परिवर्तन सम्म तीव्र गतिमा विकसित भएको पाइन्छ । त्यस पश्चात यो धाराले केही शिथिलता प्राप्त गरे पनि हालसम्म जीवितै रहेको पाइन्छ ।

### २.१.४.३.२ द्वितीय चरण (वि.सं.२०२०- २०३९ सम्म)

वि.सं. २०२० देखि २०३९ सम्मको समय नेपाली कथाको आधुनिक कालखण्ड अन्तर्गत पर्ने दोस्रो चरण हो । जुन समयमा प्रयोगवादी धारा सबलरुपमा देखा पऱ्यो ।

**प्रयोगवादी धारा**

आधुनिक नेपाली कथाको वि.सं. २०२० देखि नयाँ धाराको थालनी भयो जसलाई नवयुग वा प्रयोगवादी धारा भनिन्छ । वि.सं.२०१७ सालमा नेपालमा भएको राजनैतिक परिवर्तन पश्चात चेतनाको लहर आदिले गर्दा यस चरणका कथाकारहरूले परम्परागत लेखन अस्वीकार गरी विषयवस्तु र कथा शिल्पको निर्माणमा नवीनता दिएका छन् । दार्जिलिङबाट सुरु भएको जीवनलाई लम्बाई र चौडाई (चेप्टो) मात्र नहेरी (लम्बाई चौडाई र गहिराई) सम्पूर्णतामा हेर्ने आग्रह गर्ने तेस्रो आयाम (२०२०) ले नेपाली कथामा नवयुग वा प्रयोगवादी धाराको शुरुआत गरेको हो भने यस धाराका अधिष्ठापक इन्द्रबहादुर राई हुन् । कथा लेखन यस परम्पराको स्थापनाद्वारा नेपाली कथाहरूको आकृति बदलियो, मान्यता फेरियो र नयाँ परिभाषामा कथाहरूलाई हेरियो । यसरी कथाका सम्पूर्ण परम्परागत मूल्यहरू विघटित भए ।

१२. ऐजन्, पृष्ठ २९ ।

यसको स्वरुप पाश्चात्य संसारको अझ निकट पुग्यो र अब समालोचकहरूले अकथा अथवा 'कथानकहीन कथा' को कुरा गर्न थाले ।

यस चरणमा सक्रिय भएका विभिन्न साहित्यिक आन्दोलनहरूले यस धारालाई फलाउने फूलाउने कार्यमा मद्दत गरेका छन् । यस धाराका अन्य कथाकारहरू हुन् - परशु प्रधान, ध्रुवचन्द्र गौतम, शैलेन्द्र साकार मनु ब्राजाकी, ध्रुव सापकोटा, पारिजात, भाउपन्थी, विश्वम्भर चञ्चल, विनयकुमार कसजू, भागीरथी श्रेष्ठ, अनिता तुलाधार, मोहनराज शर्मा, सनत रेग्मी, सन्तोष भट्टराई, कविताराम, मञ्जु काँचुली, गोपाल पराजुली, किशोर पहाडी, अशेष मल्ल, महेश प्रसाई, गोविन्द गिरी प्रेरणा, सीता पाण्डे, मधुवन पौडेल आदि । उल्लेखित कथाकारहरूले प्रयोगवादसँग आवद्ध कथाहरू लेखी यस धारालाई जतिसक्दो अगाडी बढाउने काम गरेको पाइन्छ ।

यसरी प्रयोगवादी धारा परम्परागत मूल्यमान्यतालाई भत्काउँदै नयाँनयाँ मूल्यमान्यताका साथ कथा लेख्दै अगाडि बढेको देखिन्छ ।

### २.१.४.३.३ तृतीय चरण (वि.सं. २०४० - हालसम्म)

वि.सं. २०४० देखि हालसम्मको समयलाई आधुनिक नेपाली कथाको तृतीय चरणको रुपमा लिइन्छ । जुन चरणमा समसामयिक धाराको प्रयोग भएको पाइन्छ ।

(क) समसामयिक धारा

आधुनिक नेपाली कथामा समसामयिक धारा अन्तर्गत रहेर वि.सं. २०४० देखि कथा लेखन शुरु हुन्छ । यो धारा परम्परागत मूल्यमान्यताका तुलनामा नयाँ  भएर देखापरेको छ । समसामयिक धारा अन्तर्गत रहेर कथालेख्ने कथाकारहरूले स्वैर कल्पनालाई एउटा शैली बनाएर जीवन मूल्यलाई भावना र भावुकतामा नभई तार्किक विचारको कोणबाट तौलने काम गरे । वि.सं.२०३६ को विद्यार्थी आन्दोलन, जनमत संग्रहको घोषणा वि.सं २०४६ को ऐतिहासिक  आन्दोलन, र प्रजातन्त्रको पुन : प्राप्ति  अभिव्यक्तिमा देखिएका स्वन्त्रताले कथाका क्षेत्रमा पनि नवीनतताको सूत्रपात गऱ्यो । यस धाराका कथामा जीवनका सामयिक मूल्यलाई  स्थापना गर्ने, सामाजिक संरचनामा प्रचलित विकृति र विसंगतिलाई विरोध गर्ने, मानवीय चरित्रमाथि जोडिने आएका अमानवीय चरित्रको निराकरण गर्ने जस्ता  प्रवृत्तिहरू

रहेका देखिन्छन् । भने यसधाराका कथाकारहरूमा - मोहनराज शर्मा, शैलेन्द्र साकार, इन्द्रबहादुर राई, नारायण ढकाल, रामहरि पौडेल, प्रेमा शाह, गोपाल पराजुली, परशु प्रधान, पारिजात, सनत रेग्मी, गोविन्द गिरी आदि रहेका छन् ।

वि. सं. २०४६ सालको जनआन्दोलन पश्चात नेपाली समाजमा देखिएका आर्थिक, सामाजिक, राजनैतिक जस्ता परिवर्तनले नेपाली कथा विधालाई अछुतो राखेको पाइँदैन । विभिन्न राजनैतिक परिवर्तन पश्चात आएको विकृति, विसंति  र भ्रष्टचार तथा पार्टीगत स्वार्थका कारणले कथाकारहरू निस्सार र निरस बन्न पुगेको देखिन्छ । प्रजातान्त्रिक मूल्य धरासयी भएको र समाजको विभिन्न पक्षमा देखिएको विकृतिले कथाहरूमा नैराश्यपन भित्रिएको पाइन्छ यस्तै देशभरि भएका विसंगत पक्षलाई आफ्नो  विशेषता बनाउँदै कथा अगाडि बढेको छ ।

### २.१.४.४ निष्कर्ष

नेपाली कथाका विकासक्रमलाई तीन चरण - प्राथमिक कालखण्ड, माध्यमिक कालखण्ड, र आधुनिक  कालखण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । प्राथमिक कालखण्डको शुरुवात वि.सं. १८०० देखि शुरु भएर गोरखापत्रको प्रकाशन (१९५७) हुँदासम्म रहन्छ । गोरखापत्रको प्रकाशन पश्च्यात माध्यमिककालको प्रारम्भ भई शारदा पत्रिकामा प्रकाशित नासो (१९९२) कथा प्रकाशन पाश्च्यात माध्यमिक कालखण्डले विट मारी आधुनिक कालखण्डको प्रारम्भ हुन्छ । आधुनिक नेपाली कथाले वर्तमान अवस्थासम्म आइपुग्दा विभिन्न चरणहरू पार गरेको देखिन्छ । आधुनिककाल खण्डलाई पनि तीन चरणमा विभक्त गरिएको छ । त्यसमा पनि प्रथम चरण अन्तर्गत सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी, सामाजिक वा प्रगतिवादी जस्ता धाराहरू देखिएका छन् भने द्वितीय चरणमा प्रयोगवादी र तृतीय चरणमा समसामयिक धारा देखापरेको छ । प्रथम चरणका तुलनामा तृतिय चरणमा कथाले गुणात्मक तथा संख्यात्मक रुपमा जुन गति लिनु पर्थ्यो त्यो हुन सकेको अवस्था छैन किनकी यी दुई चरण विभिन्न आरोह-अवरोहका साथ अहिलेसम्म पनि  नवीन -नवीन मूल्यमान्यताका साथ अगाडि बढिरहेको छ ।

# तेस्रो परिच्छेद

# नित्यानन्द शर्माको जीवनी, व्यक्तित्व र साहित्यिक यात्राको अध्ययन

## ३.१ कथाकारको जीवनी

कुनै पनि व्यक्तिको जीवन भोगाइलाई क्रमवद्ध रुपमा प्रस्तुत गर्नु नै जीवनी हो ।[1] कुनै पनि व्यक्तिको जन्मदेखि मृत्युसम्मका विभिन्न घटनाहरूलाई यथार्थपरक र प्रमाणिकताका आधारमा क्रमवद्ध गर्नु नै जीवनीको मर्म भएकाले कुनै पनि विधामा जीवन प्रदान गर्ने व्यक्तिको जीवनी तयार गर्नपर्ने हुन्छ ।

### ३.१.१ जन्म र जन्मस्थान

नित्यानन्द शर्माको जन्म वि.सं. २००९ साल चैत्र (१५ मार्च १९५३) मा घोराही न.पा. ५, अम्बापुर दाङमा भएको थियो । पिताको नामस्व. कुलप्रसाद खनाल र आमाको नाम श्रीमती लीलादेवी खनाल हो । शर्माको न्वारनको नाम पनि नित्यानन्द शर्मा (खनाल) नै हो भने राशी बृश्चिक हो ।

### ३.१.२ शिक्षा दीक्षा

घरको आर्थिक स्थिति कमजोर नभएकाले नित्यानन्द शर्मा शैक्षिक वातावरणमा हुर्कने मौका पाए । स्थायी बसोबास घोराही नगरपालिका वार्ड नं.५, अम्बापुर दाङ भएका शर्माको घर नजिकै अम्बेकेश्वरी मन्दिर अवस्थित छ । जुन मन्दिर परिषदमा एउटा पाटी थियो जहाँ बलदेव गुरुले साना बालबालिकाहरूलाई पठनपाठन गराउनु हुन्थ्यो । सोही धार्मिक परिषदमा रहेको पाटीबाट शर्माको औपचारिक पठनपाठनको शुरुवात भएको देखिन्छ भने अनौपचारिक रुपले त्यस भन्दा अगाडिदेखि नै आफ्नै स्व. पिता कूलप्रसाद खनालद्वारा घरमै क क न न को शुभारम्भ गरेको देखिन्छ । शर्माले पाटीमा गई गुरु बलदेव गौतमद्वारा अमरकोष, दुर्गा कवच र चण्डी पढ्न सिकेको देखिन्छ । पाटीघरमा पढ्ने बेलाको रमाइलो

---

[1] महेन्द्र वाग्ले, **कथाकार इन्द्रमणि 'मानव' र उनका कथाहरुको विश्लेषण**, (अ.प्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०६२) पृष्ठ ६ ।

घटना सुनाउँदै शर्माले भन्नु भयो - अम्बेकेश्वरी मन्दिर परिषदमा रहेको पाटी घरमा पढ्ने विद्यार्थीहरूका अभिभावकहरू औलोबाट बच्न वर्षातको समयमा कोट (उच्चपहाडी ठाउँ) लाग्ने हुँदा पाटीघर छ महिना घोरदौरामा पढ्नको लागि गइन्थ्यो भने छ महिना सोही मन्दिर परिषदमानै अध्ययन गरिन्थ्यो । जहाँ अध्ययन गर्दा सबै चेला वा विलार्थीहरूले कपाल काट्न पाउँदैनथे ।[२]

पाटीघरमा पढ्दापढ्दै अंग्रेजी शिक्षाको लहर चल्यो जुन शिक्षा ग्रहण गर्नका लागि कपाल छाट्नु पर्दथ्यो । जसले गर्दा कपाल काटी अंग्रेजी शिक्षा पढ्नका लागि पाटी घरमा केही समय गइसकेपछि शर्मा बाल विकास प्राथमिक विद्यालय घोराहीमा भर्ना भए । भर्ना भए पश्चात्य अंग्रेजी शिक्षामा तल्लीन भएका शर्माले वि.सं.२०१९ मा कक्षा चार सम्मको अध्ययन पूरा गरी त्यस भन्दा माथिल्लो कक्षाको अध्ययन बालविकासमा नहुने भएपछि प.प.उ. मा.वि. भरतपुरमा कक्षा पाँच देखि माथि पढ्नका लागि भर्ना भएका शर्माले त्यही विद्यालयको शुक्रबार साप्ताहिक साहित्यिक गोष्ठीले साहित्य साधना तर्फ आकर्षित गरायो । जसको प्रभाव हालसम्म रहेको छ । बरु अझ बढी इन्याङ्गीदै गएको छ । भन्नुमा अत्युक्ति नहोला ।

वि.स. २०१९ मा प.प.उ.मा.वि. मा भर्ना भएका शर्माले सोही उ.मा.वि. बाट नै वि.स. २०२४ सालमा तृतीय श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेको देखिन्छ । एस. एल .सी. उत्तीर्ण भैसकेपछि सोही उ.मा.वि. मा विहान महेन्द्र वीर विक्रम शाह इन्टर कलेज अवस्थित भएकाले शर्मा आई .ए. अध्ययनका लागि भर्ना भएता पनि त्यहाँ आई.ए. को अध्ययन पूरा हुन नपाउँदै बनारसबाट प्राइभेट आई. ए. द्वितीय श्रेणीमा उत्तीर्ण भएका शर्माले लगत्तै आगरा विश्वविद्यालय आगरामा भर्ना भए। त्यस विश्वविद्यालयबाट द्वितीय श्रेणीमा नै बी. ए. उत्तीर्ण भए ।


त्यसबेलासम्म कहिले साहित्य साधनामा, जागिरमा, पारिवारीक जीवनमा त कहिले समाज सुधारमा लागीपर्दै गरेका शर्माले वि.ए. उत्तीर्ण गरे पश्चात कलकत्ता विश्वविद्यालय कलकत्ताबाट बी. लीब. एस्सी . द्वितीय श्रेणीमा उत्तीर्ण गरी औपचारिक रुपमा आफ्नो अध्ययनलाई शर्मा बिट मार्न पुगेका देखिन्छन् । त्यस भन्दा माथि पढ्ने चाहना हुँदाहुँदै पनि

[२] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

विवाह पश्चात सन्तानहरूको जन्म हुनु तिनीहरूप्रतिको थप दायित्व बोध हुनु, महेन्द्र बहुमुखी क्याम्पस दाङमा जागीर हुनु जस्ता कारणले आफ्नो पढ्ने इच्छालाई त्यतीमै सीमित राखेता पनि स्वःअध्ययनले गर्दा उहाँको शैक्षिक धरातल फराकिलो भएको महशुस मैले उहाँसँगको प्रत्यक्ष कुराकानीमा हासिल गर्ने मौका पाए ।

### ३.१.३ पारिवारिक जीवन

नित्यानन्द शर्मा आमाको जेष्ठ सुपुत्र र पिताको माहिलो सुपुत्र हुन् । उनको बाजेको नाम टिकाराम  खनाल र बज्यैको नाम विष्णुदेवी खनाल हो । उनको विवाह वि.स. २०२६ सालमा १८ वर्षको उमेरमा १७ वर्षकी कालिकादेवीसँग भयो विवाह हुँदा शर्माले  आई. ए. सम्मको  अध्ययन पुरा गरिसकेका थिए । पारिवारिक जीवनको सहयात्रा र आफ्नो जागीरसँगसँगै शुरु गरेका शर्माको विवाह भएको तीन वर्ष पश्चात्य वि.सं. २०२९ मा प्रथम पुत्री अन्जु, वि.सं. २०४५ मा पाँचौ  पुत्री रन्जु र वि.सं. २०४६  मा छैठौं पुत्री मन्जुको जन्म भएको हो । हालको अवस्थामा चार पुत्रीहरू विवाहित छन् भने दुई पुत्रीहरू अविवाहित छन् । एक मात्र पुत्र  रत्नका रुपमा रहेका श्रवणको विवाह गर्ने तरखरमा हुनुहुन्छ । यसरी हेर्दा नित्यानन्द शर्माको परिवार ठुलो भएतापनि सबै छोराछोरीहरूले आफ्नो अवस्था अनुकूलको अध्ययन गरी जीविकोपार्जन सहजै गरेकाले पारिवारिक जीवन सुखमय भएको देखिन्छ । सबै कुराको राम्रो देखिएता पनि श्रीमती कालिकादेवीको अस्वस्थताका कारण भने आफूलाई केही चिन्तित बनाएको  कुरा मसँगको प्रत्यक्ष अन्तरवार्तामा शर्माले बताए ।


टिकाराम खनाल (बाजे)
कुलप्रसाद खनाल (बुबा)
स्व. लालमणि खनाल (दाजु)
विष्णुदेवी लामिछाने (दिदी)
नित्यानन्द शर्मा (खनाल)
सावित्रा धिताल (बहिनी)
युवता सुवेदी (बहिनी)
रीखा भण्डारी (बहिनी)
भिमकुमार खनाल (भाइ)
कृष्णकुमार खनाल (भाइ)
अरुणा (छोरी) (विवाहिता)
उर्मिला (छोरी) (विवाहिता)
यशोदा (छोरी) (विवाहिता)
अन्जु (छोरी) ((विवाहिता)
रन्जु (छोरी) (अविवाहिता)
मन्जु (छोरी) (अविवाहिता)
श्रवण (छोरा)

### ३.१.४ साहित्यिक क्षेत्रको संलग्नता

कक्षा ४ उत्तीर्ण भैसकेपछि शर्मा अगाडिको अध्ययनका लागि प.प.उ.मा.वि. मा भर्ना भए । त्यस विद्यालयमा प्रत्येक शुक्रबार साहित्यिक गोष्ठी हुन्थ्यो । सोही गोष्ठीमा अरुले कविता, गीत सुनाएको देख्दा शर्मा पनि कविता र गीत लेख्न थालेता  पनि संकोचका कारण व्यक्त गर्न नसकेका देखिन्छन् । जब शर्मा  कक्षा आठमा अध्ययनरत थिए त्यस बेला देखि विभिन्न  समूहमा आफ्ना गीत र कविता सुनाएको देखिन्छन् भने वि.स.२०२५ सालको ज्योत्सना (प.प. उ. मा.वि. भरतपुर दाङको वार्षिक मुखपत्र) पत्रिकामा विदेश नजाऊ कविताबाट छापिएबाट उनी विधिवत  रुपमा साहित्यिक क्षेत्रमा प्रवेश गरी हालसम्म निरन्तर साहित्यका विविध विधाहरूमा साधनारत रहेको पाइन्छ । समाज सेवामा आफूलाई सदा समर्पण गर्न  चाहने शर्माले  साहित्यिक क्षेत्रमा कविता, लोकगीत, बालगीत, कथा र विभिन्न भाषामा आवद्ध फिल्म डकुमेन्ट्रीहरू जस्ता क्षेत्रमा कलम चलाएका छन् ।

### ३.१.५ लेखनको प्रेरणा र प्रभाव

घरमै बाबु र अम्बिकेश्वरी मन्दिर परिसरमा गएर शिक्षा लिने प्रारम्भ गरेका शर्माले साहित्य सिर्जना प्रति ध्यान आकृष्ट नगराएको देखिन्छ । जब बालविकास प्रा.वि. घोराहीबाट प.प. उ. मा.वि. अध्ययनका लागि भर्ना भए । भर्ना पश्च्यात त्यहाँ हुने साप्ताहिक साहित्य गोष्ठी विभिन्न सहभागीहरूले गीत कविता बाचन गरेको देख्दा उनी पनि त्यसप्रति आकर्षित भई केही मात्रामा लोकगीतको संकलन गर्न थालेका देखिन्छन् । लोकगीतका साथै फाटफुट कविता लेखेता पनि संकोचका कारण व्यक्त गर्न नसकेको अवस्थामा कक्षा आठमा पढ्दा जनकवि केशरी धर्मराज थापा चौघेरा दाङमा आयोजना गरिएको बृहत साहित्य गोष्ठीमा आउँदा पहिलो पटक गीत सुनाउँदा  शर्माले थापाबाट स्यावासीका ढापहरू पाई, आउँदो समयमा अझैं लेख्ने प्रेरित गर्दा लोक, झ्याउरे गीतका साथै कविता रचना गर्न थालेको शर्माले मसँगको प्रत्यक्ष कुराकानीमा बताए । कथाका क्षेत्रमा कसैले प्रेरणा प्रदान नगरी स्वयम् आफैले गुरुप्रसाद मैनालीका कथाहरू पढेपछि तीनै कथाहरूबाट प्रभावित भई कथाको क्षेत्रमा कलम चलाएका देखिन्छन् ।

यसरी साहित्य क्षेत्रमा शर्माले विभिन्न व्यक्ति र कृतिबाट प्रभाव ग्रहण गरी साहित्य साधनामा समर्पित शर्माले यस अघिनै विभिन्न पत्र पत्रिका अतिरिक्त एक कथा संग्रह “बाँच्ने

रहर जुनमामा बालगीत प्रकाशित भैसकेको छ भने अर्को बाल गीत प्रकाशन तरखरमा जुटेका शर्मा प्रथम थारु फिल्म बुद्वानको कथा लेखन कार्य, विभिन्न शीर्षकमा आवद्ध भई स्क्रिप्ट लेखन कार्य पनि गरेको देखिन्छ । शर्माको वि.सं. २०२८ मा रेडियो नेपालमा रेकर्ड भएको जूनमामाको गीत हालसम्म पनि बजिरहन्छ । भनै शर्माकै धेरै गीतहरू सुर्खेत प्रसारणबाट स्थानीय एफ. एम. रेडियो बाट दिनहुँ जसो प्रसारित भएका पाइन्छन् ।

### ३.१.६ साहित्यिक र सामाजिक संघसंस्थासँग संलग्नता

कक्षा पाँचमा अध्ययनरत हुँदा देखि साहित्य तर्फ आकर्षित भएका शर्माले कक्षा आठमा अध्ययनरत हुँदा मात्र आफ्नो गीतलाई समूहमा प्रस्तुत गरे पश्च्यात जनकवि केशरी थापाद्वारा प्रोत्साहित हुँदा साहित्य तर्फ अँझ बढी तल्लीन हुन पुगेका शर्मा औपचारिक रुपमा वि.सं.२०२५ ज्योत्सना पत्रिकामा रचित विदेश नजाऊ कविताबाट अगाडि बढेको पाइन्छ । यसरी साहित्य साधनामा समर्पित हुँदा साहित्य उत्थानका लागि विभिन्न साहित्यिक संस्थासँग आवद्ध भएको देखिन्छ । यसका साथसाथै समाज सेवकका रुपमा आफूलाई चिनाउने शर्मा विभिन्न सामाजिक र धार्मिक संघसंस्थामा पनि आवद्ध भएको देखिन्छ । त्यसैले शर्माको साहित्यिक र सामाजिक संघसंस्थाको संलग्नतालाई यसप्रकार देखाउन सकिन्छ ।

- राप्ती साहित्य परिषद दाङको संस्थापक आजीवन सदस्य २०३४, । २०५० सालदेखि सालसम्म सचिव, हाल आजिवन सदस्य ।
- लेखक संघ दाङ- २०५२ संस्थापक, आजीवन सदस्य राप्ती साहित्य परिषदबाट प्रकाशित राप्तीदूत र लेखकसंघबाट प्रकाशित प्रवाह एकता हाम्रो चिनो, गंगा, पत्रिकाको सम्पादन । छहरा लगाएत आधा दर्जन साहित्यिक पत्रिकाहरूको सल्लाहकार
- नेपाल परिवार नियोजन संघ दाङ शाखामा २०३४ सालमा संस्थापक सदस्य, सन् १९८१ देखि १९८४ सम्म महासचिव, सन् १९९० देखि १९९५ सम्म शाखा सभापति ।
- त्रिभुवननगर जेसीज दाङमा १९८५ मा संस्थापक महासचिव, सन् १९८६ मा शाखा अध्यक्ष,सन् १९९४ मा अध्यक्षीय सल्लाहकार ।
- लेखक संघ दाङको संस्थापक, आजीवन सदस्य, कार्यसमिति‍को पूर्व सहसचिव

- राप्ती साहित्य परिषद दाङको संस्थापक आजीवन सदस्य- २०३४ एवं पूर्व सहसचिव
- अम्बापुर सिचाई योजना अम्बापुर दाङमा २०४० सालदेखि २०४५ सम्म सदस्य २०४६ देखि हालसम्म अध्यक्ष
- महिला सामुदायिक वन उपभोक्ता समूह अम्बापुरमा २०४८ देखि हालसम्म सल्लाहकार
- अम्बे सामुदायिक वन उपभोक्ता समूह अम्बापुर दाङमा २०५३ देखि हालसम्म सल्लाहकार
- त्रिभुवन विश्वविद्यालय कर्मचारी संघमा २०४९ साल देखि २०५१ सालसम्म केन्द्रिय सदस्य
- प्राथमिक विद्यालय बेलघारी अम्बापुर दाङमा विक्रम संवत २०५३ साल देखि वि.सं. २०५६ सालसम्म विद्यालय व्यवस्थापन समितीको अध्यक्ष
- वन उपभोक्ता समूह अम्बापुर दाङमा वि.सं. २०४६ साल देखि २०४७ साल सम्म अध्यक्ष
- लेखक संघ दाङमा वि.सं. २०५६ सालमा महासचिव, हाल आजीवन सदस्य
- माउन्ट भ्यू इङ्लिस बोर्डिङ स्कूल दाङको संस्थापक सदस्य
- राप्ती ऋण तथा बचत सहकारी संस्था लि. दाङमा वि.सं.२०५३ साल देखि हालसम्म बोर्ड सदस्य, हाल सचिव
- पर्यटन विकास समिति जि.वि.स.दाङको सदस्य
- सम्पादन
  - हाम्रो चिनो वार्षिक मुखपत्र – रात्री मा.वि. दाङ
  - गंगा वार्षिक मुखपत्र – गंगा मा.वि. दाङ
  - ज्योत्सना वार्षिक मुखपत्र – प.प. उ. मा.वि. भरतपुर दाङ
  - एकता वार्षिक मुखपत्र – कर्मचारी मिलन केन्द्र दाङ
  - नेपाल परिवार नियोजन संघ दाङ शाखाको स्मारिकाहरूको सम्पादन स्मारिका वार्षिक मुखपत्र –त्रिभुवन नगर जेसीस
  - त्रि.वि. कर्मचारी संघ स्मारिका - वार्षिक मुखपत्र
  - बुलेटिन त्रैमासिक – महेन्द्र बहुमुखी क्याम्पस दाङ
  - स्मारिका – द रेयूकाई नेपाल, दाङ शाखा

- o प्रवाह वार्षिक मुखपत्र – लेखक संघ दाङ

- सह-सम्पादन
  - o राप्तीका गीत, छन्दमा राप्ती, स्वर्गीय नारायण पाण्डे स्मृतिग्रन्थ–सह सम्पादन
  - o दाङका पर्यटकीय सम्पदा – सह सम्पादन
  - o दाङ क्षेत्रका महत्पूण धार्मिक तथा पर्यटकीय स्थलहरूको चिनारी-२०६३ – सम्पादन

### ३.१.७ सम्मान, पुरस्कार

औपचारिक रुपमा वि.सं. २०२५ देखि साहित्य साधनामा समर्पित शर्मालाई उनले गरेको अमूल्य योगदानला  कदर स्वरुप विभिन्न संघ संस्थाहरूबाट समय समयमा सम्मान, पुरस्कार प्रदान गरिएका छन् । जसलाई यहाँ बुँदाग रुपमा देखाइएको छ ।

- शिक्षा दिवस राष्ट्रिय पुरस्कार - २०३९ साल
- शिक्षा दिवस राष्ट्रिय पुरस्कार -२०४५ साल
- यादव साहित्यिक प्रतिभा पुरस्कार २०५० साल
- दीर्घ सेवा पदक - २०५६ साल
- बमशंकर साहित्य प्रतिभा पुरस्कार - लेखक संघ दाङ - २०५६ साल
- राष्ट्रिय अन्तर क्याम्पस दोहोरी गीत प्रतियोगिता - प्रशंसा पत्र - २०५५ साल
- उत्कृष्ट युवा कदर पत्र - द रेयूकाई नेपाल दाङ शाखा - २०५७
- द रेयूकाई नेपाल दाङ शाखा - प्रशंसा पत्र - २०५९ साल
- नवयूग नाट्य सांस्कृतिक समूह दाङ - प्रर्शसा पत्र - २०५९ साल
- राप्ती साहित्य परिषद,दाङ – कदरपत्र - २०५९ साल
- ललित साहित्य परिषद रोल्पाबाट कदर पत्र - २०६१ साल
- मध्यपश्चिमाञ्चल क्षेत्र स्तरिय दोहोरी गीत प्रतियोगिता मूल समारोह समिति दाङ कदर पत्र -२०६२ साल
- युवा रेडक्रस सर्कल, महेन्द्र बहुमूखी क्याम्पस दाङ - कदर पत्र - २०६३ साल

- दाङ व्यापारी तथा पर्यटन महोत्सव तथा मध्यपश्चिम लघु उद्यम कृषि मेला - २०६३ प्रशंसा पत्र
- बालकृष्ण शाह स्मृति साहित्य पुरस्कार- २०६५
- गौतम नगर टोल विकास संस्था घोराही दाङ - प्रशंसा पत्र - २०६५ साल
- यूरेसिया रेयूकाई १८ औं शाखा - प्रशंसा पत्र २०६५ साल
- त्रिभुवन जेसीस दाङ - प्रशंसा पत्र २०६५
- स्वर्ण महोत्सव सम्मान - २०६५ नेपाल परिवार नियोजन संघ दाङ
- जि.वि.स. दाङ कदर पत्र - २०६६ साल
- निम्न माध्यमिक विद्यालय, बेलघारी अम्बापुर दाङ - कदर पत्र - २०६७ साल
- मध्यपश्चिमाञ्चल मात्री भाषा संघ गोष्ठी तथा बहुभाषिक कवि गोष्ठी २०६८ बाट सम्मान पत्र
- भीमनन्द्र प्रतिभा पुरस्कार-२०६८ रापती समाज काठमाडौं ।

## ३.१.८ आर्थिक स्थिति

शर्माको आर्थिक मध्यम खालको छ । शर्माका छ छोरी र एक छोरी मध्ये चार छोरीको विवाह गरिसकेका छन्. भने दुई छोरी र एक छोरा गरी तीन जनाको विवाह गर्न बाँकी छ । शर्माको घर राप्ती अञ्चलको घोराही नगरपालिका वार्ड नं . ५ अम्बापुरको सिह्रानमा अत्यन्त रमणीय स्थानमा अवस्थित छ । जसको नजिकै राप्ती अञ्चलकै प्रसिद्ध मन्दिर अम्बेकेश्वरी (दुर्गा देवी) अवस्थित छिन् । जहाँ हजारौ श्रद्धालु भक्तजनहरूको घुँइचो लाग्ने गर्दछ । शर्माको घर प्रशस्त जग्गा त्यसमाथि वरीपरि कम्पाउन्ड विभिन्न कम्पाउन्ड भित्र विभिन्न जातका फलफूलका वृक्षहरू त्यसै भित्र सुन्दर टिनको छाना ईटाको गारो भएको र नजिकै पक्की गोठ अत्यन्तै स्वर्गीय आनन्दमा अवस्थित उक्त घर मलाई लाग्यो शर्माको साहित्यकै उर्वर भूमि ।

साहित्यकार शर्मा हाल महेन्द्र बहुमुखी क्याम्पस दाङमा उप लाइब्रेरियन पदमा कार्यरत छन् । उनको एक मात्र पुत्र रत्नका रुपमा रहेको श्रवण पनि एक डेढ वर्ष अघि नै लोक सेवा मार्फत प्रतिस्पर्धा गरी अधिकृत पदमा हालमा भूमिगत जल विकास परियोजना

मा कार्यरत छन् । यसरी सहजै रुपमा खान, लाउन पुग्ने जग्गा जमिन र दुई बाबु छोराको पेशा नोकरी भएकाले शर्माको आर्थिक स्थिति सबल नै देखिन्छ ।

### ३.१.९ नित्यानन्द शर्माको व्यक्तित्व

व्यक्तित्व कुनै पनि मानिसको परिचय र आभूषण दुवै हो । जब मानिसले जीवन भोगाइका क्रममा विविध प्रकारका ज्ञान, अनुभव, अनुभूति, आस्था, विश्वास, धैर्यता इत्यादीसँग आफूलाई साक्षात्कार बनाउँदै लग्दा उसको व्यक्तित्व को निर्माण हुँदै जान्छ । कुनै पनि व्यक्तिलाई झट्ट हेर्नसाथ देखिने उसको शारिरीक अवस्थाले व्यक्तिको बाह्य व्यक्तित्वको जानकारी पाउन सकिन्छ । भने उक्त व्यक्तिसँग गरिने व्यवहार र उठबसबाट व्यक्तिको आन्तरिक व्यक्तित्वको झलक पाउन सकिन्छ । अत : बाह्य र आन्तरिक गुणहरूको समष्टिगत रुप नै व्यक्तित्व हो भनेर भन्न सकिन्छ ।

### ३.१.१० शारीरिक व्यक्तित्व र स्वभाव

नित्यानन्द शमाृ ५ फूट ३ इन्च अग्ला छन् । उनको शारिरिक बनोट मध्यम खालको छ । लाम्चो नाक, आँखा तेजस्वी, तील, चामल कपाल फुलेतापनि आफूलाई आकर्षक देखाउन कपाल रङ्ग्याई कालो बनाउने साथै सुगन्धित तेलको प्रयोग गर्ने शर्मा प्राय पाइन्ट सर्ट, चस्मा लगाई सभ्य र सुसंस्कृत भेषभुषामा सजिएका हुन्छन् । छालाको जुत्ता लगाउने प्राय आफ्नो नियमीत बनि नै भएको बताउँदै वर्षा याममा पनि आफूले त्यसको प्रयोग गर्ने कुरा म सँगको अन्तर्वातामा शर्मा बताउँछन् । नित्यकर्मको रुपमा शर्मा विहानै उठी दाह्री बनाउने, स्नान गर्ने, आफूलाई दिनभर प्राय विभिन्न काममा व्यस्त राख्ने हुँदा छोटो समय योगलाई स्थान दिनेकुरा पनि शर्मा बताउँछन् । कुनै पनि नयाँ पुस्तकलाई दिलचस्पी दिइ निरन्तर रुपमा अध्ययनमा लाग्ने, पत्र - पत्रिका पढ्ने र रेडियो तथा टेलिभिजनद्वारा प्रसारित हुने समाचार ध्यान दिई सुन्ने स्वभाव भएको कुरा मसँगको अन्तर्वार्तामा उहाँका परिवार जनले बताउँछन् । लोक संस्कृतिलाई असाध्यै मन पराउने शर्मा एकान्त नभई बालबालिकाहरूका बिचमा अत्यन्तै रमाउँछन् । सरल, इमान्दार र मृदभाषी शर्मा आडम्बर रहित जीवनलाई नै सर्वोपरि ठान्दछन् । शर्मा उदार र सहयोगिका साथै स-साना बालबालिकालाई अत्यन्तै माया गर्ने र बुढापाकाहरूलाई अत्यन्तै सम्मान गर्ने स्वभाव देखिने शर्माले अरु व्यक्तिको व्यक्तित्व र योग्यतालाई अत्यन्तै कदर गर्ने गर्दछन् । सहयोगी भावना,

हसिलो अनुहार, विभिन्न क्षेत्र (साहित्य, कला, संस्कृति, समाजसेवा) को लामो अनुभव, योग्यता तथा क्षमताले उनलाई एउटा सक्षम र कर्मठ विचारका व्यक्तिको रुपमा लिन सकिन्छ ।

### ३.१.११ पेशाकर्मी व्यक्तित्व

राप्ती अञ्चलको घोराही अम्बापुर दाङमा जन्मीएका शर्माले आफ्नो पेशाकर्मी व्यक्तित्वको रुपमा सर्वप्रथम शिक्षण पेशालाई अँगालेको देखिन्छ । वि.सं. २०२३-१०-१ देखि २०२३-११-१५ सम्म ने.रा. प्र. स्कूल घोरदौरा दाङमा स्वयम् सेवक शिक्षकका रुपमा रहेका शर्मा बिचमा शिक्षण पेशलाई छाडि पुन : वि.सं.२०२७ जेष्ठ २२ देखि २०२८ श्रवण १४ गते सम्म हिमालय नि.मा.वि. जहारी चौफा रुकुममा प्रधानाध्यापकका रुपमा रहेका शर्माले वि.सं. २०२८ -१२-२८ मंशीर ६ गते सम्म बराह क्षेत्र नि.मा.वि. सेवार दाङमा र वि.सं.२०२९ माघ १० गते देखि २०३० कार्तिक मसान्तसम्म गंगा स.मा.वि. रामपुर दाङमा सहायक अध्यापकका रुपमा देखिन्छ । यसरी लामो समय शिक्षण पेशालाई आत्मसाथ गरेका शर्माको वि.सं.२०२३ देखि वि.सं.२०३० सम्म जागिरे जीवन र जागिरे स्थानमा निकै अस्थिरता र उतार चढाव आएको देखिन्छ भने वि.सं. २०३० -८-१ मा महेन्द्र बहुमुखि क्याम्पसमा लाइब्रेरियन पदमा नियुक्ति भए पश्च्यात सोहि ठाउँमा नै स्थायित्व पाएको देखिन्छ । र हालै उनी उप लाइव्रेरियन पदमा समेत आसिन भएका छन् ।

### ३.१.१२ समाज सेवी / धार्मिक व्यक्तित्व

शर्मा समाज सुधारको लागि सधैं अगाडि बढ्ने गर्दछन् । समाजमा कसैले दुःख पाएको छ भने आफूले सक्दो सहयोग गर्न सधैं तत्पर रहने गर्दछन् । समाजमा कुनै काममा अप्ठ्यारो परेमा उनले सल्लाह र सुझाव दिने मात्र नभई आफू नै त्यसकार्यमा होमीन समेत पछि नपर्ने शर्मा समाज सुधारको लागि र गाउँका प्रमुख व्यक्तिहरूसँग बसी आवश्यक सल्लाह समेत लिने र दिने कार्य गर्दछन् । समाज सेवामा नै आफूलाई आनन्दित भएको ठान्ने शर्माले विभिन्न धार्मिक कार्यहरूमा पनि हात हालेको अवस्था स्पष्ट देखिन्छ । शर्मा अम्बेकेश्वरी मन्दिर अम्बापुर दाङको संरक्षण तथा सम्बर्द्धन समीतिको लामो समय देखि सदस्य पदमा पनि आसिन भएका देखिन्छन् । भने स्वर्गद्वारी मार्ग निर्माण, आर्थोपेडिक अस्पताल, बाल अस्पताल, निर्माण सम्बन्धी श्रीमदभागवत महापुराण मूल समारोह

समीतिको सदस्य तथा उपसमितिको संयोजक भई काम पनि गरेका थिए । साहित्यकार नित्यानन्द शर्मा विश्वहिन्दु महासंघको आजिवन सदस्य तथा दाङ शाखाको उपाध्यक्ष समेत भएकाले उनको धार्मिक व्यक्तित्व स्पष्ट पार्दछ ।

### ३.१.१३ राजनैतिक व्यक्तित्व

साहित्यकार नित्यानन्द शर्माको विभिन्न व्यक्तित्वहरू जस्तै राजनितिक व्यक्तित्व पनि उत्तिकै सवल रुपमा रहेको देख्न सकिन्छ । प्रजातान्त्रिक विचारधारा राख्ने शर्मालाई वि.सं. २०३२ सालमा अराष्ट्रिय तत्वको आरोप लागि पाँच दिनसम्म थानामा थुनुवा राखेको सोहि केसमा राप्ती अञ्चलाधिस कार्यालय तुल्सीपुर दाङमा तारिक बोकी पछि सफाइ पाएता पनि सोही मुद्दाको कारण विश्वविद्यालय सेवा आयोगको अन्तर्वार्तामा प्रहरी रीपोर्टको कारण सहायक प्रसाशक पदको अन्तर्वार्तामा असफल बनाइएको । उल्लेखित कारणका बावजुत पनि वि.सं.२०५१।५२ सालमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय कर्मचारी संघको केन्द्रीय सदस्यमा प्रजातान्त्रिक समूहबाट विजय प्राप्त गरेका देखिन्छन् ।

### ३.१.१४ कवि व्यक्तित्व

शर्माको साहित्यिक यात्रा भनौ साहित्य क्षेत्रमा प्रवेशको श्री गणेश कविता विधाबाट भएको देखिन्छ । वि.सं.२०२५ सालको ज्योत्सना पत्रिकामा “विदेश नजाऊ” कविता प्रकाशित भयो र उनी यसै मार्फत साहित्यिक यात्रालाई प्रकाशनको युगमा प्रवेश गराएका छन् । यसरी साहित्य क्षेत्रमा प्रवेश गरेका शर्माले त्यो भन्दा अगावै विभिन्न फुटकर कविताका साथै विभिन्न बाल कविताहरू पनि लेखी सुनाउने गर्दथे । विशेष गरी नेपाली जनजीवनलाई यथार्थ रुपमा देखाउने लोपोन्मुख बाजाहरू, जनावरहरू, संस्कृतिहरूलाई आफ्ना कवितामा पस्कन सफल भएका छन् । कविता शीर्षकहरू यस प्रकार उल्लेख गर्न सकिन्छ ।

- मुर्चुङ्गा बाजा
- मौरी बाजा
- हार्मोनियम बाजा
- सहनाई डमरु बाजा

- पन्चेबाजा
- सारंगी
- मादल
- नरसिंगा बाजा
- खरायो
- कौवा
- चील
- स्याल
- छाता
- वर्षा
- हाम्री हजुआमा
- हाम्रा हजुरबुवा
- जुरेली चरी
- सुगा
- भालु
- बाँदर
- मयुवर
- बाघ
- चुकेमुसो
- घर
- मामाघर
- भ्यागुता
- डूँगा
- गुरुवर्ग
- सौरठी नाच

- फरसहियानाच सोरिंगे नाच
- लाखेनाच
- संया पैँया नाच
- भुमेनाच
- विरुवा हाम्रो  जीवन

उल्लेखित विभिन्न वाल कविता मात्र शर्माका कविता नभई प्रशस्त मात्रामा पत्र पत्रिकाहरूमा फुटकर कविताहरू प्रकाशित भएका छन् भने तीन दर्जन जति मुक्तक पनि प्रकाशित भैसकेका छन् ।

### ३.१.१५ एकाङ्की नाटक व्यक्तित्व

साहित्यकार नित्यानन्द शर्माले साहित्यका विभिन्न विधा मध्ये एकाङ्की नाटकमा पनि कलम चलाएका छन् । उनीद्वारा लेखिएका नाटकहरू प्रकाशित अवस्थामा नभए पनि भने प्रसारण र प्रदर्शन भने भैसकेका छन् । शर्मा हिमालय नि.मा.वि. जहारी चौफामा प्र.अ. हुँदा  वि.सं. २०२८ सालमा शिक्षाको देन नामक एकाङ्की नाटक लेखी आफैद्वारा मञ्चन गरेका शर्माले सोही नाटकलाई पुन : वि.सं.२०२९ सालमा गंगा साधारण मा.वि. रामपुर दाङमा समेत मञ्चन गराएका थिए शिक्षाको देन एकाङ्की  नाटक पश्चाात उसले 'सपना' रेडियो नाटक लेखेका छन् जुन बाल वर्ष सन् १९७५ मा रेडियो नेपालबाट प्रसारण भएको देखिन्छ ।

### ३.१.१६ सम्पादक व्यक्तित्व

नित्यानन्द शर्माले नेपाली भाषा र साहित्यको श्री बृद्धि गर्ने क्रममा स्वयम्ले साहित्य सिर्जना र प्रकाशन मात्र नगरी विभिन्न संघसंस्थाबाट प्रकाशित हुने मुख पत्र, स्मारिका तथा पत्रपत्रिकाको सम्पादन समेत गरेका छन् । जसलाई सम्पादन स्रोतका आधारमा निम्न तालिकामा देखाइएको छ ।

| क. सं. | सम्पादित पत्रिकाको नाम | सम्पादन स्रोत |
|---|---|---|
| १ | हाम्रो चिनो (वार्षिक मुख पत्र) | रात्री मा.वि., दाङ |
| २ | गंगा (वार्षिक मुख पत्र) | गंगा मा.वि. दाङ |
| ३ | ज्योत्सना (वार्षिक मुख पत्र) | प.प. उ.मा.वि. दाङ |
| ४ | एकता (वार्षिक मुखपत्र) | कर्मचारी मिलन केन्द्र दाङ |
| ५ | नेपाल परिवार नियोजन संघ दाङ शाखाको स्मारिकाहरूको सम्पादन स्मारिका (वार्षिक मुखपत्र) | त्रिभुवन नगर जेसिस् |
| ६ | त्रि.वि. कर्मचारी संघ स्मारिका | त्रि.वि.कर्मचारी संघ केन्द्रीय समिती काठमाडौँ |
| ७ | बुलेटिन त्रैमासिक | महेन्द्र बहुमुखी क्याम्पस दाङ |
| ८ | स्मारिका | द रेयूकाई नेपाल दाङ |
| ९ | प्रवाह (वार्षिक मुखपत्र) | लेखक संघ दाङ |
| १० | दाङ क्षेत्रका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरूको चिनारी | पर्यटन विकास समिती जि.वि.स. दाङ |

उल्लेखित सम्पादनका साथ साथ शर्माले दाङ विभिन्न पत्रिकाहरूमा सह सम्पादन समेत गरेका छन् ।

### ३.१.१७ खोज अन्वेषक व्यक्तित्व

बहुमुखी प्रतिभाका धनि शर्मा साहित्यको श्रीबृद्धिका साथसाथै खोज अन्वेषक जस्तो गहन कार्यमा पनि सफलता हात पारेका देखिन्छन् । जुन योगदान स्वरुप ओझेलमा रहेका विभिन्न स्थलहरू र तिनीहरूलको सम्भाव्यता बारेमा प्रकाश पारेको स्पष्ट हुन्छ । शर्माका पर्यटन वर्ष सन् २०११ को सन्दर्भमा दाङका ग्रामीण पर्यटकीय सम्पदा सम्बन्धी लेखहरू यस प्रकार छन् ।

दाङको पर्यटकीय सम्भावना - ०६७८।१७ गाउँघर सातदिने -दाङ

स्यूजाको चमेरेगुफा - ०६७९।२३ गाउँघर सातदिने -दाङ

छरछरे छहर - ०६७९।३० गाउँघर सातदिने -दाङ

| | |
|---|---|
| अम्बिकेश्वरी मन्दिर | - ०६७1०1७ गाउँघर सातदिने -दाङ |
| शिवालय मन्दिर खाडा | - ०६७1०1७ गाउँघर सातदिने -दाङ |
| नाथबाबा खाडा गोबरडिया | - ०६७1०1१४गाउँघर सातदिने -दाङ |
| बागेश्वरी मन्दिर उजा | - ०६७1०1२१ गाउँघर सातदिने -दाङ |
| कमल पोखरी, रजौरा | - ०६७1०1२८ गाउँघर सातदिने -दाङ |
| पुरन्धारा छहरा | - ०६७1११1६ गाउँघर सातदिने -दाङ |
| बल्ले पर्यटकीय क्षेत्र | - ०६७1११1२७ गाउँघर सातदिने -दाङ |
| त्रिसिद्धेश्वरी मन्दिर, तुल्सीपुर | - ०६७1१२1४ गाउँघर सातदिने -दाङ |
| धिमधिमे लेक स्यूजा | - ०६७1१२1११ गाउँघर सातदिने -दाङ |
| कृष्ण मन्दिर, अमृतपुर | - ०६७1१२1१८ गाउँघर सातदिने -दाङ |
| सवारी कोट | - ०६७1१२1५गाउँघर सातदिने -दाङ |
| राजाकोट | - ०६८1१1९ गाउँघर सातदिने -दाङ |
| सरयुको शीरस्थान र मालझाँकी गुफा | - ०६८1१1१६ गाउँघर सातदिने -दाङ |
| गणेश मन्दिर, घोराही | - ०६८1१1२३ गाउँघर सातदिने -दाङ |
| कालिका मन्दिर रामपुर | - ०६८1१1३० गाउँघर सातदिने -दाङ |
| रामजानकी मन्दिर, कोइलाबास | - ०६८1२1६ गाउँघर सातदिने - दाङ |
| सिद्ध रत्ननाथमठ, चौघेरा दाङ | - ०६८1२1२० गाउँघर सातदिने - दाङ |
| बराह क्षेत्र (बाह्रकुने ताल) | -०६८1२1१३ गाउँघर सातदिने - दाङ |
| पर्यटकको पर्खाइमा कालाचुली लेक | -०६८1३1३ गाउँघर सातदिने - दाङ |
| छिल्लीकोट र कालिका मालिका | - ०६८1३1१० गाउँघर सातदिने - दाङ |
| बौराह जनशक्ति ताल, दे.बनघुस्री | - ०६८1३1१६ गाउँघर सातदिने - दाङ |
| चमेरे गुफा, हलवार ५ मुलकोट | - ०६८1३1२४ गाउँघर सातदिने - दाङ |
| पाण्डेश्वर मन्दिर धारपानी | - ०६८1३1३१ गाउँघर सातदिने - दाङ |
| रमणीय पर्यटकीय स्थल, जखेराताल | - ०६८1४1६ गाउँघर सातदिने - दाङ |
| ऐतिहासिक रतननाथ मन्दिर, तुल्सीपुर | - ०६८1४1६ गाउँघर सातदिने - दाङ |
| नम छ वौद्ध (छोर्तेन) गुम्बाङ | - ०६८1 ४1१३ गाउँघर सातदिने - दाङ |
| पर्यावरणीय पर्यटन क्षेत्र ज्यामिरे दह | - ०६८1४1२० गाउँघर सातदिने - दा |
| जमे मस्जिद अल्सल्फीया, घोराही दाङ | - ०६८1४1२७ गाउँघर सातदिने - दाङ |

### ३.१.१८ कथाकार व्यक्तित्व र कथायात्रा

दङाली कथा, बालकविता र गीतजस्ता विधामा कलम चलाएका शर्माले कथा विधालाई प्रमुख रुचीका साथ अघि बढाएको देखिन्छ । यिनले दङाली साहित्यको कथा विधामा पहिलो कथासङ्ग्रह प्रकाशन गर्ने श्रेय प्राप्त गरेका छन् । यो नै यिनको उल्लेख्य पक्ष हो । वि.सं. २००७ साल देखि फुटकर रुपमा सीमित दङाली कथा विधालाई एउटा सिङ्गो रुप दिने कथाकारका रुपमा शर्मा परिचित छन् । यिनले फुटकर रुपमा थुप्रै कथाहरु रचेतापनि सङ्ग्रहका रुपमा एउटा मात्र कथा सङ्ग्रह 'बाँच्ने रहर' (२०४५) प्रकाशित छ । सङ्ख्यात्मक दृष्टिले एउटा मात्र कथा सङ्ग्रह (१६ वटा कथाहरु) प्रकाशन भएतापनि गुणात्मकताका दृष्टिले यो कथाकृति महत्वपूर्ण स्थापित भइसकेको छ । सरल, सहज, स्वभाविक एवम् कलात्मक भाषाशैलीका साथै समाजमा व्याप्त कथा, व्यथाहरुको चित्रणले नै उनको कथाकारिताको व्यक्तित्व उज्यालो देखिन्छ ।

कथाकार नित्यानन्द शर्माको साहित्यिक यात्र वि.सं. २०२५ सालमा ज्योत्सना पत्रिकामा रचित "विदेश नजाऊ" कविताबाट भएको थियो । बालगीत, लोकगीत लेखिसकेका शर्माले कविता विधाबाट आफ्नो औपचारिक, साहित्ययात्रा शुरु गरेतापनि गुरुप्रसाद मैनालीका कथाहरुको स्वअध्ययन पश्चात कथालेखनमा उत्साहित हुन पुगेका देखिन्छन् जसको फलस्वरुप शर्मा दाङकै साहित्यप्रेमीहरुमा पहिलो कथासङ्ग्रह प्रकाशन गर्ने व्यक्तित्व हुन पुगे । सङ्ख्यात्मक रुपमा कथाको सङ्ख्या उल्लेख नभएतापनि शर्माले जेजति दिएका छन् त्यो नै दङ्गाली साहित्यको प्रकाश बनेर रहेको छ । जुन कथाहरुलाई शीर्षक क्रमबद्धताका आधारमा यसप्रकार देखाउन सकिन्छ ।

| | |
|---|---|
| १. प्रतीक्षा | २०४२।१२।११ |
| २. प्रायश्चित | २०४४।०९।१५ |
| ३. विछोड | २०४४।०७।१० "एकता" सामयिक सङ्कलन, क.मि.के.दाङ ४५ |
| ४. अधुरोरेखा | २०४४।०९।२० |
| ५. प्रतिज्ञा | २०४४।०२।२८ |
| ६. वचनवद्धता | २०४२।१२।२२ |
| ७. क्षमा | २०४२।१२।२५ |

| | |
|---|---|
| ८. परिणती | २०४३।०१।१० |
| ९. धोखा | २०५३।११।०३ "छहरा" वर्ष ७, अङ्क ७ |
| १०. अन्तर्द्वन्द्व | २०४२।१२।१८ "छहरा" वर्ष ९, अङ्क ९ |
| ११. स्मृतिका पानाहरु | २०३६।१०।१५ "छहरा" वर्ष ६, अङ्क ६ |
| १२. बाँच्ने रहर | २०४३।०२।०७ |
| १३. आरुको बोट | २०४३।१२।१३ |
| १४. विवशता | २०६३।०३।२७ |
| १५. पछुतो | २०४५।०६।०२ |
| १६. कति बोकेर हिड्ने रित्तो जीवन | २०४५।१०।३ |

उल्लेखित १६ वटा कथाहरु सङ्कलित गरी एउटा "बाँच्ने रहर" कथा सङ्ग्रह प्रकाशन भएको लघुरुपमा कथाको विषयवस्तुलाई विस्तार गर्ने र थोरै लेखेतापनि कथाको गुणस्तरलाई सधैं अँगाल्ने कथाकार शर्मा हाल साहित्यका विभिन्न विधा, समाजसेवा, खोज अन्वेषण कार्यमा नै साधनारत छन् ।

# चौथो परिच्छेद

# नित्यानन्द शर्माका कथाहरूको विश्लेषण

## ४.१ प्रतिक्षा कथाको सन्दर्भ

प्रस्तुत 'बाँच्ने रहर' कथा संग्रहमा संग्रहित प्रथम कथा हो । यस कथामा आर्थिककारणले परिवालाई छोडि प्रदेश गएको लालचनको आउने प्रतिक्षामा बसेका भुन्टी र भुन्टीको आमा (तुलसी) को पर्खाइलाई स्पष्ट रुपमा प्रस्तुत गरिएको छ । नेपाली समाजमा भएको बाध्यात्मक परिस्थितिलाई वास्तविक रुपमा पस्किएकाले यो कथा सामाजिक याथर्थवादी दृष्टिमा निर्देशित छ ।

### ४.१.१ कथानक

बा कहिले आउँछन् आमा ? दशै मान्न आउँछन् प्रत्येक वर्षको दशैं आइपुग्दा नपुग्दै भुन्टीको यही प्रश्न आमा तुलसी सामु दोहोरिन्छ । पाँच हिँउद र वर्षा अनि दसैं वितिसके तुलसी अनि भुन्टी दुवै प्रतिक्षामा छन् । किनकी परदेश जाँदा लालचनले दशैंमा आइपुग्ने वचन  वद्धता दिएको थियो ।

अघिल्ला वर्षहरूका दशैंमा झैं यसपटकको दशैंमा तुलसीले चोखनीध गरी जमरा राखेकी छ, बलीका लागि भाले साची राखेकी छ । नवदुर्गा लागिसकेकोले भरिया साथमा ल्याई लाहुरेहरू आउने क्रम जारी छ । त्यो हुलमा आफ्नो पतिलाई नियाल्ने काम तुलसी गर्दैछ । फूलपाति आयो अरु परदेशीहरू ठाँटिएर हिँडेकाछन्, सबैको घरमा उमंग आएको छ तर लालचन आएको छैन । अष्टमीका दिन त आइपुग्छन कि भन्दै छोरीसँग रमाइला कुरा गर्दै रात बिताउने चेष्टा गरीरही बिहान भयो, दिन ढल्यो तर लालचन आएन, जमरा ओइलायो तुलसीको आशा बिलयो ।

इन्द्रबीरको घर पहाडमै भएपनि एकमानाको बन्दोबस्त राम्रै थियो । आफ्नो रोजीरोटीका लागि अर्काको घर धोक्रो थाप्नु पर्दैनथ्यो । विभिन्न व्यक्तिले तराईको उब्जा र आयस्ता बारे गफ गर्दा इन्द्रबीरलाई पनि केही संचित गरी तराई किन्ने रहरले पिरोली रहेको थियो । त्यसैले इन्द्रबीर ठेक्कापट्टाको काममा लागे । पहिले २-४ हजार कमाएकाले

ठेक्काको कामलाई अझ बढाए तर अफाप सिद्ध भयो, त्यसको घाटा पूर्ति गर्न खेत बेचे, पाखा बेचे, भएको सुनचाँदी पनि, तैपनि सपना साकार भएन । चिन्ताले गर्दा दमको व्यथाले च्यापी केही सम्पत्ति लालचनलाई सुम्पी परमधाम भए ।

इन्द्रबीरको मृत्युपछि सम्पूर्ण अभिभारा लालचन माथि पऱ्यो । गाउँको सभा, भाइजुटानमा समेत इन्द्रबीरको चाला जस्तै होलानी विचार राखी काम गर्नुपर्छ भन्ने बखान चल्यो । बाबुको जस्तो स्वभाव भएकोले बाबुले बेचेको जग्गा फिर्ता गराउने सोचले आफू परदेश जाने, तुलसीले भुन्टी र घरको जिम्मा लिने कुरा भयो ।

दशै आयो सबैको घरमा कुखुरा, बोका र खसी काटिए । दशमीको दिन तुलसीले लालचनसँग टीका थापी आफू घरमा नभएपनि सुखदु:ख सहेर घर धानी, भुन्टीलाई स्याहार गरी बस्ने अर्ती दियो भने आउने दशैमा छोरी र श्रीमतीलाई नयाँ नयाँ लुगाहरू लिएर आउने आशा दिलायो । रात पऱ्यो विभिन्न कुराहरू गर्दै केही निदाउँदै रात काटे, बिहान भयो, कूल देवतासँग बिदा मागी लालचन निस्क्यो ।

दुई दिनको लामो हिडाइपछि लालचनले रेल समात्छ, भारत पुग्छ । हृष्टपुष्ट, फुर्तिलो जवान लालचनलाई भर्ती हुन बेर लाग्दैन । को जान्न सक्छ विधिको विडम्वनालाई, छिट्टै नै लालचन युद्धमा जानुपर्ने हुन्छ, जानको लागि तालिममा समावेश हुन्छ । लालचन युद्धमा जानुपर्ने हुन्छ, जानको लागि तालिम समावेश हुन्छ । लालचन युद्धमा बहादुरीका साथ लड्छ । संयोगवश लड्दालड्दै टाढाबाट आएको दुश्मनको तातो गोलीले उसको छाती छिया पारिदिन्छ, भुइँमा पछारिन्छ । देश, श्रीमती, छोरी सबैलाई सम्झन्छ अनि सन्देश पुऱ्याउन एकमुठी माटोलाई फुकिदिन्छ, सधैँको लागि यस धर्तीबाट बिदा लिएर । यो सम्पूर्ण कुरा थाहा हुँदैन तुलसीलाई अनि त त्यो दशै आउँदैन जुन दशैमा घर आइपुग्ने प्रतिज्ञा लालचनले गरेको थियो ।

## ४.१.२ पात्र विधान

### (क) लालचन

यस कथाको प्रमुख पात्र हो । उसैको केन्द्रविन्दुमा अथवा उसैको कार्यव्यापारमा कथानक अगाडि बढेको छ । उ एउटा नेपाली पहाडी ग्रामीण परिवेशको पुरुष पात्र हो । घर

व्यवहारको विभिन्न कारणले गर्दा आफ्नो बाबुले बेचेको र बन्दकी राखेको खेतबारीलाई फिर्ता ल्याउन पत्नी र छोरीलाई आउने दशैमा आउने वचनवद्धता दिएको छ । तर गोर्खा फौजमा भर्ती भई युद्ध लड्दा ज्यान गएको छ । लालचनको आर्थिक अवस्था र त्यसबाट उब्जिएको समस्याले गरेको सो फौजम्म जानुले आफ्नो उद्देश्य पूर्ती नभएता पनि हिम्मत गर्नु र सोही अनुरुप कार्यहरू गर्नुले उ गतिशील पात्रको रुपमा देखिएको छ ।

**(ख) तुलसी**

बाँच्ने रहर कथाको प्रमुख पात्र लालचनको श्रीमती तुलसी हो । जसले आफ्नो विदेशीएको पतिको घर आउने आशाका साथै पूर्नमिलनको विभिन्न तयारीमा जुटेकी छे । लालचनले दिएको वचनवद्धता टुटेको धेरै समय वितिसक्दा पनि पतिको खोजीको कुनै कदम नचालेकाले कथामा स्थिर पात्रको रूपमा देखिएकी छ ।

**(ग) भुन्टी**

प्रमुख पात्र लालचनको छोरी हो । जसको उल्लेख्य भूमिका यसकथामा नभएता पनि उसले आमा तुलसीसँग राखेको बाबुप्रतिको जिज्ञासाले कथामा थप राचकता पैदा गरेको छ ।

**(घ) इन्द्रवीर**

इन्द्रवीर यस कथाका प्रमुख पात्र लालचनका बाबु हुन् । जसले आफ्नो परिवारलाई सजिलै धान्न सक्ने जग्गा जमिन भएता पनि भाग्य अजमाउने विचार र तराईको रहरका कारणले ठेक्का - पट्टातिर लाग्दा अफाप भई भएको जग्गा जमिन बेच्ने र सोहि चिन्ताले गर्दा दमको व्यथालाई आक्रमण गरी बचेको सम्पत्ति छोरो लालचनलाई सुम्पने पात्रका रुपमा उपस्थित छन् ।

## ४.१.३ परिवेश

एक आध ठाउँमा परदेशको चित्रण भएता पनि विशेष गरी नितान्त गाउँले त्यो पनि पहाडी परिवेश लाई लिएको कथा सम्पूर्ण नेपालीहरूको प्रतिनिधित्व गरेका आभाष मिल्छ ।

### ४.१.४ उद्देश्य

नेपाली गाउँले जीवनको मार्मिक र यथार्थ घटनालाई जस्ताको तस्तै यथार्थ परक ढंगबाट देखाउनु नै यो कथाको उद्देश्य देखिन्छ । विशेषत : एक छाक सजिलैसँग टार्ने स्थिति नहुँदा लालचन जस्ता अनेकौं नेपाली छोराहरू गोखा सेनामा भर्ती हुन भन्दै विदेशीने र विदेशीएपछि कसरी आफ्ना परिवारले प्रतिक्षा गरी दिन काट्छन् साथै के - कस्ता नयाँ नयाँ सपनाहरू तुन्छन्  भन्ने कुरा स्पष्ट रुपले देखाउनुका साथै जो कोही पनि आफ्नो जन्म भूमि छोडे पश्च्यात सुरक्षीत नहुने कुरा देखाउनु नै यसको ध्येय रहेको छ ।

### ४.१.६ दृष्टिविन्दु

घरको कमजोर आर्थिक अवस्थाका कारण श्रीमती र एक छोरीलाई छोडी परदेश गएको लालचन श्रीमतीलाई आउने दसैमा दिएको बाचा अनुरुप, प्रत्येक  दसैँमा लालचन प्रतिको प्रतिक्षा कथाले देखाएको । छोरी भुन्टीले नै आमा सुन्तलीलाई बा कहिले आउँछन् आमा ? अनि गरेको प्रश्नबाट कथाको थालनी भएकाले कथा तृतीय दृष्टिविन्दुको प्रयोग भएको स्पष्ट छ ।

### ४.१.५ भाषाशैली

प्रस्तुत कथाको भाषाशैली सरल तथा रोचक शैलीमा प्रस्तुत गरिएको छ । प्रमुख पात्र लालचनकी श्रीमती तुलसी र छोरी भुन्टीले आफ्नो विदेशीयको पति र बावुको प्रतिक्षामा व्यथित गरेको समयलाई प्रस्तुत गरिएकोले कारुणिक भाषाशैली छ । कथामा बा कहिले आउँछन् ? दशै मान्न आउँछन्, युद्धबाट फर्किने हो होइन ? फर्के पनि सपाङ्ग, अपाङ्ग के कसो हुने हो ? के होला तुलसीलाई यदि म युद्धमा मारिएँ भने ? जस्ता भाषिक संवाद र प्रश्नार्थक शब्दको प्रयोग भएको छ ।

## ४.२ प्रयाश्चित कथाको सन्दर्भ

प्रयाश्चित कथामा 'म' पात्रले यौवनको उन्मादमा आफन्तले दिएका सुझाव सल्लाहलाई कुल्चेर हिड्दा कति सम्म दु:ख र कष्टको भागिदार बन्न पुगिदोरहेछ साथै

प्रतिक्षामा बाँच्नेहरू यही धर्तिमा नै स्वर्गको स्वाद चाख्न पाउने कुरालाई कथामा प्रस्तुत म पात्रको माध्यमद्वारा देखाउन खोजिएको छ ।

### ४.२.१ कथानक

मेरो पर्शबाट रमेशले लेखेको पत्र दिदीले फेला पारेपछि रातभरी मलाई सम्झाइराख्नु भयो । त्यसदिनको सम्झना ताजै छ, हो दिदी तपाईले सम्झाउँदा असंख्य रीस उठ्थ्यो किनकी ममा बसको लहर लटरम्म छाएको थियो । त्यसबेला यदि कसैले मेरो र मेरो रमेशको बारेमा अलिकति पनि शब्द निकाल्थ्यो । म आवेशमा आउँथे । हो दाजुले नसम्झाउँनु भएको होइन निकै सम्झाउनु भयो । आमाको मृत्युपछि आमा सरहको माया ममता र स्नेह दिने तपाईलाई अगुल्टाले हान्दा हात रगताम्य भएको अँहदिदी विर्सेकी छैन ।

विद्यालयको वार्षिक उत्सवको कार्यक्रममा तपाईहरू भाग नलिई डेरामा फर्किनु भयो । तर मैले नाम दिएकाले फर्कन उचित मानिन । दोहोरी गीत गाउँदा परिचय मात्र भएको रमेश दुईचार चोटीको पिकनिकमा सँगै भए पश्च्यात कताकता रमेशप्रति माया बढेर आयो बिस्तारै हिचमिचबढ्दै जान थाल्यो, यसै क्रममा कहिले स्कूल पछाडिको अडहर बारीमा त कहिले भिडियोमा दिन वितेको पत्तै भएन । जुनदिन तपाईलाई साथीकोमा कम्बाइन स्टडी भनेर रमेशसँग फिल्म हेर्न गएका थिए, फिल्म सकिँदा रात अवेर भैसकेको र तपाईलाइ कम्बाइन् स्टडी भनेकाले घर फर्कन उचित नमानी रमेशकै डेरा गयौ । रमेशले स्टोप बाली खाना पकायो । सुत्नको लागि केवल एउटै खाट, श्वास बढेर आयो । रमेशले अनेकौं कुरा गऱ्या, छिट्टैनै विहे गर्छौ, आजन्मसँगै बस्छौं आदि आदि । म भुलें दिदी अल्लारे जवानीको जोसमा मदमत्त भएर । जसको परिणाम स्वरुप चार महिना नवित्दै, तपाईं र दाजुका लागि अनि गाउँ समाजका लागि म कलङकिनी बन्नपुगे । दाजुले भागेको रमेशलाई खाजी मलाई जिम्मा लाएपछि बल्ल वास्तविकता थाह पाए । टुहुरो, मामाको घरमा बसेको, पढाइ नहुँदा भनेजस्तो काम नपाई सिनेमाघरको टिकट ब्लेक गरी जम्मा गरेको २-४ रुपैया पनि बोतलमा सिध्याइ एक हुल अल्लारे ठिटाहरूसँग साँझामा घर फर्कदा जुँडो कराँतेको प्रदर्शन म माथि हुन्थ्यो । इच्छा विपरित नै चार-चार सन्तानको जन्मभयो । शरीर भर पिटाइका टाटैटाटा उही रमेशको प्रेमको प्रसाद ।

रमेशको बाचा अनुसार जिन्दगी विताउन नसकेपछि घर छोडी आकासलाई छानो बनाई अरुले दिएको दानको भरोसामा भुराभुरी बचाएकी छु । र कामना गरेकी छु । बैसको उन्मततामा मातिएर  म जस्तो कसैलाई बाँच्नु नपरोस् ।

म कसैको सहानुभूति ग्रहण गर्न योग्य छैन किनकी तपाईंहरूका उपदेशलाई मैले लत्याइसकेकि छु ।  मैले मेरो भविष्यको ख्याल गर्न सकिन जसको परिणती अहिले भोग्दै छु । जसले समयको प्रतिक्षा गर्छ हो दिदी सबै तपाई जस्तै सुखि हुन्छन् भने क्षणिक रमझम र बहुलठ्ठी प्रेमको पासोमा  फन्कोमार्ने नखरमाउली आजका मजस्तै निर्बुद्धिको प्रेमिकाहरूलाई ।

## ४.२.२ पात्रविधान

क) **म-** यस कथाको प्रमुख पात्र 'म' हो । 'म' कै सेरोफेरोमा कथाको विषयवस्तु अगाडि बढेको छ । यौवनको उन्मादले असल र खराब अर्ति पहिचान गर्न नसकेपछि म पात्रले खेपेको दुःख बाट नै शिक्षा प्राप्त गरेको कुरा उल्लेख छ । जुन बेला आफू पुरानो मार्गमा फर्कन असम्भव छ । समयमा बुद्धि नपुऱ्याउने र समय सकिएपछि पछुताउने  पात्रका रुपमा म पात्र देखिएकी ।

ख) **रमेश-** प्रयाश्चित कथामा रमेश  कु पात्रका रुपमा देखापरेको छ यौवनले भरिपूर्ण युवतीहरूलाई विभिन्न ललिपपहरू देखाई अस्तित्व लुटी टाढा जाने र पिडा प्रदान गर्ने पात्रका रुपमा देखिएको छ ।

दिदी, दाजु  सहायक पात्रको रुपमा यो कथामा आएका छन् । जसले म पात्रलाई असलमार्ग देखाउने कार्य गरेका छन् ।

## ४.२.३ परिवेश

कथामा प्रस्तुत भएका अडहरबारी, विद्यालय सिनेमा घर, भिडियो जस्ता स्थानहरूले शहरी र गाउँले दुवैलाई नै परिवेशको रुपमा राखिएको छ ।

### ४.२.४ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य भनेको यौवनको उन्मादमा असल मार्ग पहिचान गर्न नसकि बरालिएको अवस्थामा असल के हो ? भनि बताउन खोज्ने आफन्त मान्यजनहरूसँग तर्क वितर्क नगरी मान्यजनले भने अनुरुप नै आफूलाई डोऱ्याउनुपर्छ अन्यथा समाजमा नै आफन्तहरूले मुख नदेखाउने स्थिति सृजना हुन्छ तब केही गर्न सकिदैन सबै बाटाहरू बन्द भैसकेका हुन्छन् ।

### ४.२.५ भाषाशैली

यस कथामा प्रयोग भएको भाषाशैली पाठकको लागिा बोधगम्य छ । पाठकलाई जटिलता सिर्जना नै नगरी सरल र सहज रुपले बुझ्न सक्ने भाषाशैली छ । कम्वाइस्टडी, फिल्म, स्टोप, डायलग, स्कुल, भिडियो, पिकनिक, जूडो, कराँते जस्ता आगन्तुक शब्दहरु पनि कथामा प्रयोग भएका देखिन्छन् । तापनि यो कथा बढ्दो उमेरका सम्पूर्ण युवा युवतीका लागि सन्देशको रुपमा रहन गएको छ ।

### ४.२.६ दृष्टिविन्दु

आफूले विगतमा गरेका नाराम्रा कार्यहरू प्रति सम्झना गर्दै, दिदी र दाजुले दिएको सल्लाह मिल्काउँदै आफू बाहिर निस्कन नसक्नेगरी अथवा पहिलेको अवस्थामा आउन सक्ने स्थितिमा सम्झदै दिदी लाई भनेको वाक्य "मलाई त्यसदिनको ताजा सम्झना छ दिदी" बाट शुरु भएकाले कथा प्रथम पुरुषीय दृष्टिविन्दुमा संरचित छ ।

## ४.३ विछोड कथाको सन्दर्भ

प्रस्तुत कथा पनि "बाँच्ने रहर" कथा भित्रको कथा हो । यस कथामा म पात्र र अणुले परिवारको इच्छा विपरित गरेको विवाह, विवाह पश्चात दुई सन्तानको जन्म र अणुको दुर्घटनामा परी मृत्यु भएपछि आफन्तको सहयोगको आवश्यकता खड्कीएको कुरा व्यक्त गरिएको छ ।

## ४.३.१ कथानक

सत्यतालाई लुकाएर अणु कतिदिन बिताऊँ, तिम्रो अरुण र उमालाई मम्मी भोलि आउँछिन भनेर । मलाई थाह छ, तिमी फर्केर कहिल्यै आउँदिनौ । कति निष्ठुर बन्यौ तिमी ? कसरी छोड्न सक्यौ हामीलाई केवल दुई दिनको नाट्यमय पाठ खेलेर ।

"जहाँसुकै गए पनि, फगत तिम्रै रहने छु
जति दुःख परे पनि, तिम्रो साथ रहनेछु"

जुन वाचाहरू रेडियो नेपालबाट सुरिलो स्वरमा गुन्जिन्थ्यो, खोइ आजती बाचाहरू ? - विहानको सात बजेको समाचारको धुन पछि "यो रेडियो नेपाल हो, अब अणु शर्माबाट समाचार सुन्नुहोस" खोई आज, त्यो समाचार भन्ने अणु शर्मा ? अणुले समाचार भन्नुको सट्टा अणुको समाचार अर्कैले सुनाइरहेको छ ।

हो अणु तिमी गयौ, जानुनै पर्छ एकदिन तर त्यो दिन होइन, जुनदिन तिमी गयौ, महान् चाड दशैँ आइरहेको थियो, अरुण जाँच सकेर दशैँको छुट्टीमा घर आएको थियो । उमा पनि तिमी आउने कुरा सुनी मावली बज्यैसँग घरमा आएको थिई । ट्रङ्कलमा तिम्रो र मेरो कुराकानी भए पश्च्यात अरुण र उमाको रोजाइमा तिमीलाई मनपर्ने बस्तुहरू खरिद गरे अनि आउने विहानको सुमधुर मिलनको सम्झना लिँदै तिनै प्राणी निदायौँ मेरै खाटमा ।

फर्मका कुखुराको कराई र दलानमा बाँधिएको 'टमी' को आवाजले निद ब्यूँझ्यो । तिमी आएर रिसाउँछ्यौं भनेर कोठा सफा गर्न थाले, मिरमिर उज्यालो भयो, अरुण र उमालाई उठाए । तिनै जना वसस्टप तिर लाग्यौ । बसस्टपमा खैलाबैला थियो, काठमाडौ, आउनुहोस ् त्यो वातावरणमा अरुण र उमा धेरै रमाए । यत्तिकैमा एउटा बस बडो वेगले आइपुग्यो र ड्राइबर त्यहिबाट चिच्याउन थाल्यो खतम भयो यार, आज फेरी नारायणीमा एउटा बस खस्यो । उहि क्या ना. अ.ख. २४२ ब्रेक फेल भएर ।

झसंग भए, हृदयगति बन्द होला जस्तो भयो, एक्कासी रिँगटा लाग्यो, ढल्न पुगेछु । एकाएक अस्पतालको वेड नं.१७ बाट तीन बजेमात्र ब्यूँझदा थाह पाए म अस्पतालमा रहेछु । पुन : चिच्याउन पुगे अणु - २/३ जना सिष्टरहरू आएर घोचिदिए इन्जेक्सन होसनै नफर्केला भन्नेजस्तो गरेर अनि फेरी उही वेड नं. १७ र म ।

हाइस्कुल देखिको हाम्रो बचनबद्धतालाई पुरागर्न बाबुले जनै सुपारी गरिसक्नु भएकी केटीलाई पन्छाए । बाबुको बचनलाई टुक्राए बापत दण्डसजाय स्वरुप  पैसा नपाउँदा नोकरी र पढाइलाई सँगसँगै लिएर जानु  पर्दा पाउने सम्म दु :ख पाए । धेरै दुः ख पाए पनि तिमीसँगको संयोग पछि सुखको कल्पनामा आफूलाई भुलाई राखे । विवाहमा बोलाउँदा, जन्मदिने आमाले समेत जात छोडी कुजातमा हात हाल्ने पापिष्ट छोरो हुनु भन्दा नहुनुवेश, बरु नजन्मिएको भए छोराको कुकर्म त सुन्नुपर्ने थिएन भन्ने तिखो वचन पाए । तर म विचलित भएन अणु किनकी मेरा लागि तिमी थियौ तिम्रो लागि म थिए तर अणु तिमी कसरी गयौ यति छिटो हामीलाई एक्लो पारेर । तिम्रो सम्झना स्वरुप कोठा भरी विभिन्न सामग्रीहरू छन् । एकपल्ट पछाडि फर्केर हेर अणु मेरो इतिहास कति कष्टमय छ । म सत्यलाई लुकाएर कति दिन असत्य बोलु, जवाफदेऊ  अणु म कतिदिन ढाँटिरहुँ अरुण र उमालाई तिमी आउँछ्यौ भनेर ।

## ४.३.२ पात्रविधान

### क) म

विछोडकथाको प्रमुख पात्रका रुपमा म आएको छ । जसको सेरोफेरोमा कथाको विषयवस्तु अगाडि बढेको छ । कथाको 'म' पुरुष  पात्रले बाबु आमाको साथै आफन्तहरूको इच्छा विनानै अणुसँग वैवाहिक सम्बन्ध जोड्छ । विवाहपछि दुई सन्तानको बाबु भएको  म पात्रले जागिर गरेको छ । जसले गर्दा कथामा प्रस्तुत म पात्र शिक्षित पनि देखिन्छ । श्रीमती र आफ्नो जागिरले दैनिक गुजारा राम्रो गरी चलाएका छन् । यसरी समय वित्दै जाँदा छोटो समयमा नै आफ्नो प्राण मञ्जुरीसँग भएको दुःखद विछोडले तड्पिएको अवस्थामा अनेकौं प्रश्नहरू अणुसमक्ष राखेको छ तर ति सबै प्रश्नहरू निरन्तर भैसकेको छन् ।

### ख) अणु

विछोड कथाको प्रमुख पात्र 'म' की श्रीमती हो । उ पनि रेडियो नेपालमा समाचार वाचन काम गर्ने हुनाले शिक्षित नै देखिन्छ । 'म' पात्रसँग भएको प्रेम विवाह पश्च्यात दुई सन्तानको जन्म दिने पात्र हो । वडा दशैंमा दुई सन्तान र पतिसँगको सुखदमिलनलाई

संगालेर घर आउँदा बसको ब्रेक फेल भई अल्पायु उमेरमा नै ज्यान गुमाउने पात्रको रुपमा उपस्थित छ ।

**ग) अरुण र उमा**

विछोड कथाको मूल पात्र म का छोरा र छोरी हुन् । यिनीहरूको कथामा उल्लेख्य भूमिका नभएता पनि कथामा बालपन, जिज्ञासा र अड्डीले कथालाई थप रोचकता बनाएको छ । बसको दुर्घटनामा परी आमाको (अणु) असामयिक निदन पश्च्यात यि दुई बालक मातृ स्नेहबाट वञ्जित भएका छन् ।

**घ) म पात्रको सासू**

म पात्रको सासू बसका विभिन्न यात्रु, ड्राइबर, हस्पिटलको नर्सहरू कथामा गौण पात्रको रुपमा आएका छन् ।

## ४.३.३ परिवेश

प्रस्तुत कथामा आएका ठाउँहरू विरगञ्ज, रेडियो नेपाल, वसपार्क, बसस्टप, कुखुरा फर्मका साथै  जागिर गर्ने स्थलहरूले गाउँले परिवेशलाई नदेखाई शहरी परिवेशलाई लक्ष्यीत गरेको बोध हुन्छ । तापनि कथा शहरीया कृतिमतामा बाँधिएको नभई सामाजिक यथार्थमा उभिएको भान हुन्छ ।

## ४.३.४ उद्देश्य

विछोडकथाको मूल उद्देश्य भन्नु नै मानवीय पललाई छर्लङ्ग साथ देखाउन हो । मानवीय जीवन नै अनित्य छ कहाँनेर के हुन्छ कसैलाई थाह हुँदैन जसले गर्दा हामीले आफन्तको इच्छा र चाहनाई लत्याउनु हुँदैन । मानवीय जीवनमा माया,प्रेम,वाचा, बन्धन जे पनि हुन सक्छन् तर विधिको विडम्वनालाई नाघेर कसैले पनि केही गर्न सक्दैन । सन्तान सानै छन् माया र ममताको खाँचो छ भन्दैमा त्यो सबैका लागि प्रयाप्त हुँदैन । मानवीय पल एउटा छोटो यात्रा हो । जुन यात्र जुन कुनै वेला टुंगीन सक्छ जसलाई हामीले तीतो यथार्थ  मान्नु नै उपयुक्त ठहरीन्छ ।

### ४.३.५ भाषशैली

सरल र सुवोध्य रुपमा प्रस्तुत भएको यस कथाको भाषाशैली समय सापेक्ष छ । भनाइलाई व्यक्त गर्नको लागि कुनै ठाउँमा पूर्णवाक्यलाई अँगालीएको छ भने कुनै ठाउँमा प्रश्नको रुपमा प्रयोग गरिएको छ । पत्नीको असामायिक मृत्युपछि मनमा भएका भावहरू प्रस्तुत गर्दा कारुणीक भाषाशैलीको प्रयोग भएको देखिन्छ । जस्तै : अणु तिमीले यो के गऱ्यौं ? हामीलाई यतिका माया र ममतामा समालेर तिमी स्वयम्ले कसरी बिदा लियौ । यो संसारबाट यति चाँडै । तिमी म अनि अरुण र उमाको ठूलो फोटो सिरानी माथि लट्कीरहेको छ । तिमी हाँसेकिछ्यौ मधुर मुस्कान लिएर । तर ..... तर अणु हामीदेखि टाढा धेरै टाढा रहेर ।

### ४.३.६ दृष्टिविन्दु

आफ्नो जीवन सङ्गीनीको मृत्यु पश्च्यात भएका दुई सन्तानले आमाको बारेमा प्रश्न गर्दा सत्य बोल्न नसक्ने र वास्तविकता पनि भन्न नसक्ने अवस्थामा परलोक भएकी जीवन सङ्गीनीलाई “सत्यतालाई लुकाएर म कतिदिन विताउँ अणु” भनेबाट कथाको प्रारम्भ भएकाले प्रथम पुरुषीय दृष्टिविन्दुमा संरचित भएको स्पष्ट हुन्छ ।

## ४.४.अधुरो रेखा कथाको सन्दर्भ

अधुरो रेखा कथामा  म पात्र (आनन्द) आमा र पत्नीलाई स्वदेशमै छाडेर विदेशमा ठूलो इच्छा र चाहनाको साथ एम.वी.बि.एस. पढ्न जाँदा विदेशी संस्कृतिमा रम्न पुग्दछ । जब विदेशी संस्कृतिमा आफूलाई भूलाउँछ आफ्ना सबै उद्देश्यहरू भत्किसकेपछि आफ्नो क्षीण अस्तित्व जोगाउन स्वदेश र परिवारको आवश्यक पर्ने कुरा उल्लेख गरिएको छ ।

### ४.४.१ कथानक

डक्टर बनाउने आमा-बाबुको सपना त्यो पनि विवाह भएको पहिलो वर्ष नै एम.बी. बि.एस. को लागि पाँचवर्षे प्लान पाई कलकत्ता जाने दिन नजिकिदै गर्दा साथिहरू र आफन्तहरूलाई आमाले निम्त्याउनु भएको आफन्तहरूले दिएको शुभाशिष र साथीहरूले गाएको गीत, जानेदिन अघिल्लो रातभरी तिमी र म बिच भएका विभिन्न कुराहरूको मलाई

ताजै स्मरण छ । तिमीले बनाएको मिठो नास्ता खाएर आमासँग विदा भई तिमी र मसँगै विमानस्थलसम्म आएको र तिमीले चिट्ठी लेख्दै गर्नु होला है भनेको आवाज गुञ्जिरह्यो ।

कलकत्ता पुगेको केही दिनसम्मत ठाउँ नयाँ, अनुहार नयाँ, नौलो भाषा, नौलो भेषभुषा मनस्थिर रहेन । क्रमश एकदुई हप्ता वित्दै गयो, साथीहरूसँग आत्मीयता बढ्दै गयो अनि आफ्नै लाग्न थाल्यो मेडीकल कलेज र यसको परिवेश ।

नवागुन्तुक विद्यार्थीहरूको स्वागत कार्यक्रमका लागि सजाइएको सर सामग्रीहरूले, मेडिकल फार्मेसीहरूको सौजन्य राता, पहेला, नीला, बैनरहरू नयाँनयाँ उत्पादन भएका औषधिहरूको विज्ञापनले कलेजको वातावरण नै मनमोहक तुल्याइएको थियो । विभिन्न आमन्त्रित विद्धतवर्ग र मेडिकल कलेजका हजारौँ छात्र छात्राहरूले भरिएपछि शुरु भएको कार्यक्रम विभिन्न भाषणहरू पछि समाप्त भई रमाइलो साँझमा मैले गाएको गीतबाट हल गुञ्जियो । धेरै साथिहरूबाट प्रशंसाको पात्र भएको म बाट प्रभावित भएकी एक युवतीले मलाई अटो भर्न आग्रहगरी । तिनै कुराहरूलाई समेटी लेखेको पत्र नै रुवी पहिलो र अन्तिम बन्न पुग्यो । रमाइलो साँझपछि विभिन्न कारणले नजिकिएकी मालाविकाले आफ्नो कारमा बस्न आग्रह गरी । त्यसको कुरालाई नकार्ने नसकी बसेको केही समयपछि नै फुत्किन अनेकौँ बहाना गरे तर सबैअसफल भएपछि ऊ सँगै ठूलो होटलमा गए जहाँ रंगीचंगी अत्याधुनिक भेषभुषा, अत्याधुनिक म्यूजिक आदिले गुञ्जायमान ।

होटलमा गईसकेपछि कुनामा रहेको टेबलमा बसे । छिनभरमै ट्रेभरी स्न्याक्सका प्लेट आइपुग्यो । अनेकौ विन्ति गरे, असफल भए मालाविकाका साथीहरुले मुखमा खन्याएपछि केही थाहा भएन । बिउँझदा आफूलाई मालविकासँगै पाउँदा सारा शरीर काँप्यो । विस्तारै जवानीको रापमा म जले, मालाविकासँग फुत्कीन अनेकौँ प्रयास गरे तर सफल हुन सकेन, रात पऱ्यो पुन : त्यही काम दोहोरीन्थ्यो यसरी मैले बिर्सिएछु रुबी जम्मै - जम्मै योजनाहरू, आमा, तिम्रा अनि आफन्तका उपदेशहरू ।

मालाबिकाको सम्पर्कमा आफूलाई असिम ऐस र मोजमज्जामा कहिले फिलिपिन्स, मलेसीया, जापान र न्यूयोर्क गर्दा । दिन उमेर ढल्दै गयो तर मालाविकाका उस्तै रहरहरू । अनेकौँ प्रयास गरे उसको पुरानो क्रम छुटेना विस्तारै वल्डक्यान्सरले आफूलाई आक्रमण

गऱ्यो त्यसपछि जसरी त्यहाँ प्रवेश पाएको थिए त्यसैगरी लत्तिएँ र आजतिमी समक्ष आएको छु डक्टर भएर होइन डक्टरको खोजीमा ।

## ४.४.२ पात्रविधान

**क) (आनन्द)- म**

अधुरो रेखा कथामा प्रमुख पात्रको रुपमा आनन्द आएको छ । जसको केन्द्रीयतामा नै कथावस्तु अगाडि बढेको छ । कथामा उल्लेख भए अनुसार म (आनन्द) पात्र एम.वी.वी.एस को लागि कलकत्ता विश्वविद्यालयमा गएको हुँदा पढेलेको शिक्षित पात्रको रुपमा देखिन्छ । उसको परिवारमा एकपत्नी र आमा छन् जसको आसा भरोसाको केन्द्रविन्दुका रुपमा ऊ नै रहेको छ । तर कलकत्ता पुगी सकेपछि इष्टमित्र र परिवारका सदस्यलाई दिएको वाचावन्धन पाश्चात्य संस्कृतिमा डुबेर सबै बिर्सिएको छ, आफूलाई हराएको छ, जब त्यो खाडलबाट फर्कन सक्दैन र फर्के पनि पहिलेको अवस्थमा छैन त्यसबेला परिवारका सदस्यसँग माफि मागेको छ । जुन उद्देश्य बोकेर गएको थियो त्यो उद्देश्य विलिन भैसकेको  छ । आफै ब्लड क्यान्सरबाट ग्रसित भई डक्टरको आवश्यकता पर्ने अवस्थामा फर्केको छ । शिक्षित भएर पनि आफै हराएको छ, आफै विलाएको थाह नपाउने पात्रको रुपमा अथवा भोग विलासमा आफूलाई लिप्त गराउने पात्रको रुपमा यस कथामा उपस्थित छ ।

**(ख) रुबी**

यस कथाको मूल पत्र आनन्दकी पत्नी हो रुबी । जो सरल र निश्चल स्वभावकी छ । आफ्नो पतिलाई डक्टर बनाउने सपना सजाएकी रुबीले विवाह भएको छोटो समयमा नै पतिलाई पढ्नका लागि धेरै सुझाव, सल्लाह, माया ममता प्रदान गरी कलकत्ता पढ्न पठाएकी छे । आनन्दको अभावमा घर गृहस्थीलाई असल ढंगले सञ्चालन गरी आनन्दको पर्खाइमा बस्ने पात्रको रुपमा प्रस्तुत कथामा उपस्थित भएकी छ ।

**(ग) मालाबिका**

कलकत्तामा बस्ने धनाढ्य व्यापारीकी एकमात्र छोरी हो मालाबिका । जसले यसकथामा आफ्ना परिवार र इष्टमित्रका आशा र भरोसालिएर पढ्न विदेशसम्म आइपुगेको

आनन्दलाई आफ्नो कुलतमा फसाएकी छ । विभिन्न लागुपदार्थको सेवन आफूले जस्तै गर्न वाध्य बनाई सम्पूर्ण उद्देश्यलाई लत्याइदिने साथै आनन्द वल्ड क्यान्सरको रोगी भए पश्च्यात उ भन्दा टाढा रहने कु पात्रको रुपमा यस कथामा प्रस्तुत भएकी छे ।

**(घ) आमा**

मूल पात्र आनन्दकी आमा हुन् । सन्तानको नाममा भएको एकमात्र छोरालाई पढाएर डक्टर बनाउने सपना साँचेकी आमाले छोरो आनन्दको नाममा एम.वी.वी.एस. मा निस्कने वितिक्कै खुसी भई आफन्तजनलाई भेला गराई खान ख्वाउने पात्रका रुपमा प्रस्तुत छन् ।

**(ङ) डाक्टर निर्मल अंकल**

यिनी पनि यस कथाका सहायकपात्रका रुपमा प्रस्तुत छन् । आनन्दको घरमा खानपीनका लागि बोलाइएका यी पात्रले आनन्दलाई पढाई लेखाई र प्रयोगात्मक कोर्षबारे जानकारी दिएका छन् ।

अनिता अन्टी, मोनी, साथीहरू, डाक्टरहरू, प्रोफेसहरू, आमन्त्रित विद्धत वर्ग, मेडिकल कलेजका हजारौँ छात्र -छात्राहरू यस कथामा गौण पात्रका रुपमा आएको छन् ।

## ४.४.३ परिवेश

कथामा उल्लेख भएका टेक्सी, विमानस्थल, जेट विमान कलकत्ता जस्ता ठाउँ र वस्तुहरूले शहरी परिवेशलाई स्पष्टरुपमा देखाएको छ । यसका साथै राष्ट्रिय परिवेश मात्र नभई कलकत्ता प्रयोगात्मक कक्षा, डिस्को पार्टी, पपम्यूजिक, पार्क स्ट्रीट, आठतला माथि लिफ्टबाट जाने होटल जस्ता स्थानहरूले अन्तर्राष्ट्रिय त्यसमा पनि पाश्चात्य परिवेशलाई कथामा स्पष्ट रुपमा देखाइएको छ ।

## ४.४.४ उद्देश्य

अधुरा रेखा कथाले आफन्तहरूको इच्छा र चाहनाहरूलाई पूरा गर्ने अभिलाषा लिएर घर, आफन्तहरू लाई साथै स्वदेशलाई नै छोडेर विदेश लागेका नेपालीहरूले कसरी आफन्त

जन र स्वदेशप्रतिको कर्तव्यवोध विर्सिएर विदेशी संस्कृतिमा रम्न पुग्छन् । भन्ने कुरालाई स्पष्ट पार्नु नै यसकथाको मूल उद्देश्य रहेको देखिन्छ ।

### ४.४.५ भाषाशैली

यस अधुरो रेखा कथामा केहीरुपमा अंग्रेजी शब्द (टेक्सी, जेट, पार्टी, डिस्को, पार्क स्ट्रोट) वाक्यको प्रयोग भई जटिलताको आभाष भएता पनि कथा सरल, सरस र सहज भाषा शैलीको प्रयोग भएको छ । जुन कथाले विभिन्न उद्धेश्यहरू बोकी विदेश जाने युवाहरूलाई सत् मार्गको कार्य गरेको छ ।

### ४.४.६ दृष्टिविन्दु

यस कथमा ठूलो इच्छा र भरोसाको पात्रका रुपमा म (आनन्द) पात्र प्रस्तुत भएको छ । जसले परिवारको ठूलो अभिलाषालाई कुल्चेर आफूलाई पाश्चात्य संस्कृतिमा डुवाई निस्कन नसक्ने अवस्था भईसके पश्च्यात स्वदेशमा बस्ने आफ्नो परिवार त्यो पनि श्रीमतीसँग क्षमा याचना माग्दै भो रुबीब भो बाट  कथाको शुरुवात भएकाले कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको प्रष्ट हुन्छ ।

## ४.५ प्रतिज्ञा कथाको सन्दर्भ

प्रस्तुत बाँच्ने रहर कथा सङ्ग्रहमा संग्रहित एउटा कथा प्रतिज्ञा पनि हो । यस कथामा आमाको मृत्युपछि आमाले जस्तै स्नेह दिएर हुर्काएकी छोरीले आफ्नै पिताको करतुत थाहा पाई सही करतुत विरुद्ध आफूनै खुलेर लाग्ने र आफूले रोजेको जीवन साथीलाई जीवन रहेसम्म साथदिने प्रतिज्ञा यस कथामा व्यक्त गरिएको छ ।

### ४.५.१ कथानक

बुबा म सुमनलाई असाध्य माया गर्छु । सुमनले मलाई । सुमन मेरो ढुकढुकी हो,म, सुमनको । पढाएँ, लेखाएँ, हुर्काएँ भन्दैमा आफ्नो इच्छाविपरीत कार्य गरेमा घरबाटनिकाल्ने धम्की कयौं पटक दिइसक्नुभयो । आमाको मृत्युपछि मेरै मुख हेरेर अर्को विवाहनगरी सन्तोषको सास लिनुभयो । आमाको अभावमा मलाई कुनै कुराको कमी गर्नु भएन आखिर

आफ्नै स्वार्थको लागि । म अब धेरै बुझ्ने भैसकेकीले मेरा आवश्यकताहरू सहजै पुरा गराएर आफनो व्यापार विस्तार गर्ने हजुरको विचारप्रति घृणा जागेर आउँछ साथै तापाइँको कारोबारको । शरिरको प्राकृत बनावटलाई चिरफार गरी, गुप्ताङ्गमा विदेशबाट सुन ल्याउने, रोग र भोगले सताइएका जनाहरूलाई म्याद सकिएका र नक्कली औषधिको व्यापार, भोलिका देशका कर्णधारका रुपमा रहेका युवालाई ब्राउनसुगर, हासिस, स्म्याक र हेरोइनको लतमा, सोझा गाउँले युवतीलाई विक्रि गर्ने, मन्दिरका मूर्तिलाई चोरेर विदेश पठाउने २/४ पैसा खर्च गरेर पढ्न लागेका सोझा छात्र -छात्राहरूलाई नचाहिँदा काममा लगाउन वाध्य बनाउने तपाइँको समाज ।

अवैध धन्दाबाट कमाएको अरबौ रुपियाँ समाजसेवीको खोल ओढ्न पाठशालाहरूमा २/४ पाता टिन बाँड्ने, मन्दीरमा घण्ट चढाउने जस्ता कामबाट आफूलाई समाजसेवी बनाउन चाहनुहुन्छ । अँह यो हुन सक्दैन मबाट । मविरोध गर्छु, लड्छु, यस विरुद्ध ।

म डाक्टर हुँ, त्यसमाथि पनि शिक्षित महिला । जनसेवा गर्ने रहर छ अनि कर्तव्य पनि । छट्पटिएका घाउमा मलहम लगाउने मेरा योजना छन् । म निर्मूल पार्न चाहन्छु । तपाईको त्यस समाजलाई जसले देश नङ्ग्याउने काम गर्छ, कल्पना गर्छ अनि देशका जनतालाई डुबाउने काम गर्छ । मैले निरोधलाई मन पराए त्यसपछि डक्टर विनोदलाई पनि । ती दुई मध्ये एकलाई हत्या अनि अर्कोलाई धम्की दिई मलाई सदा विछोडमा पुऱ्याइदिनु भयो मात्र धनको धाकले ।

डेनी तपाइँकी छोरी हो किनकी पाइँले जन्मदिनु भयो तर विष फल्दैन बुवा यसविरुवामा तपाइँले चाँहदैमा किनकी मेरो अनास्था छ हजुरले गर्ने प्रत्येक क्रियाकलापहरूमा । सुमन तेस्रो व्यक्ति हो उ डक्टर पनि छ मैले उसलाई पतिको रुपमा स्वीकार गरिसकेकी छु । निरोध र विनोदको अवस्था सुमनलाई भोग्नुपर्ने छैन किनकी सुमन मेरो संसार हो । यो संसार तपाइँले विगार्न सक्नुहुन्न किनकी नारीको संसार उसको पति हो र जीवन पनि पति नै ।

### ४.५.२ पात्र-विधान

**(क) (म) डेनी**

कथाको प्रमुख पात्र डेनी हो, जसको केन्द्रीयतामा कथाको विषयवस्तु अगाडि बढेको देखिन्छ । आमाको मृत्युपछि बाबुद्वारा लालनपालन गरिएकी डेनी एक शिक्षित स्त्री पात्रको रुपमा कथामा प्रस्तुत छे । जसले आफ्नो बाबुले समाज, देश र राष्ट्रप्रति गरेका करतुतहरू पर्दाफास गरी त्यसलाई निर्मूल पाने लक्ष्य लिएकी छे । एक शिक्षित युवतीका नाताले आफूले चुनेको जीवन साथीलाई दुईदुई पटक बाबुले पूर्ण हुनबाट वञ्चीत गरेतापनि तेस्रो पटक चुनेको  प्रेमलाई पूर्णतामा ल्याउने प्रतिज्ञा गर्ने एक साहासीली पात्रको रुपमा यसकथामा चित्रित छे ।

**(ख) बुबा**

प्रतिज्ञा कथाको प्रमुख पात्र डेनीका बुबा हुन् । आफ्नो श्रीमतीको मृत्यु पश्च्यात भएकी एक मात्र छोरीलाई सम्पूर्ण कुराको पूर्ति गराउनुका साथै कुनै पनि कुराको अभाव सिर्जना गरेको अवस्था छैन । बाहिरबाट हेर्दा जति सभ्य र सुसंस्कृत देखिन्छन् । त्यती नै गाउँ, समाज र राष्ट्रलाई नै घात हुने, मात्र आफूलाई फाइदा गर्ने कार्यमा तल्लीन हुने पात्रका रुपमा यसकथामा उपस्थित छन् ।

(ग) सुमन, छात्र -छात्राहरू दलालहरू भरियाहरू, निरोध र विनोद आदि प्रतिज्ञा कथाका आएका गौण पाहरू हुन् ।

### ४.५.३ परिवेश

प्रतिज्ञा कथामा वर्णन भएका स्म्याक, हेरोइन, ब्राउनसुगर, धार्मिक स्थल, मूर्ति चोरी, निकासी जस्ता घटनाले कथा गाउँले परिवेश नभएर शहरीया परिवेश आत्मसाथ गरी लेखिएको स्पष्ट हुन्छ । तर पनि कथामा उपस्थित भएकी साहासी नारी पात्र केवल शहरी क्षेत्रमा मात्र सीमित भएका नारीहरूको प्रतिनिधित्व नभई समग्र नारी जातिकै प्रतिनिधित्वको रुपमा उपस्थित भएको स्पष्ट बोध हुन्छ ।

### ४.५.४ उद्देश्य

जुन सुकै कार्य गर्नु अगाडि हामीले प्रतिज्ञा लिनुपर्दछ भन्ने कुरालाई स्पष्ट रुपमा देखाउनुनै प्रतिज्ञा कथाको मूल उद्देश्य देखिन्छ । आफ्नै बाबु-आमा वा आफन्तहरू जो कोही भएता पनि उनीहरूले गरेका खराब कार्यलाई ढाक छोप गर्नु हुँदैन । पर्दाफास गरी उक्त कार्यबाट निरुत्साहित गर्नु पर्दछ । साथै शिक्षाले भरिपूर्ण भई चेतनाको  लहर छाएको वर्तमान परिप्रेक्षमा आफ्नो जीवनसाथी आफै रोज्नु नै सान्दर्भिक हुन्छ नकी अभिभावकले ।

### ४.५.५  भाषाशैली

प्रस्तुत कथामा प्रयोग भएको भाषाशैली पाठकको लागि बोधगम्य छ । कथाको कुनै कुनै ठाउँमा ड्रग एडिक्ट, सोर्स, फोर्स, ओके. एस.सक्सेस, हेरोइन, ब्राउन सुगर जस्ता अंग्रेजी (आगन्तुक) शब्दहरूको प्रयोगले कथालाई केही जटीलता थपे पनि हाम्रो समाज वरपर घट्ना श्रृङ्खला कथामा लक्ष्यीत भएकाले कथा आकर्षक बन्न पुगेको छ ।

### ४.५.६ दृष्टिविन्दु

आफ्ना अनैतिक क्रियाकलाप सन्ततीको रुपमा रहेकी एकमात्र छोरीलाई लुकाएका बाबु को वास्तविकता छोरीले नै थाह पाएपछि आफ्नो पितालाई करतुत खोल्ने क्रममा कथाको शुरुवात "हो बुवा" बाट भएकाले कथामा  तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको स्पष्टबोध हुन्छ ।

## ४.६ वचनवद्धता कथाको सन्दर्भ

व्चनवद्धता कथाको प्रमुख पात्र 'म' ले स्कुल पढ्दादेखि नै सुधिरलाई दिएको वचनवद्धता जातीयताका हिमावती र सामाजिक प्रतिष्ठाकाका कारण पूरा हुन नसकेता पनि, सन्तानको जन्म भैसके पश्च्यात, जन्मीएको सन्तानलाई आफन्तहरूको जिम्मामा छोडी 'म' पात्र पुरानै वचनवद्धतालाई पुरा गर्न राति घरबाट निस्किएर हिडी आफ्नो वचनवद्धतालाई पूरा गरएको प्रसंग कथामा उल्लेख छ । यसको साथसाथै सामाजिक अन्धविश्वास र कुरीति ले गर्दा जकडिएको अवस्थामा रहेको समाजलाई परिवर्तन गर्न प्रमुख पात्र म ले कुनै कदम नचाली मात्र आफू प्रगतिशिलता तर्फ उन्मुख   भएको देखाइएको छ ।

### ४.६.१ कथानक

समयको चक्र बडो विलक्षण हुँदो रहेछ, जसले मान्छेलाई कहाँबाट कहाँ पुऱ्याइदिन्छ । सुधिर र म एउटै गाउँमा नजन्मिएतापनि बोर्डिङ स्कूलमा बाडर्सको रुपमा पढ्दा एकै ठाउँमा खाना खाने, खेल्ने, पढ्ने गर्थ्यौं । बोर्डिङ स्कूलमा पढ्ने क्रममा धेरै साथीहरू भएता पनि मेरो र सुधिर बीचको सामिप्यता स्कूल छोडि कलेज पढ्दा पनि झन्झन् बढ्दै गयो तर विर्सन सकेनौं । उमेर सँगसँगै बढ्दै गएको हाम्रो प्रेम हामी जति टाढा भए पनि एक अर्कामा समीप थियौ । बैसको साथसाथ हाम्रो सामीप्यले जीवनमासँगै रहने सङ्कल्प लिदै गयो । दुबैको परिवारलाई हाम्रो समिप्यता थाह भयो ।

जातियताका हिमावती र सामाजिक प्रतिष्ठाका लालची समुदायका कुटुम्बहरूले विरोध गरे । फलस्वरुप सजातीय वर खोजी मेरो विवाह भयो । जातियताका विरुद्ध आवाज उठाउन मन हुँदाहुँदै पनि एक्लो र निस्सार भएकाले पारिवारिक निर्णय अनुसार कामकुरा छिनियो । विवाह भयो, श्रीमान् पढेलेखेका, रुपगण भएका र नाउँचलेका ठूलै व्यापारी थिए । मलाई खुसी राख्न भरमग्दूर प्रयास गर्थे । मलाई कुनै कुराको कमी थिएन । मेरो विवाहको खबरले तड्पिएका सुधिर बी.ए. को परीक्षा नै छाडिदिएछन् । शुरुशुरुमा यस्तो भएता पनि पछि सुधीरले चित्त बुझाउँछन् भन्ने लागेको थियो तर त्यसो नभएपछि मेरो मुटु चिरिएर आउँथ्यो ।

विवाह भएको दोस्रो वर्ष सोनीको जन्म हुन्छ । ऊ आफ्नो बाबु जस्तो भएता पनि कताकता सुधीरकै गन्ध पाउँथे । सोनीलाई नै सुधिरको प्रतिरुप मानि चित्त बुझाउन खोजे भएन । खानलाई जेखाएपनि हुने, लाउनलाई जेलाए पनि हुने तर जीवनयापन गर्नलाई आत्मा देखि नै चाहेको जीवनसाथि हुनुपर्ने । धेरै सोचे, सुधिरको दीन हीन अवस्थाले मलाई एकछिन् बस्न दिएन । सोनीको बाबु छन्, बोइ छन्, बाजे छन्, काका छन्, मामा छन् अनि सिंगै कुलीन कुटुम्बहरू मेरो अभावमा उ सजिलै हुर्कन सक्छे तर विचरा सुधिरको म विनाको कोहि छैन । आफू जन्मदा नै आमालाई गुमाएका थिए । भएका बाबुले पनि मेरो यादमा बरालिएपछि घरबाट निकालिदिएका थिए ।

सुधिरको विक्षिप्त मनलाई शान्तपारी उसलाई मानिस भएर बाँच्न सघाउने मेरो कर्तव्य सम्झी घरबाट निस्के । सोनीलाई उसको बाबुको जिम्मा लाएर लगातार १२

घण्टाको हिडाइपछि सुधिर भएको शहरमा पुगे ।  घण्टाघरको अगाडि दुब्लो, पातलो, रोगले खिइएको दाढी कपाल जम्मै बढेको, लगाएका लुगाहरू कलेटी परेको मेरै सम्भनामा हराएको सुधिरलाई पाउँदा डाको छोडेर रुनमन लाग्यो किनकी यो सबैको कारण मनै थिएँ । एउटा युवकको जीवनलाई वर्वाद पारेको अभियोगमा म ठाडै साविति बयान दिई जेलयात्रा गर्न तयार भएँ तर संयम लिए । दुबै अंगालो मार्छन् । यसरी जीवनबाट निरास भएको सुधिरलाई अब कहिल्यै छोडेर नजाने वचन दिए । त्यस दिन देखि म आज सम्म यहि शहरमा छु । कहिले काहि काँहि  सोनीको सम्भना आउँछ, मन विह्वल हुन्छ, तर आफ्नो वचनवद्धतालाई सम्भन्छु सान्त्वना मिल्छ । मलाई डर लाग्छ, कही सोनीले पनि कसैसँग वचनबद्धता नगरोस म जस्तै, मेरो जीवनमा जस्तै ।

## ४.६.२ पात्र-विधान

### (क) म-पात्र

वचनवद्धता कथाको प्रमुख नारी पात्रका रुपमा म पात्रलाई उपस्थित गराइएको छ । बाल्यकालदेखि नै बोर्डिङमा बोर्डसको रुपमा रहेकीले शिक्षित पात्रको रुपमा पनि यसकथामा म पात्रको भूमिका उल्लेखनीय छ । बाल्यकालमा बोर्डसको रुपमा रहँदा सुधिरसँगको प्रेममय बचनवद्धतालाई जातीयता, हिमावती र सामाजिक कारणले गर्दा आफन्तहरू लाई व्यक्त गर्न नसकेकी म पात्रले आफन्तकै इच्छा अनुरुप स्वजातीय केटासँग विवाह गर्न बाध्य भएकी छन् । विवाह पश्च्यात भौतिक सुख पर्याप्त मात्रमा उपलब्ध भएतापनि मानसिक कारणले तड्पिएकी म पात्रले आफ्नो श्रीमान र भएकी एकमात्र छोरीलाई त्यागेर मानसिक सुखको खोजी गर्दै, आफ्नो अतीतलाई पूरा गर्न सुधिरको खोजीमा साहासिली नारी मात्र हुन् । तर समाजलाई परिवर्तन गर्नका लागि कुनै पाइला नचालेको हुनाले यिनलाई  पर्याप्त मात्रामा गतिशिल पात्रको रुपमा राखिएको छैन ।

### (ख) सुधिर

सुधिर वचनवद्धता कथाको प्रमुख पात्रको रुपमा रहेकी म  पात्रको प्रेमीको रुपमा उपस्थित भएको छ । जुन म पात्रको सहपाठी पनि हो । आफूले मन पराएको प्रेमिकाको अरुसँग विवाह हुँदा पनि प्रतिकार गर्न नसक्ने गतिहीन पात्रको रुपमा रहेको सुधिरले प्रेम

गर्ने तर प्राप्त गर्न कुनै भूमिका निर्वाह गरेको छैन । बरु उल्टै आफैलाई विक्षिप्त अवस्था सिर्जना गराई आफ्नो गन्तव्य नै बिर्सिदिने र जीवनलाई तहसनहस पार्ने, शिक्षित भएर पनि उपयुक्त निर्णय गर्न नसक्ने मानसिक पीडाबाट पिडित भएको पात्रको रुपमा यस कथामा उपस्थित गराइएको छ ।

म पात्रको आमा, बाबु, आफन्तहरू, सुधिरको बुवा र म पात्रलाई प्रश्न गरी कथाको उठान गर्ने कार्य गरेको श्रवण कथाका सहायक पात्रको रुपमा उपस्थित भएका छन् । जसले कथामा भएका साना -साना घटनाक्रमलाई पूर्ण गरी कथालाई जीवन्तता दिने कार्य गरेका छन् ।

### ४.६.३ परिवेश

वचनवद्धता कथामा प्रयोग भएका पात्रहरू जन्मिएको गाउँ, हाइस्कूल, बोर्डिङ स्कूल म पात्रको घरको नजिकै भएको पोखरी, खेत पात्र सुधिरको खोजी गर्दै पुगेको स्थान, बसपार्क, घण्टाघर, महाविद्यलय जस्ता ठाउँहरूले ग्रामीण र सहरी दुबै परिवेश कथामा प्रयुक्त भएको छ । यसरी कथामा विभिन्न ठाउँको प्रयोग भएको कारणले सीमित परिवेशमा निर्माण नभई फराकिलो परिवेशको संयोजनबाट कथा निर्मित भएको देखिन्छ ।

### ४.६.४ उद्देश्य

नारीले आफ्ना मन भित्र रहेका विभिन्न वाचा बन्धनलाई पारिवारिक र सामाजिक संस्कारका कारण व्यक्त गर्न सक्दैनन् । हाम्रो समाजमा छोरी वा नारी प्रति गरिने व्यवहार र त्यसले निम्त्याएको पराकाष्टालाई स्पष्टरुपमा देखाइनुका साथ साथै महिला वा पुरुष जो सुकैले पनि आफूले दिएको बचनवद्धतालाई जस्तो सुकै परिस्थिति सिर्जना भएपनि पुरा गर्न सकिदो रहेछ भन्ने मूल उद्देश्य यस कथामा भेटिन्छ ।

### ४.६.५ भाषाशैली

यस कथामा सरल र सहज भाषाशैलीको प्रयोग भएको छ । पाठकलाई बुझ्न सजिलो भनी हाम्रो समाज छरछिमेक वरपर प्रयोग गरिने शब्दहरूले कथालाई रोचकता थपेको आभाष हुन्छ ।

### ४.६.६ दृष्टिविन्दु

कथामा उल्लेख भएकी प्रमुख पात्र म ले विद्यालय जीवनमा गरेको वचनवद्धतालाई पूरा गरेको प्रसङ्ग श्रवणले घरपरिवारको बारेमा प्रश्न गर्दा व्यक्त गर्ने क्रममा "हो कहिले काँही सोनीको सम्झना" आउँछ भन्नेबाट कथाको प्रारम्भ भएकाले कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग स्पष्ट देखिन्छ ।

## ४.७ क्षमा कथाको सन्दर्भ

विद्यार्थी जीवनमा विद्यालयीय अध्ययन पूरा गरिसकेपछि उच्च शिक्षाका लागि एउटै कलेजमा भर्ना भएका सहपाठी बीनु र दिपेश बीच भएको सँगै गर्ने सँगै जीउने कसम केही समय पछाडि नै अधुरो भएको प्रसङ्ग कथामा उल्लेख छ ।

### ४.७.१ कथानक

बिर्सिसकेको दिपेशका कुराहरू सम्झाएर मेरो घाउमा नुनचुक छर्कने प्रयास नगर सागर । कलेज जाने बाटोमा केतुकीका पात र कलेजको पर्खालमा कोरिएका दिपेश+बीनु अहिले इतिहास भएका छन् । त्यस कलेजमा कतिकति दिपेश र बीनु आए होलान् तर बीनुको जस्तो स्वार्थी दिपेश अवश्य आएनन् । सानै देखि गणितमा कमजोर भएकाले एस. एल.सी. उत्तिर्ण पछि ढिलै भए राम्रै विषय पढ्ने सोचले गणित लिने अठोट गरे । दश-बाह्र जना गणित पढ्ने विद्यार्थीहरूमा छात्रा म पात्र । कक्षाका शुरुका दिनहरूमा बेन्चमा एक्लै बसेपनि हिसाब गर्दाको अप्ठ्यारो महसुस गरी शिक्षकले नै दिपेशलाई सहयोग गर्न भन्नुभयो । शुरुमा सङ्कोच लागेता पनि पढ्ने क्रममा हुने सामिप्यताले धकफूक्दै गयो । विषय प्रति रुचि बढ्दै गयो । प्रथमवर्षको परीक्षामा संयागवस दुवै पास भयौं ।

कलेजको वार्षिक उत्सव नजिकिदै गयो त्यसका लागि विभिन्न तयारीहरू गऱ्यो । कता कता हामी दुबैमा एक अर्का प्रति चाहना बढ्दै गएछ । दिपेशले मेरो मात्र नभएर आमाको समेत मन जितिसकेकाले मेरो घरमा आउन उसलाई कुनै रोकतोक थिएन । बाबु र म माथिको दाजु गुमाईसकेका थियौ  म र मेरो आमाले । त्यसैले आमाको सम्पूर्ण आशा भरोसाको केन्द्रविन्दु म । दिपेशको बोली वचन र व्यवहार आदिले आदिले भित्रभित्रै निकै

खुशी भएकी मेरी आमाको आफू जीवित हुँदा नै मलाई  दिपेशको जिम्मा लाएर आफ्नो दायित्वबाट मुक्त हुन र कन्यादान दिएर पितृऋणबाट मुक्त हुने रहरहरू सङ्गालेकी थिइन ।

पढ्नेक्रममा नजिकैबाट राम्रो गरी चिनेकी थिए । जसले मलाई औधी माया गर्थ्यो । बिरामी भई कलेज नजाँदा एक दुई घण्टी नबित्दै म कहाँ आइपुग्थो । गर्मीविदा मनाउन सानीआमाको घरमा जाँदा उहाँले पनि मेरो र दिपेशको सम्बन्ध थाहपाई विभिन्न उदाहरणहरू दिनुभएको थियो, त्यसबेला मैले उत्तर दिएकी थिए अरु जस्तो होइन दिपेश ।

मानिसलाई चिन्न निकै गाह्रो पर्दो रहेछ । म विना एकपलपनि अधुरो ठान्ने दिपेशले जसको र मेरो सम्बन्ध सबै सामुबिच छर्लङग छ यस्तो परिस्थितिमा अरुलाई कसरी उत्तरदिऊ ? दिपेश परिवर्तन भयो, धेरै जसले मलाई सदाको लागि बिर्सिदियो । मात्र दुई वर्षको अध्ययन कालको आप्रवासमा दिपेशमा भएको यति परिवर्तन । के उसले बिर्सिदियो सबै सङ्कल्प ? एक आत्मालाई जिउँदै मारेर के मान्छे छुट्कारा पाउँछ मात्र दुई अक्षर क्षमा ले । जसको आत्म विश्वास हुँदैन, आफूलाई सङ्कल्पमा बाध्न सक्दैन यस्तो मानिस जीवनमा हुने सम्पूर्ण परीक्षामा सफल उत्रिन सक्छ ।

## ४.७.२ पात्रविधान

### (क) बीनु

बीनु यस कथाको प्रमुख पात्रको रुपमा रहेकी छन् । सानै उमेरमा बाबुको स्नेहबाट वञ्जित भएकी आमाको सहाराका रुपमा रहेकी एक मात्र सन्तानको रुपमा पनि देखिन्छन् । विद्यालयको अध्ययन समाप्ति पछि कलेजमा भर्ना भएकी बीनुले आफू हिसाबमा कमजोर भएतापनि  ढिलै किन नहोस राम्रै विषय अध्ययन गर्ने जमर्को गरी गणित नै लिने अठोट गरी गणित विषयमा नै भर्ना भएकी छ । गणित पढ्ने क्रममा नोटहरू बनाउने क्रममा दिपेशसँग लिने गरेको सहयोग विस्तारै प्रेममा परिणती भएको छ । जुन प्रेम एक अर्का विना जीउन असफल भैसकेको छ तर दुर्भाग्य बस दुई वर्ष अध्ययन कालको आप्रवासमा दिपेशद्वारा त्यो प्रेम रुपी डोरी छिनालियपछि पिडित पात्रका रुपमा कथामा प्रस्तुत छ जसको केन्द्रियतामा नै कथा निर्मित छ ।

**ख) दिपेश**

दिपेश क्षमा कथाको बीनुलाई विश्वास घात गर्ने पुरुष पात्रको रुपमा चित्रित छ । जो विद्यालयको अध्ययन सकेर उच्च शिक्षाका लागि कलेजमा भर्ना भएकोले उ शिक्षित भएर पनि अरुलाई छल गर्ने पात्रका रुपमा यस कथामा उपस्थित भएको छ ।

**ग) सागर**

बीनुले बिर्सिसकेको दिपेशको प्रसंग सम्झाउने पात्रको रुपमा कथामा प्रस्तुत भएको छ ।

क्षमा कथामा आमा, सानिमा उल्लेख भूमिका नभएका कारण गौण पात्रका रुपमा प्रस्तुत छन् ।

### ४.७.३ परिवेश

उच्च शिक्षाका लागि भर्ना भएको कलेज र कलेज वरीपरिको वातावरणले कथा सहरी परिवेशमा निर्माण भएको देखिन्छ । तापनि कथाले कृतिमता वोध गरेको अवस्था छैन ।

### ४.७.४ उद्देश्य

क्षमाकथाको मूल उद्देश्य भनेकौ नै यौवनले उन्मत्त भएको अवस्थामा गरिएको बाचा बन्धन दिर्घकालीन हुन सक्दैन जसले कुनै पनि व्यक्तिको जीवन तहस नहस हुनसक्छ ।

### ४.७.५ भाषाशैली

क्षमा कथाको प्रयुक्त भाषाशैली सरल, सहज शब्दसंयोजनका कारण सबै पाठकका लागि बोध गम्य नै छ । एकालापिय शैलीमा प्रस्तुत कथाले हाम्रो समाज वरपर घट्ने घटनाको प्रतिनिधित्व गरेको आभाष मिल्छ । विशेष गरि एक प्रेमीबाट बिछोडीएको प्रेमिकाको दर्दनाक अवस्था कथामा प्रस्तुत भएकाले कथा पढ्दा कारुणिक अवस्था भएको बोध हुन्छ ।

### ४.७.६ दृष्टिविन्दु

विगतमा भएका दुई प्रेमी र प्रेमीकाको बिचमा घटेका अनेकौं घटनालाई बिर्सिसकेको अवस्थामा पुन : कसैले सम्झाएर पिडित आत्मालाई सान्त्वना नहुने कुराबाट (यति लामो अन्तराल पछि पनि दिपेसका कुराहरु सझाएर मेरो मनको घाउमा नुनचुक छर्कने प्रयास नगर सागर) कथाको उठान भएकाले कथामा मिश्रित किसिमको दृष्टिविन्दु भएको स्पष्ट हुन्छ ।

## ४.८. परिणति कथाको सन्दर्भ

कुनै पनि सन्तानले आफ्नो आमा र बाबाको माया र ममता नपाउँदा बालकको जीवनमा आएको परिणतिलाई देखाउनुका साथै जन्मदिने आमाले आफ्नो भौतिक सुखको मोहमा पारेर जब सन्तानलाई पाखा लगाउँछ । तब सन्तानहरू कस्ता कार्य गर्न प्रेरित हुन्छन् भन्ने कुरालाई नविनका माध्यमबाट व्यक्त गरिएको छ ।

### ४.८.१ कथानक

कार्तिक महिनाको पूर्णमाको रात जेलघरमा बजेको घण्टीको चर्को आवाजले एक्कासी नवीनको निन्द्रा खुल्छ । न जाडो  नगर्मी शीतल हावाको स्पर्शले शीतलताको अनुभव भएपनि आफ्नो अतीतको घटनाले हृदयमा जलनको अनुभव गर्दछन् । आज पच्चीस बसन्त पुगेको नवीन जन्मदिनको कल्पनामा डुब्छ ।  अपशोच नवीनको आमासँग विछोड भएको २० वर्ष भएको छ । आमासँग विछोड नभएको भए ऊ पनि आफ्नै साथी सुमन जस्तै डक्टर र उमेश जस्तै प्रोफेसर हुन्थ्यो की ?

कुसुम कुल घरानकी छोरी थिइन् । त्यसैले बाबु ईश्वरजंगले आफ्नै कुल मूलको केटोहेरी धुमधामसँग विवाहगरिदिएका थिए । शुरुका एक दुई वर्ष नयाँ दुलही भएका कारण घर खान अप्ठ्यारो परेन, । विस्तारै काममा जोतिनु पऱ्यो । ठूलो जाहन, ठूलो खर्चको कारण कुसुमले सोचे जस्तो नपुग्ने भयो । पति ज्ञानवीरलाई विभिन्न कुरा सुनाएतापनि कुशल व्यवहार भएकाले त्यसतर्फ ध्यान दिदैनथे । स-सानो कुरामा घर झगडा निकाल्थिन् । ज्ञानवीर सम्झाउँथे तर आफ्नो ढिपी नछोड्ने भएकाले कुशुमको घरमा मेल हुन सकेन ।

दुईवर्षको नवीनलाई लिएर माइत लागिन् । पटक पटक खबर र मानिस पठाउँदा समेत कुशुम घर फर्कीनन् ।

आश्विन महिना, दशैं नगिचिदै थियो लाहुर खान गएका पल्टनेहरू गाउँमा फर्कदै थिए । त्यसमध्ये मदनसिंहको आगमनले गाउँ नै भरिलो भएको थियो । उसमा जवानीको आकर्षण थियो । नवरात्रीमा गाउँको मन्दिरमा कीर्तन, रोटेपिङको क्रममा कुसुम र मदन सिहको बिचमा आर्कषण बढ्न गएछ । हुदाहुदा कुसुम पनि मदनसिंहसँगै पल्टनमा जाने भइन् । तिहारलगत्तै नवीनलाई आमाको जिम्मा लगाई कुसुम हिडिन् बाँकी जीवन मदनसिंहसँग नयाँ गृहस्थी कायम गरेर ।

मावली घरमा आश्रय लिएको नवीन मामाको छोरो किशोरको थोत्रा लुगा र थोत्रा कापी, झोलामा हुर्कदैं गयो । कहिलेकाँही बज्यैबाट मातृस्नेह धेरथोर पाएको नविन त्यो पनि बज्यैको देहावशान पछि समाप्त भयो । टाइफाइडले थलिएको नविन हेरचाह कसैबाट पनि नहुँदा ढिलै भए पनि निको भई माइजुको नराम्रो व्यवहार र बोलीले गर्दा पानी परको रातमा घर छोडेर हिड्न वाध्य भयो । मुग्लान पस्ने सोचले दुई दिनको निरन्तर हिँडाइ पछि भोक र थकाइले ग्रस्त भएकोले होटलको छिंडीमा पल्टिन्छ, मध्यरातको चिसोले निद्रा भङ्ग भई आँखा खुलेको नबिनले नजिकै सुतिरहेको महिलाको घाँटीमा लगाएको सिक्रि चोरी हिड्छ । प्रत्येक काममा मेरी आमाले र बुबाले गर्न हुने मैले गर्न नहुने आदि आदि प्रसङ्ग मनमा खेलाउँदै विरक्त मन लिएर शहरमा पुग्छ । शहर पुगेकै रात शाहूको घरमा सेफको सफाई गर्ने मौका पाउँछ । सडकमा बलेको बत्तिको प्रकासमा पालेले सुँइको पाउँदा होहल्ला बढ्छ । नविनलाई लखेट्दै आएको पालेलाई हातमा रहेको छड्ले हान्दा रगताम्य भई संसारबाट विदा लिन्छ । नविन हत्याको अभियोगमा जेल पर्छ ।

## ४.८.२ पात्रविधान

### क) नविन

नविन यसकथको प्रमुख पुरुष पात्र हो । उसैको केन्द्रविन्दुमा कथानक अगाडि बढेको छ । उ एउटा आमा बाबुको माया, ममता, स्नेहबाट वञ्चित पात्र हो । भौतिक सुखबाट लालायित आमाले मामाको घर लगेपछि त्यही मामा घरमा छोडि अर्को विवाह गरि प्रवास

पसेको छ । यसरी आमाले छोडेको मामा घर आश्रय लिएको नविन माइजुको व्यवहारले घर छोडि मुग्लान पस्न बाध्य हुन्छ । मुग्लानमा पनि विभिन्न नराम्रा कार्य गर्न पुगेको नविन ज्यान मारेको अभियोगमा जेलमा बस्न बाध्य हुने पात्रको रुपमा उपस्थित छ ।

**ख) कुसुम**

परिणति कथाको प्रमुख पात्र नविनको आमा हो कुसुम । विवाह पछि पनि माइतीको सुख सयललाई नविर्सिदा घरपरिवार, पति र आफ्नो प्यारो मुटुको टुक्रा जस्तो छोरालाई समेत लत्याइदिएर लाहुर खानाबाट आएको लाहुरे मदनसिंहसँग विवाह गरी मुग्लान पस्ने पात्रको रुपमा यस कथामा उपस्थित छे ।

**ग) ज्ञानवीवर**

नविनका बाबु हुन् ज्ञानवीर । यिनी धेरै पढेलेखेका नभए पनि महत्वाकांक्षी कुसुमलाई हरपल सम्झाउने पात्रका रुपमा कथामा आएका छन् । तर पनि ज्ञानवीर कुसुमले दुई वर्षको नवीनलाई लिएर माइत गई बसेपछि अर्को विवाह गरी घरजम बसाल्ने पात्रका रुपमा कथामा उपस्थित छन् ।

कथामा उल्लेख भूमिका ननिभाएका ईश्वरजंग, नविनका मामा, माइजु, किशोर, बज्यै मामाको घरमा काम गर्ने नोकर चाकरहरू गौण पात्रका रुपमा यस कथामा प्रस्तुत छन् ।

## ४.८.३ परिवेश

कथामा प्रस्तुत भएका जेलघर, कुसुमको घर, लाहुरखान गएका पल्टनेहरू गाउँ फर्किए दृश्य, नवीनको मामाघर, मुग्लान पस्ने सिमानाको होटल, नवीन विरक्त मनलिएर पुगेको शहर, साहुको घर, पाले, बत्तिको प्रकाश जस्ता ठाउँहरूले कथा ग्रामीण र शहरिया दुवै परिवेशलाई इङ्कित गरेता पनि कृतिमताको आभाष नभई यथार्थ घटनाको आभाष मिल्छ ।

### ४.८.४ उद्देश्य

यस परिणति कथाको मुख्य उद्देश्य जन्मदिने आमाले आफ्नो भौतिक सुखको मोहमा परेर जब सन्तानलाई नै लत्याइदिन्छन् । त्यस पछि सन्तानले उचित मार्गदर्शक, माया र ममताको अभावमा नराम्रा कार्यहरू गर्न प्रेरित हुन्छन् । साथै विवाह भएर घर गई सकेकी चेलीले माइतीको सुख सयललाई नविर्सिदा परिवार नै तहसनहस हुन्छ भन्नु हो ।

### ४.८.५ भाषाशैली

यस कथामा सरल सहज भाषा शैलीको प्रयोग गरेको छ । जसले गर्दा कथा बोध गम्य भएको छ । यत्रतत्र समाजमा भए गरेका यथार्थ घटनालाई टिपेर कथा प्रस्तुत भएकाले कथा ज्यादै सरस भएको छ ।

### ४.८.६ दृष्टिविन्दु

आमा र बाबुको स्नेहबाट वञ्चित भएको र आफन्तले विशेष गरी माइजुबाट अपहेलीत भई मामाघर बस्न नसक्ने भएपछि थोत्रा लुगाको कुम्लो बोकेर मुग्लान पसेको नवीन उचित मार्गदर्शकको अभावमा नराम्रा कार्यहरू गर्न तत्पर हुन्छ त्यसको परिणति पश्च्यात जेलमा पुगेको नविन जेलघरको रात्री २ बजेको घण्टीले एक्कासी निन्द्रा खुलेको प्रसंगबाट कथा प्रारम्भ भएकाले कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ४.९ धोखा कथाको सन्दर्भ

प्रस्तुत धोखा कथा बाँच्ने रहर कथा सङ्ग्रहमा संग्रहित एउटा कथा हो । यस कथामा दुई प्रेमी र प्रेमिका विच हुने सम्बन्ध र त्यो सम्बन्धलाई समय र परिवेश अनुसार विभिन्न बहाना गरेर आफ्नो अनुकुलको बाटो तय गर्ने स्वार्थी प्रेमिकाको चरित्रलाई कथाले देखाएको छ ।

### ४.९.१ कथानक

रेणु शब्द मेरो आँखाको नानी भन्दा पनि प्यारो । मेरो जीवनको अँधेरी रातको प्रकाश । मेरो कल्पना, मेरो आशा, तिमी हौ वर्षात र बसन्त । टेबुल टेनिस कोठामा

गाँसिएको हाम्रो मुटुको ढुकढुकी म सधैँ प्रस्ताव राख्थे अनि तिमी आफ्‌ना इच्छालाई दबाएर अहँ र छि : भो के भन्लान ? भनि प्रत्युत्तर दिन्थ्यौं ।

मलाई थाहा थियो । रेणु तिमी मलाई कति माया गर्थ्यौ । टिस्टाको वनभोजबाट फर्किदा भएको मोटरसाइकल दुर्घटना परेर म हस्पिटलमा भर्ना हुँदा भएको विहोस, कोइलाबासको उकालोमा चीसापानीको ढिकमा बसी, बसेको जोडी ढुकुरलाई हान्न लाग्दा औलाले नाल छोपी हामी दुईमा कसैलाई चुँडाइदिए एक अर्कामा कसरीव बाँचौला भन्ने प्रश्नले साथै विद्यालयबाट ढिला फर्किदा तिमीलाई आस्वस्त पार्ने कसमले हामी दुईको सम्बन्ध स्पष्ट हुन्छ रेणु ।

तिम्रो निम्ति हजार शिव मिल्न सक्थ्यो होला तर मेरो पथमा म जस्तै रजनी, सरलता र कान्ता नआएका होइनन् तर मैले उनको आत्मालाई लत्याए रेणुको आत्मसम्मानको लागि र मेरो म को लागि । रेणु मानिसहरु कसरी बेचिन्छन् । निर्लज्ज भएर आफ्‌नो म लाई बिर्सेर तर कम्ती छैनन् गरिब भएर पनि आत्मसम्मान जोगाइ राख्ने स्वभिमानीहरू । सत्र जनालाई विवशतावस पोइ बनाउछे भने त्यो चरित्रहीन मानिदैन रेणु तर जसले आत्मा कसैसँग बेचिसकेर पनि अर्कोलाई अपनाउँछे म भन्छु त्यही हो चरित्रहीन बेश्या ।

हत्यारा बन्नको लागि मान्छे काट्नु पर्दैन रेणु धोखा नै ठूलो हत्या हो मानवका लागि । यसै हुन्छ धन नहुने र विश्वास गर्नेहरूलाई धोखा पगपगमा किनकी आत्मसम्मान नभएका धोकेबाजहरू असंख्यक छन् । गल्ली र चोक चोकमा ।

### ४.९.२ पात्रविधान

**क) म-पात्र**

यस कथाको प्रमुख पात्र म हो । उसैको सेरोफेरोमा कथाको विषयवस्तु अगाडी बढेको  छ । म ले रेणुलाई असाध्यै प्रेम गर्छ । रेणु पनि 'म' लाई । यसरी दुईवटा ढुकढुकी नै एक भैसकेपछि रेणु म पात्रलाई धोखा दिई अर्को ठाउँमा विवाह गरेपछि हत्यारा बन्नको लागि मान्छे काट्नु पर्दैन, धोखा  । हो धोका नै ठूलो हत्या हो मानवका लागि भन्ने उद्‌गार निकाल्ने र आफ्‌नो मनलाई सान्त्वना दिने पात्रको रुपमा 'म' पात्रको उपस्थिति भएको छ ।

**ख) रेणु**

धोखा कथाको स्त्री पात्र रेणु हो । जसले म पात्रलाई प्रेम रुपी जालोमा फसाइँ अन्यत्रै विवाह गरेकी छ । त्यसैले धोखा कथामा अरुलाई प्रयोग गर्ने अनि छाड्ने धोके प्रेमिकाका रुपमा यस कथामा उपस्थित छ ।

कथामा उल्लेख्य भूमिका ननिभायका तर म पात्रले आफ्नो पथमा आएका भनि वर्णन गरेकाला रजनी, सरला र कान्ता गौण पात्रका रुपमा उपस्थित छन् ।

## ४.९.३ परिवेश

कथामा प्रयुक्त विद्यालयको टेवुल, टेनिसकोठा, टिस्टाको बनभोज, इमरजेन्सी, प्रतिक्षालय, कोइलाबासको लामो उकालो, चीसापानीको ढिक जस्ता ठाउँहरू विभिन्न परिवेशको रुपमा कथामा प्रस्तुत गरिएको छ जसले कुनै स्थान ढुकढुकी गाँसीएको कुनै स्थान एकको अभावमा अर्को बेहोस भएको जस्ता प्रसंग कथाले बोध गरेता पनि विशेषगरी प्रेम प्रसंगमा नै कथा केन्द्रि छ ।

## ४.९.४ उद्देश्य

कथा प्रेममय परिवेशमा निर्माण भएकाले प्रेमी र प्रेमिका विच कस्तो सम्बन्ध हुनुपर्छ, दुई बीचको सम्बन्धलाई कसरी दरिलो राख्न सकिन्छ । साथै कुनै निहँमा एकले अर्कोलाई विश्वासघात गरी अलगबाटोको तय गर्छ त्यो नै ठूलो धोखा हो र धोखा ठूलो हत्या हो मानव जातिका लागि । जो कोहिले विवशतावस सत्र जनालाई पोइ बनाएता पनि चरित्र हिन् मानिदैन यदि आदि आत्मा पवित्र छ र त्यसको देवता एउटै छ भने तर जसले कसैसँग आत्मा बेचेर अर्कोलाई अपनाउँछे त्यो नै चरित्र हीन वेश्या हो भन्ने छर्लङ्ग पार्नु नै यस धोखाकथाको उद्देश्य देखिन्छ ।

## ४.९.५ भाषाशैली

यस कथामा प्रयोग भएको भाषाशैली पाठकका लागि बोध गम्य छ । पाठकलाई जटिलता सिर्जना नै नगरी सरल र सहज रपले बुझ्न सक्ने भाषाशैलीको प्रयोग भएको छ ।

### ४.९.६ दृष्टिविन्दु

धोखा कथाको प्रमुख म ले आफ्नो ढुकढुकी रेणुलाई प्राणसरी माया,ममता गर्ने कुराबाट "रेणु" कति प्यारो लाग्छ मलाई ..............। शुरु भएकाले कथामा तृतीय दृष्टिविन्दु प्रयोग स्पष्ट देखिन्छ ।

## ४.१० अन्तद्वन्द्व कथाको सन्दर्भ

बाँच्ने रहरकथा संग्रहमा संग्रहित अन्तर्द्वन्द्व कथा पनि एउटा कथा हो । यस कथामा आफूले गर्ने कर्तव्य बोध विर्सिएर, मात्र आफ्नो शरीरलाई देखावटी तडक भडकमा लिप्त गराउने शीलाले आफ्ना सासु, ससुरा, देवर, नन्द  आदिलाई आफूबाट पन्छाई पतिलाई समेत संकटमा पारेको अवस्था  कथामा स्पष्ट रुपमा प्रस्तुत गरिएको छ । वर्तमान अवस्थामा आधुनिकतामा आफूलाई भूलाउने स्त्रीहरू र हाम्रा घर वरपर पाइने पारिवारिक सन्दर्भ का साथै त्यसले उब्जाउने पारिवारिक अन्तर्द्वन्द्वलाई कथामा स्पष्ट पारिएको छ ।

### ४.१०.१ कथानक

शीलाबन्द गर खारिएका तिखा मयनका काँडा जस्ता शब्दहरु तिमी स्वतन्त्र छ्यौ, बाटो खुल्ला  छ ।

बोल शिला ! यदि शब्द छन् प्रशस्त तिमीसँग मलाई लाञ्छन  लगाउने ।  तिम्रा खुसीका लागि आफ्नो खुसी बलिदान समेत दिँदा आखिर मैले केपाए ? तिमीले सोचेको सबै उसैदिन पुग्नुपर्छ, यदि ढिलो भैहाल्यो भने गनगन थनथनका ओइराहरू ओइदिन थाल्छन् । तिमी जस्ता धेरै हाकिमनीहरू मैले देखेको छु जो श्रीमान्को दुःखसँगै दुखी हुने सुखसँगै सुखी हुने तर तिमी सधै मस्त हुन्छ्यौ  मात्र आफ्ना मिठामिठा सपना योजना र नयाँनयाँ कस्मेटिकक्सको चाहनामा ।

तिमी त्यसबेला रमाउँछ्यौ जब तिमी पार्टीमा हुस्कीको चुस्कीमा रम्न, अनि श्रीमान्को परवाहै नगरी पप्म्यूजिक मा रम्न । तर तिमीले के परिवार सोचेकी छ्यौ कि पति ? तिम्रो हृदय नदुखाउन हर प्रयास गरे, यतिकी पेश्कीले पछिको पेश्की पनि नपुग्दा भ्रष्टचारको टोपी लगाउनु पर्ने हुँदा समेत तिम्रा नयाँ चाहनाहरू अधुरै हुन्छन् । मेरो पनि

चाहना छन् । भविष्यको लागि सावेच्नुपर्ने तर त्यो फुर्सद मैले पाएको छैन । तर पनि तिमीमा ठूला व्यक्तिहरूसँग विवाह गरी विदेशमा रम्ने रहरहरू अझै ताजै छन् । धेरै सहे, शीला ५०-६० वर्षका आमा-बाबुसँग विछोड गरायौ, १०र १२ वर्ष मात्र पुगेका भाइ-बहिनीहरूलाई अलपत्र पार्न लगायौ र मलाई लाग्छ म स्वयम्लाई समेत अलपत्र पार्ने षडयन्त्रमा छौ । तर तिम्रो रमेश त्यसरी दब्ने छैन, हजारौँ शीलाहरू पाउन सक्छ । तिमीलाई नै शीला बनाउन धेरै प्रयासरत रहे तर सफल हुन सकेन । आदर्श स्वास्नी मान्छे भएर बाच्न सिक, बाँच्नु भन्दैमा यसरी बाँच्नु राम्रो होइन । मलाई आपत्ति छैन, तिम्रो मनले चाहेको गर्नलाई सहर्ष विदा दिएर जान सक्छौ नविनताको खाजिमा पारपाचुके लिएर-दिएर ।

### ४.१०.२ पात्रविधान

**क) रमेश**

यस कथाको प्रमुख पात्र हो रमेश । उसकै केन्द्रियतामा नै कथाले गति लिएको छ । रमेशको पचास र साठी वर्ष पुगेका आमाबाबु छन् भने १ र १२ मात्र पुगेका भाइवहिनी । जसको पत्नीको रुपमा शीला छ । सरकारी कार्यालयमा काम गर्ने रमेशको आउने मासिक तलब भन्दा बढ्ता खर्च गर्ने, आधुनिकताको चरमसीमामा र पाश्चात्य संस्कृतिमा डुबेकी छ श्रीमती । जसका अनावश्यक चाहनालाई पूर्ति गर्न नभ्याउने स्थितीका साथै आफ्नो परिवार र आफू प्रति नै भएको नराम्रो व्यवहारको कारणले पारपाचुके दिन स्थितीमा पुग्ने पात्रका रुपमा रमेश कथामा उपस्थित छ ।

**ख) शीला**

शीला कथाको प्रमुख पात्र रमेशको पत्नी हो । जसले आफूलाई रंग्याउन पतिको आम्दानी भन्दा बढ्ता खर्च गर्ने साथै आफ्ना कार्यमा वाधा सिर्जना गरेको भान भई सासु ससुरा, देवर, नन्दलाई पाखा लगाउने कार्य गरेकी छ । पतिलाई पनि पतिको सम्मान दिन सकेकी छैन । आफ्नो वास्तविक धरातल नै बिर्सिएर आफूलाई मोजमस्तीमा डुबाउने, परिवारलाई लत्याउने पात्रको रुपमा कथामा उपस्थित छ ।

रमेशका बाबु, आमा, भाइ, बहिनी आदि पात्रहरूको कथामा उल्लेख भूमिका नभएकाले गौण पात्रका रुपमा उपस्थित छन् ।

### ४.१.३ परिवेश

कथामा बजार, पार्टि, हिस्की, अत्याधुनिक पप म्यूजिकको धुन, क्लब, नोकरीकै सिलसिलमा हुने मिटिङ, पिकनिक जस्ता विभिन्न स्थान बोध गर्ने शब्दहरूले शहरी परिवेशको बोध गरेतापनि कथामा भएको घटनालाई आधार बनाउदा अर्न्द्वन्द्व कथाको परिवेश चाहि घर परिवार नै देखिन्छ ।

### ४.१०.४ उद्देश्य

आफ्नो वास्तविक धरातल नै विर्सिएर आफूलाई मोजमस्तीमा डुबाउने नारी शुरुमा परिवारका सदस्यहरुलाई लत्याइ सकेपछि पतिलाई नै संकटमा पार्दछन् भन्ने कुरा शीलाका माध्यमद्वारा देखाउनु । कुनै पनि श्रीमान्ले  श्रीमतीका चाहिने आवश्यकतामा मात्र ध्यान दिनुपर्दछ । यदि पतिको आम्दानि भन्दा श्रीमतीको  आवश्यकता बढ्ता भएमा विस्तारै आफ्नै अस्तित्व पनि रहन सक्दैन भन्ने वास्तविकता शीला र रमेश विच घटेका घटनाहरूले छर्लङ्ग पार्नु । नारी सृष्टीका मुहान हुन्, मुहान मात्र नभई सबैलाई वसमा राख्न सक्ने हृदयकी ममताकी खानी हुन् । जसले गृहलक्ष्मी जस्तो सम्मानित ठाउँ ओगट्दा पनि पति, सासु, ससुरा, देवर र नन्दहरूप्रति आफूले गर्ने कर्तव्यबोध विर्सनु हुँदैन । तडक भडकमा आफूलाई लिप्त गराउने नारी सृष्टिको मुहान नभई भार हो भनि देखाउनु कथाका उद्देश्यका रुपमा देखिन्छन् ।

### ४.१०.५ भाषाशैली

सरल र सुबोध रुपमा प्रस्तुत भएको यस कथाको भाषाशैली सम्पूर्ण पाठकका लागि वोधगम्य छ । खामोस जस्ता एक दुई आगन्तुक शब्दको प्रयोग भएतापनि कथा जटिल नभई अझ सरस बढेको आभाष कथामा पाइन्छ । भनाइलाई  व्यक्त गर्नको लागि कुनै ठाउँमा पूर्ण वाक्य त कुनै ठाउँमा प्रश्नको प्रयोग गरिएको छ ।  जसले कथालाइ अझ बढी कौतुहलता बनाएको स्पष्ट हुन्छ ।

### ४.१०.६ दृष्टिविन्दु

अभद्र व्यवहार र तडक, भडक, मोज,मस्ती जस्ता कुराहरूबाट वाक्क भैसकेको रमेशले शिला ! बन्द गर तिम्रा वकवादपूर्ण शब्दहरू ....... तिम्रो भाषणले भन्ने वाक्यबाट कथाको प्रस्तुत भएकाले कथा तृतीय पुरुष दृष्टिविन्दुमा सं रचित छ ।

## ४.११ स्मृतिका पानाहरू कथाको सन्दर्भ

(सानै) कलिलै उमेरमा आमा, बाबु गुमाइसकेपछि पढ्ने क्रममा कसैलाई आफ्नै ठान्न पुगेको व्यक्ति नै आफूबाट अनायासै टाढा भईदिँदा विद्यार्थी जीवनमा शिक्षकहरूले शैक्षिक भ्रमणमा लैजाँदा र त्यसभन्दा अगाडि पछाडिका विभिन्न घटनाहरूलाई स्मृतिको रुपमा सजाएको सन्दर्भ यसकथामा उल्लेख छ ।

### ४.११.१ कथानक

रातको दोस्रो प्रहार वितिनसक्दै अनायास निदबाट ब्यूँझन्छु, विस्तारा रित्तै पाउँछु । अर्माको पिकनिकमा हाँसेको सम्झँदै मनुलाई पुन हाँस्न अनुरोध गर्छु । के कारणले त्यती रमाइलो पिकनिक छोडी घर फर्केको ? बुवा मुमाले केही भन्नु भएन ?

मनु तिम्रो जीन्दगी र मेरो जीन्दगीमा विपरितता देख्छु किनकी तिमी पूर्णेको चन्द्र झैँ र म सधैँ आसीको कालो रात । प्रकृतिको र मेरो सधैँ विपरीतता भएकाले नै सानै उमेरमा आमाबाबु गुमाए, अनाथालयमा आश्रय पाए । विभिन्न कविताका माध्यमबाट तिमी र ममा आएको सामिप्यता, जसको कारणले म उद्दीप्त बनेको छु । मेरो जन्मदिनमा पठाएको उपहार सुनछरो झरना, छेउमै पानी हाँसका जोडीहरू तैरिरहेको अझै मेरो कोठामा र जुन आत्मासँगै गाँसिएको छ । मनु तिमी मामा घर बस्न जाँदा लेखेको पत्र अहिले सम्म फर्काइ फर्काइ पढ्छु, श्वास बढेर आउँछ, छटपटिन्छ, पसिनै पसिनाले निथ्रुक्क पर्छु । कुन कारणले वर्तमानमा टाढिएको मनु, तिमी छेउँमै बसेर मेरो पीडामा साथ दिनुपर्छ । मेरो टाउको दुख्दा आत्तिने मनु आज जिउँदो शरीर जलिसक्दा पनि अचेत छौ । थाहा छ मनु तिमी सत्य बोल्न डरायौ । बुबा आमालाई सत्यलुकाएर असत्ती हुन डर मानिनौँ । आखिर सत्य सत्य नै हुन्छ । हिजो लुकाएको सत्य आज प्रष्ट भै हाल्छ । एउटा आत्मालाई

जिउँदै जलायौं । अर्को आत्मालाई बाह्य संसार नै हेर्न नदिइ गुमायौ, अनि आफै गुम्यौ । प्लीज मलाई पनि तान मनु तिमी  जहाँ छौ ।

## ४.११.२ पात्रविधान

### क) म -पात्र

स्मृतिका पानाहरू कथाको प्रमुख पात्रका रुपमा म उपस्थित छ । जसको विलौना र सम्झनामा कथाले गति लिएको छ । ऊ सानै उमेरमा बाबुआमा गुमाई अनाथालयमा आश्रय लिई हुर्केको छ । जसले मनुलाई आफ्नो वितेको सम्पूर्ण खुसीको रुपमा अँगालेको छ । तर मनुसँग एकाएक विछोड हुँदा विगतमा भएका घटनाहरूलाई स्मरण गरी दुःख व्यक्त गर्ने पात्रको रुपमा यसकथामा उपस्थित छ ।

### ख) मनु

मनु यस कथाको प्रमुख पात्र 'म' को प्रेमीका हो । जसले म पात्रलाई असाध्यै प्रेम गर्दछे तर आफ्ना बाबुआमासँग वास्तविक कुरा गर्न डराई अर्कैसँग विवाह गर्न पुग्दछे । म पात्रलाई अधुरै छाड्नुको साथै  अन्तिममा आफै पनि गुम्नपुग्ने पात्रका रुपमा यसकथामा उपस्थित छ ।

ओम, गुरु, गुरुमा, मनुका बुबाआमा आदि पात्रहरूले कथामा उल्लेख्य भूमिका ननि भएकोले गौण पात्रका रुपमा उपस्थित छन् ।

## ४.११.३ परिवेश

शैक्षिक भ्रमणमा अर्मामा गएको पिकनिक, बाबुआमा नभएका बालबच्चालाई आश्रय दिई हुर्काउने अनाथालय, म पात्रको जन्मदिनमा मनुले दिएको उपहार सुनछरो झरना र छेउमै पानीहाँसका जोडीहरू आलिंगन गरी तैरीरहेको हस्त चित्र म पात्रकै कोठामा टाँसिएको साथै मनुको मामाघर कालिङपोङ जस्ता विभिन्न ठाउँलाई कथामा परिवेशको रुपमा लिइएको छ । यसरी कथाले विभिन्न स्थलहरू परिवेशको रुपमा चयन गरेतापनि

मूलरुपमा म पात्रको आफ्नै कोठालाई अझै भन्नुपर्दा प्रेम प्रणय परिवेशलाई कथामा देखाइएको छ ।

### ४.११.४ उद्देश्य

जब एकले अर्कालाई आफ्नै ठान्छ, बाँच्ने सहारा ठान्छ, विभिन्न वितेका घटना श्रृंखलाहरूलाई स्मृतिको मानसपटलमा ताजै राख्छ । सानैमा आफ्ना सम्पूर्ण साहरा गुमाएर कसैलाई पछि आफ्नै ठान्छ, त्यस्तो व्यक्तिलाई जस्तोसुकै अवस्थामा पनि साथ दिनु पर्दछ । कसैको जिवन प्रति कुठराघात गर्नु हुदैन । यदी यस्तो भएमा  कसैको जीवन पनि सुखमय र राम्रो हुँदैन भन्ने स्पष्ट पार्नु नै  कथाको मूल उद्देश्यको रुपमा देखिन्छ ।

### ४.११.५ भाषाशैली

कथा सरल, सहज र सरस भाषाशैलीको प्रयोग गरेकाले सम्पूर्ण पाठकका लागि कथा बोध गम्य बनेको छ । वर्तमान समयका प्रेमी प्रेमीकालाई गर्न नहुने कार्यको सुझाव दिएकाले कथामा यथार्थ घटनाको आभाष मिल्छ ।

### ४.११.६ दृष्टिविन्दु

सम्पूर्ण कुरा गुमाइ सकेको मानिसलाई कसैले माया र ममता दर्शाइदियो भने आफ्नै ठान्न पुग्छ । जसलाई जीवनको साहराको रुपमा लिन्छ । त्यस्तो व्यक्ति नै एकाएक टाढा हुँदा घटेका, रमाइलो नरमाइला घटनाहरू मानसपटलमा खेलाउन पुग्दा कथाको शुरुवात भएकाले (मनु ! अर्माको हाम्रो शैक्षिक भ्रमण .....)   कथामा मिश्रित किसिमको दृष्टिविन्दु देखिन्छ ।

## ४.१२ बाँच्ने रहर कथाको सन्दर्भ

देशकै एउटा शक्तिका रुपमा रहेको युवा दिनेश आफ्नो बाबुको व्यापारको घाटाका कारण परिवारले नै भएको घरबार बेची दु :ख काट्न विवश छन् । विभिन्न चोट र वेदना पछि आमा र  बाबु दुबै नै गुमाई अलपत्र पनि परेको छ । यस्तो अवस्थामा योग्यता अनुरुपको काम नपाउँदा बरालिन पुगेको पात्र दिनेश भोक मार्नका लागि कुनै पनि कुरा

नपाउँदा अन्जानमै रक्सी, चुरोट, अफिम चरेस, गाँजा, स्मैक, हेरोइन, मेन्डेक्स र ब्राउन सुगर जस्ता नशामा आफूलाई लिप्त बनाई त्यसबाट उम्कदा पनि आफ्नो प्राण सुनिश्चित नहुने कुरा कथामा उल्लेख छ ।

## ४.१२.१ कथानक

हो मेडमा ! मलाई बाँच्ने रहर छ ,सुध्रिने रहर छ, तर नशाले बर्बाद गरिसकेको छ । धेरै समयपछि आफ्नै घरको वरण्डामा मैलो शरीर र झुत्रा कपडामा उषाले दिनेशलाई चिन्न गाह्रो पर्दछ । दिनेशको आमा र आफ्नै छोरो उदितको सम्झनाले गर्दा उषा बोल्न बाध्य हुन्छिन् । आँखा रसाउँछन् , अतीतको सम्झना हुन्छ । उषा दिनेससँग विभिन्न प्र श्न गर्छिन् । भोलिका देशका कर्णधार, तिमीहरूलाई युगले पर्खेको छ तर यो अफिम, चरेस, गाँजा स्मैक, हेरोइन, मेन्डेक्स र ब्राउनसुगरको लत कसले र कसरी ? तिमी जस्ता होनहार युवकको यो हविगत यो रुप यो रंग । धिक्कार छ तिम्रो स्मैक र हेरोइनको युग अनि ड्रग एडिक्सन र ब्राउन सुगरको युगलाइ । समय छ अझ तर आवश्यकता छ, संयम र दृढविश्वासको । बोल दिनेस किन बोल्दैनै मेरा  शब्दमा कटुछ । उषाको यति बोली सुनिसकेपछि दिनेस भन्छ हो मेडम मलाई नशाले वर्वाद गरिसकेको छ । मलाई बाँच्ने रहर छ, सुध्रिने रहर छ तर ..... मेडम मलाई नशाले यसरी गाँजिसकेको छ जसबाट म ब्यूझनासाथ अतीतको सम्झनाले छाती छियाछिया पार्छ, म हराउँछु  वेदनामा मात्र म ठगिएको छु । मातृ स्नेह र बाबुको दायित्वबाट वञ्चित छु । के उदितले झै स्कूल पाए,वाावरण पाए ? बाबुले ठेक्का पट्टाको काममा घाटा खाएकाले भएको घरबार बेच्नुपऱ्यो झुग्गी वस्तीमा सानो छाप्रोमा जेनतेन शरण लिनु पऱ्यो । त्यहाँको कष्ट प्रद जीवनबाट चिन्तित बन्न पुगेकी मेरी आमाले चिन्तैमा ज्यान गुमाउन पुगीन भने वेदना खप्न नसकी रक्सी सेवनका कारण बाबु टि.वी. को शिकार बन्न पुगे । त्यस पश्च्यात ज्यान पाल्नै धौ धौ परेको अवस्थामा कहाँको बोर्डीङ, कहाँको स्कूल र कलेज । यस्तो हुँदाहुँदै विभिन्न ठाउँमा कामको लागि भौतारिए, काम नपाएपछि रक्सीको जुठा गिलास माझ्ने र रक्सी पुऱ्याउने काममा नोकरी पकड्नु पऱ्यो शुरुमा रहरले थोर धेर पिउन थाले विस्तारै नशाले नशा माग्छ । भनेझै सुस्त सुस्त बिडि, कक्कड, गाँजा, अफिम, स्मैक, हेरोइन, र हेर्नोस यी अहिले त ब्राउन सुगरमा समेत लागियो । जसले गर्दा अतितका सम्पूर्ण नराम्रा कुराहरू विर्सिन्छ भोक मेटीन्छ ।

यो समाज जसले सामान्य आवश्यकताहरू पूरा गर्न अदिई अभावमा रुमाली विभिन्न नसाको लतमा पार्न वाध्य बनायो । मेडम स्वच्छ वातावरण चाहिन्छ, अनि अवसर, प्रत्येकलाई मानव भएर बाँच्न जुन प्रयास तपाईंबाट तपाइँजस्तैबाट र समाजबाट हुन सक्छ ।

## ४.१२.२ पात्रविधान

### क) दिनेश

बाँच्ने रहर कथाको प्रमुख पात्र दिनेस हो । जसको बाबुले ठेक्का पट्टाको काममा घाटा बेहोरेर घरबार बेच्दा, आमाले चिन्तै चिन्तामा संसार छोडिन । सम्पूर्ण वेदना खप्न नसकी बाबु टि.वी. को शिकार भई मृत्यूवरण गरे पश्च्यात कामको खोजीमा हिड्ने र आफ्नो योग्यता अनुरुपको काम नपाउँदा नराम्रै काम भए पनि रक्सी पसलमा गर्न वाध्य हुने पात्र हो दिनेस । यसरी रक्सीकै पसलमा बस्दा बस्दै बलजफ्ती अनि रहरै रहरमा धेरै थोरै पिउन थाल्ने र पछि बानिकै रुपमा परिणत गरी आफूलाई विडी, कक्कड, गाँजा, अफीम स्मैक, हेरोइन र ब्राउन सुगरको नशामा नै आफूलाई लठ्याउने र आफ्ना र चाहना सबै विर्सिदिने पात्रको रुपमा दिनेस यस कथामा उपस्थित छ ।

ख) उषा - दिनेशलाई लठ्ठिएको र वरण्डामै ढलेको स्थितीमा देखेपछि तिमी कसरी र कीन यो बाटोमा लाग्यौ भनि कारण सोध्ने र अझै पनी सुध्रिने समय छ भनि सल्लाह प्रदान गर्ने स्त्री पात्रको रुपमा कथामा उपस्थित छिन् ।

ग) बाबु - बाच्ने रहर कथाको प्रमुख पात्र दिनेशको वुवा हुन् । जसले ठेक्का पट्टा को काम राम्ररी नसमाल्दा घर समेत डुबेको स्थिति छ । जुन कारणले सम्पूर्ण परिवार तहसनहस भएको छ ।

घ) दिनेशकी आमा , उदित , दिनेसका भाइ बहिनी , कथाका गौण पात्रका रुपमा उपस्थित भएका छन् । यिनीहरुले कथामा उल्लेख्य भुमिका निभाएका छैनन् ।

### ४.१२.३ परिवेश

दिनेशका बाबुले गर्ने ठेक्काको काम, आफ्ना आवश्यकता पूरा नभई काम गर्न बसेको रक्सीको पसल, अफिम, चरेस, गाँजा जस्ता नशालु पदार्थको वर्णन, दिनेस लठ्ठिएर पल्टेको घरको वरण्डा आदि वस्तु र स्थान परिवेशको रुपमा आएका छन् । तर कथाले यति सीमित परिवेशलाई मात्र बोध नगरी व्यापक रुपमा आधुनिकताको चरम परिणतिमा पुगेका युवाहरूलाई परिवेशको रुपमा चयन गरेको स्पष्ट हुन्छ ।

### ४.१२.४ उद्देश्य

कनै पनि, देशलाई अगाडि बढाउने शक्ति मात्र त्यस देशको युवासँग हुन्छ । युवा नै देशका कर्णदार हुन् । जसको अभावमा देशले सहि गतिलिन सक्दैन । देशलाई कुन गतिमा अगाडि बढाउने कस्तो बनाउने भन्ने कुराको निर्धारण युवासँग प्रत्यक्ष सरोकार लिने हुँदा युवालाई सोही अनुसार अवसरहरू प्रदान गरिनु आवश्यक हुन्छ अन्यथा शक्तिका रुपमा रहेका युवाहरू कुलतमा लाग्ने जसले गर्दा उनीहरूको व्यक्तित्वका साथै देश नै संकटमा पर्दछ भन्ने कुरा देखाउनु नै कथाको मूल उद्देश्य हो ।

### ४.१२.५ भाषाशैली

लागू पदार्थका विभिन्न अफिम, चरेस, गाँजा, हेरोइन, ड्रग एडिक्सन, ब्राउनसुगर जस्ता नामहरूका कारण सामान्य पाठकलाई केही द्विविधा बनाएता पनि कथाको भाषाशैली सरस र सरल छ, जुन युवा पिढीका लागि मूलमन्त्रको रुपमा रहेको छ ।

### ४.१२.६ दृष्टिविन्दु

घरको नराम्रो आर्थिक स्थिति, शैक्षिक योग्यता अनुरुपको काम नपाउँदा आफ्नो आधारभूत आवश्यकताको रुपमा रहेका केवल गाँस, वास, कपास पूरा नहुँदा बाँच्नको लागि रक्सीका जुठा गिलास माझ्ने र रक्सी पुऱ्याउने काम गर्दा गर्दै लागेको नराम्रो लत प्रति आफ्नो आमाको साथी उषालाई स्पष्ट पार्दै भन्ने क्रममा हो मेडम ! ....... बाट सुरु भएकाले कथा तृतीय दृष्टिविन्दुबाट निर्देशित छ ।

## ४.१३ आरुकोबाट कथाको सन्दर्भ

रितु र गोपाल बीच विद्यालय जीवनदेखिनै आँकुरा पलाएको प्रेम विभिन्न स्थलमा भएको पिकनिक अनि धार्मिक स्थलको यात्रा का साथै दुवैले आफूहरूको प्रेमको प्रतिकको रुपमा रोपेको आरुको बोट जसरी शिशिरले सम्पूर्ण पातहरू झराल्छ त्यसरी नै ऋतुराज बसन्तको आगमनसँगै पालुवाहरू छाउँछन् । फूलहरूले बोछ ढाक्छन् । तर रीतु र गोपालका बीचमा कहिल्यै बसन्त नआएको र हरियाली छाउन नसकेको प्रसङ्ग कथामा देखाइएको छ ।

### ४.१३.१ कथानक

भर्खर भर्खर मात्र किशोरवस्थाको खुड्किलोमा पाइला टेक्दै गरेकी रीतु, कापी, किताब र कलमको परिवेशमा आफ्नो जीन्दगीलाई डोऱ्याइरहेको समयमा जागीरे जिन्दगीको चहलपहल अनि साहित्यिक प्रतिभाको धनी गोपालले प्रेमको विजारोपण गर्न सफल भयो । चरिंगे दह, विभिन्न ठाउँको पिकनिक, स्वर्गद्वारीको यात्रामा जाँदा विभिन्न साथीहरूले लगेका विभिन्न परिकारको स्वादलिँदै, नाच्दै, गाउँदै गरेका यात्राहरू अहिले सम्म पनि रीतुको स्मृति-स्मृतिकै पाना-पाना बनेका छन् ।

वैशाखे पूर्णिमामा स्वर्गद्वारी जाने कुरा गर्दा आमा रिसाउनुभएको वर बुबासँग कुन्ता, योजना, सविता सबै जनाजाने भएका छन् भन्दा मात्र केही कुरा सुन्नु नपरोस् है भनी चेतावनीका साथ स्वीकृति पाइयो । जानको लागि आमा र म मिली विभिन्न तयारीहरू गऱ्यौं । जानको लागि आमाले सबेरै ब्यूताउनु भएपछि तयारी बनाई राखेको सबै समान लिई साथीहरू बसेको सुर्तीबारीमा पुग्दा यात्रा सफल रहने खुसीले सीमा नै रहेन ।

विभिन्न रमाइला कुराहरू गर्दै, हाँस्दै हामी गन्तव्यमा पुग्यौ, लेकाली कागको आवाज, चुत्रा र ऐसेलुका झाँगहरू,अखण्ड धुनी, अखण्ड कीर्तन, वेदका ऋचासाथ अखण्ड धुनीको हवन, चारैतिर ब्राह्मणद्वारा पाठ गरेको त्यस वातावरणले हृदयभरि श्रद्धा भरिएर आएको । प्रभु महाँराजको गुफा भित्र प्रवेश गर्दा गोपाल डराएको गुफा माथिको थुम्कोबाट विभिन्न दृश्यहरू हेरी विभिन्न कुराहरू गर्दै एक अर्कालाई नगिचबाट चिन्यौ अनि महाँप्रभुलाई नै साक्षी राखेर आत्मा साटासाट गरी, छिट्टै एक हुने प्रण गऱ्यौ ।

गोपाल अतीतलाई कोट्याएर हेर्दा अतीत केवल सिनेमाको पर्दा जस्तो लाग्छ । संयोगबस तिमी नारायणपुर जाँदा भएको दुर्घटना र त्यो दुर्घटनामा रुमाल बाँधी फ्याक्चर भएको हातलाई समाइदिँदैमा  सम्पूर्ण बाचा अनि प्रण टुक्र्यायौँ लत्यायौ अतीतलाई जसको बीजारोपण नै तिमीले गरेका थियौ । पचासौ पटकका मेरा चिट्ठीले तिमीलाई घचघच्याउँदा पनि तिम्रो मन फर्किएन गोपाल । न त आँखा नै खुले । लोग्ने मान्छे भएर पनि आफ्नो वचनको पक्का छैन भने के मर्द ? जसको कारणले नै आज तड्पिएका छौ सुन्छु तिमी र म मिली प्रेम प्रतीकको रुपमा रोपेको आरुको रुख अनि तिमी छौ रे । रुख शिशिरको जाडोले उजाडिएता पनि ऋतु राज बसन्तको आगमन सँगै पात पलाउँछ, फूल फुल्छ तिमी हेर्छौं, हेरी रहुँ, हेर्दै रहु ……….।

### ४.१३.२ पात्रविधान

#### क) रीतु

आरुको बोट कथाको प्रमुख नारी पात्र हो रीतु । जो भर्खरमात्र किशोरावस्थामा प्रवेशगरेकी छ । किताब, कापी र कलम भन्दा बाहिरको परिवेशलाई चासो नदिने सरल र सिधा पात्रको रुपमा उपस्थित भएकी रितु, गोपालको पटक पटकको साहित्यिक मुक्तक, कविता, जागीरे जीवनको चहलपहल अनि मिठामिठा कुराहरूले आकर्षित भएकी, गोपाल प्रति सच्चा प्रेम गर्ने प्रमिकाको रुपमा उपस्थित छ । विभिन्न कारणले  आफूलाई छोडि अर्कैलाई अपनाउँदा गोपालले खेपेको दुःखको भागिदार आफू नभै गोपाल नै हो, म निर्दोष छु भन्ने साहासी नारी पात्रका रुपमा रीतु कथामा उपस्थित छ ।

#### ख) गोपाल

आरुको बोट कथाको प्रमुख पुरुष पात्र हो गोपाल । साहित्य प्रति रुचि राख्ने पात्रको रुपमा उपस्थित भएको गोपाल विद्यार्थी नभई जागीरे छ । सिधा, सरल रीतुलाई अनेकौ कुराहरू गरेर आफ्नो जालमा फसाउन सफल भएको गोपालले स्वर्गद्वारी महाँप्रभुकहाँ गई आजन्म सँगै बाँच्ने वचनवद्धता जनाउने पात्रको रुपमा पनि कथामा उपस्थित भएको छ । कसैलाई आफ्नो जालमा पारी सानो निहुँमानै विगतमा आफूले गरेका सम्पूर्ण बाचा

बन्धनलाई छिन भरमै टुटाउने स्वार्थी पात्र हो गोपाल । जुन स्वार्थी प्रवृत्तिले गर्दा भएको हराभरा जीवनलाई सम्पूर्ण अवसरहरू गुमाउने कुपात्रको रुपमा कथामा उपस्थित छ ।

ग) रीतुका बाबा, आमा, आनन्दसर, इनु, कुन्ता, योजना दही बेच्ने बुढी आमा आदिको कथामा उल्लेख्य भूमिका ननिभाई कुनै एक दुई काममा सम्वद्ध भएकाले सहायक पात्रको रुपमा उपस्थित छन् ।

### ४.१३.३. परिवेश

विभिन्न विद्यार्थीहरू अध्ययनरत हुने स्थानका रुपमा स्कूल,चरिंगे दह, स्वर्गद्वारीको यात्रा, सुर्तीबारी, प्रभुमहाराजको गुफा, नारायणपुर जस्ता नाउँहरूका साथै शिशिर र बसन्त ऋृतु पनि कथामा परिवेशका रुपमा उल्लेख भएका छन् । त्यसमा पनि रीतु र गोपालमा भएको सम्वन्धले कथा प्रेममय परिवेशमा निराशता छाएको र उजाडीएको प्रसङ्गलाई मुख्यरुपमा चित्रण गरेको स्पष्ट हुन्छ ।

### ४.१३.४ उद्देश्य

प्रेमी प्रेमिकाविच भगवानलाई साक्षी राखेर आत्माको साटासाट, अनि छिट्टै दुई एक हुने प्रण गर्ने जोडी, जसले आजन्म सँगै जीउने र सँगै मर्ने कसम खाएको हुन्छ, विभिन्न योजनामा सँगै सामेल भई एकले अर्कालाई विगतमा भएका सम्पूर्ण योजना वाचा र आफूले कसैलाई परिवन्धमा पारेको कुरा विर्सिदिन्छ । त्यस्तो व्यत्तिले सधैं भरी अवसरहरूलाई गुमाउँछ भनेर देखाउनु नै यसकथाको मूल उद्देश्य देखिन्छ ।

### ४.१३.५ भाषाशैली

कथामा प्रयोग भएको भाषाशैली पाठकका लागि बोध गम्य छ । प्रेमी र प्रेमीका बिच हुने विभिन्न रमाइला घटनाहरू कथामा उल्लेख भएकाले भाषामा क्लिप्टता नभै सरल भाषामा नै कथा सं रचित भएको देखिन्छ । साथै वर्तमान समयमा हुने स्वार्थी प्रेमी र उसले पाएको दु :खको खुलासा प्रष्टरुपमा कथामा भएकाले आधुनिक युगका प्रेमी र प्रमिका बीच हुने यथार्थ घटनाको आभाषा मिलेकाले कथा सरस भएको स्पष्ट हुन्छ ।

### ४.१३.६ दृष्टिविन्दु

रीतु र गोपालको प्रेम प्रतीकको रुपमा रोपिएको आरुको बोटमा शिशिरको चिसो तुसारो हट्नासाथ, आँकुराहरू पलाउँछन्, सेतै फूलहरू फुल्छन्, लटरम्म फलहरू फल्छन् तर आजन्म सँगै मर्ने सँगै जिउने कसम खाएको गोपालको कारणले नै रीतुको जीवनमा ॠतुराजको रुपमा रहेको बसन्त आउन नसकेको प्रसंगबाट कथाको उठान भएकाले कथामा मिश्रित दृष्टिविन्दुको प्रयो ग स्पष्ट देखिन्छ ।

## ४.१४. विवशता कथाको सन्दर्भ

प्रस्तुत कथामा कथाकारले सम्पूर्ण नेपालीहरूको दिनचर्यालाई स्पष्ट पार्न खोजेका छन् कृषि प्रधान देश नेपाल जहाँका मानिसहरू दिनभरी घाम, पानी आफ्नो जीउभरी खेपेर काम गर्दा पनि विहान र साँझको छाक टार्न अप्ठ्यारो पर्ने वाध्यात्मक परिस्थिति र त्यसैको कारणले काम अुनरुपका आफ्नो मूल्य खोज्न परदेश गएको रमेश र परदेशबाट भर्खर मात्र फर्केको शेखरको  माध्यमद्वारा देखाउन खोजिएको छ ।

### ४.१४.१ कथानक

छ महिनाको परदेश बसाँइपछि शेखर गाउँ फर्किएको  छ । प्रसवका दिन नजिकिँदै गरेकी एक महिला दिउँसोको टट्यानपुर घाममा मकै गोडिरहेकी छिन् । शेखर उनीलाई सन्चै छ भाउजु भनि औपचारिक प्रश्न गर्छन् ।

शेखरको प्रश्नको उत्तर दिँदै गरीपलाई के को सन्चै के को विसन्चै, साँझ परे साँझको छाक टार्ने चिन्ता र विहान परे विहानको छाक टार्ने चिन्ता  भनी उत्तर  दिँदै शेखरलाई पुन प्रश्न गर्दै एक छाक भात छोड्न सक्ने तर अम्मल छोड्न नसक्ने  भनी पानी खान अनुरोध गर्छिन । आफ्नो क्षमा अनुरुप सालको दुनोमा भेली राखी पानी खान दिन्छिन् ।

पतिको चिठी आएको धेरै दिन भएको र बाँचिदिने मान्छे नभएकाले त्यसै राखेको कुरा    गर्छिन् । आफ्ना बाँधेको पटुकाबाट कच्याक कुचुक परेको केही अक्षरहरू समेत मेटिएको चिठी शेखरको हातमा पार्छिन् । ध्यान दिएर चिठी सुन्छिन् चिठीमा नराम्रो कुरा

नलेखिएता पनि रुन्छिन् ।  रुनाको कारण शेखरले सोध्दा परदेश जाँदा तीन बीस रुपियाँ छोडेर गएका बीचमा एक पैसा पनि नआएको, चार चार जनाको जहान साँझ र विहान छाक टार्न नै अप्ठ्यारो परेको, आफ्ना प्रसवका दिनहरू पनि नजिकिदै गरेको र त्यसका लागि केही पनि साच्न नभ्याएको कुरा गर्दै विलौना गर्छिन ।

वन सबैजना मिलेर बचाउनु पर्छ, वन सकिए पैह्रो (पैरो) जान्छ, लालाबाला र वस्तु भाउ पाल्न गाह्रो पर्छ । आइन्दा दाउरा बेच्नु हुन्न भनि उर्दी गरेपछि साँझ विहान मुस्किलले छाक टारेको । अब कसरी टार्ने भन्ने समस्या टड्कारो परेको छ । यस्तो समस्या पर्दा आफूत भोकै बस्न सक्ने, भएका लालाबालालाई कसो गर्ने, भन्दै रुन थालिन । आफूहरू अलपत्रमा परेकाले गोटा सैयक ऋण हालिदिन  र दाजु आई तिरीदिनन् भनि शेखरसँग अनुरोध   गर्छिन् ।

एकाग्रमै उनको सम्पूर्ण वेदना सुनेको शेखर गोटाक सैयक ऋण दिने कुरा भन्दा गम्भिर बन्न पुग्छ । ठूलो परिवार पाल्नु, इष्टमित्र आएल गएल ज्वाइँ चेला, मेला पर्छ सबै त्यही एक मात्र शेखरको भरमा हुँदा गोट बीसेक रुपैयाँ त के गोटा सैयकको कुरा सून्दा स्तब्ध बन्न पुग्छ । हँसिलो फरासिलो व्यवहार भएको शेखर सबैको प्यारो छ तर त्यसलाई आपत पर्छ सधैँ सधैँ गोटा । सैयक,गोटा पचासेक, गोटा पच्चीसेक र गोटा दशेकले ।

## ४.१४.२ पात्रविधान

### क) कली

विवशता कथाले प्रमुख पात्र कली हो ।  घरको निम्न आर्थिक अवस्थाका कारण पती कमाउन परदेश गएपछि लालाबाला सहित स्वदेशै दु :ख खेपेर भएपनि बसेकी छ । पति गईसकेपछि छोराछोरीलाई खुवाउनका लागि अर्काको काममा गएर जंगलमा गएर भारी खेपेरै भएपनि र जेष्ठको घाममा नबसेरै मेहनत गर्ने परिश्रमी नारीका रुपमा कली यस कथामा उपस्थित छ । आफ्नो घरमा कोही आयो भने आफ्नो क्षमता अनुरुपको सेवासत्कार गर्ने कार्यले असल गृहिणीका रुपमा पनि कथामा चित्रित छ ।

**ख) रमेश**

विवशता कथाकी प्रमुख पात्र कलीको श्रीमान हो रमेश । घरको कमजोर आर्थिक अवस्थाका कारण श्रीमती र छोराछोरीलाई स्वदेशमै छोडेर परदेश गएको छ । जहाँबाट धैर्यताका साथ इज्जत जोगाइ बस्न श्रमतीलाई सल्लाह दिने रमेश इमान्दार र सज्जन पतिका रुपमा देखिन्छ । भने परदेशको वास्तविकता थाह पाइसकेपछि पछुताउने पात्रका रुपमा पनि कथामा उपस्थित छ ।

**ग) शेखर**

विवशता कथामा सहायक पात्रको रुपमा शेखर कथामा उपस्थित छ । ठूलो परिवार पाल्नुपर्ने वाध्यता त्यसमाथि इष्टमित्र आएल गएल, ज्वाँइ चेला, मेला, पर्व सबैलाई ध्यान दिनु पर्ने भएकाले शेखर पनि परदेश जाने र बेलाबेलामा गाउँ फर्कने गर्दछ । गाउँलेलाई मर्दापर्दा सक्दो सहयोग, पुऱ्याउने, चिठी लेखिदिने र परदेशबाट आएका चिठी पढीदिने जस्ता परेपकारी कार्यमा पनि सक्रिय हुने पात्र हो शेखर जसलाई सधैँ सधैँ पर्छ आपत गोटा पच्चीसेक र गोटा दसेशले ।

## ४.१४.३ परिवेश

गाउँमा जेठको खडेरीले खाएका मकैबारी, पर्चालिन जाने अड्डा, चामल, नुन तेल किन्न जाने बजार, दाउरा लिन जाने जंगल जस्ता ठाउँहरूले बढी गाउँले र केही अंशमा शहरिया परिवेश देखाएको छ । त्यसमा पनि विशेष गरेर दिनभरी परिश्रम गरेर आफ्नो जोहो गर्ने वातवरणमा कथा केन्द्रित भएको स्पष्ट हुन्छ । एक आध ठाउँमा परदेशको चित्रणले कथामा थमरोचकता थपेको आभाष पाइन्छ ।

## ४.१४.४ उद्देश्य

घरको मालिक नै परदेश गइसकेपछि बालबच्चा स्याहारेर घरमा बसेकी श्रीमतीलाई के कस्ता अप्ठ्याराहरू आउँछन् । परदेशमा जति काम गर्ने हो भने स्वदेशमै पनि सुन फलाउन सकिने । घरदेखि टाढा भैसकेपछि सम्पूर्ण कुराको आदान प्रदान गर्ने माध्यम चिठी

हो भन्ने देखाउनु । नेपाल कृषि प्रधान देश हुनु र त्यहाँको  वाध्यात्मक परिस्थितिलाई स्पष्ट पानु नै यसकथाको उद्देश्य हो भन्न सकिन्छ ।

### ४.१४.५ भाषाशैली

विवशता कथाको भाषा शैली अत्यन्तै सरल र सरस छ जसले गर्दा सबै पाठकले सजिलैसँग बुझ्न सक्छन् । हाम्रो गाउँघरमा बोल्ने शब्दको प्रयोग भएको कथा, बिचको केही भागमा कामको खोजिमा परदेश पुगेको रमेशले आफ्नो श्रीमतीलाई र शेखरलाई लेखेको चिठी छ । जुन चिठीमा आगन्तुक श(सलाम छामी , कोइवात , ओरे ) शब्द प्रयोग भएता पनि कथालाई बोधगम्य हुनबाट बाधा सिर्जना गरेको छैन ।

### ४.१४.६ दृष्टिविन्दु

बालबच्चा र श्रीमती छोडी परदेश लागेपछि कलीको माथि नै सम्पूर्ण अभिभारा पर्दछ । खेतमा मकै छन् -ती मकैलाई दिउँसोको प्रचण्ड घाममा पसिना चुहाई खनिरहेको । गोडिरहेको बेलामा छ महिना पछि परदेशबाट आफ्नो गाउँ आउँदै गरेको शेखरले सन्चै छ भाउजु ? भन्ने प्रश्न गरेको अवस्थाबाट कथाको प्रारम्भ भएकाले कथा तृतीय दृष्टिविन्दुमा निर्देशित छ ।

## ४.१५ पछुतो कथाको सन्दर्भ

कथाको पात्र धनजिते सम्पूर्ण कुराले पूर्ण भएता पनि, सबै बिच लोकप्रियता पनि, छोरो नभएका कारणले श्रीमती सुन्तलीकै इच्छा विपरित वर्षेनी सन्तान जन्माउँदा पुष्ट र राम्रा सन्तान नहुनु साथै श्रीमतीको स्वास्थ्य विग्रदै गइ पाँचौ सन्तान त्यो पनि छोरी लाई जन्म दिए पश्च्यात श्रीमती गुमाउनु परेको अवस्था धनजीते पात्रका माध्यमद्वारा देखाउन खोजिएको छ ।

### ४.१५.१ कथानक

उज्यालो भैसक्दा पनि रुपाले घाँस कुँडो केही खान नपाएकाले कराउन थाली । रुपा धनजीतेको मन परेको भैसी हो । धनजितेकी श्रीमती सुन्तली दुई दिनदेखि प्रसव वेदनामा

छ, जसले गर्दा घरको कहिल्यै काम नगर्ने धनजितेलाई घरको सम्पूर्ण अभिभारा परेको छ । गत तीन वर्ष अघिदेखि गाउँको पञ्च भएबाट घरको कामधन्दा  भन्दा बाहिरकै काम धन्दामा व्यस्त हुने धनजिते सरल मिजास र नम्र स्वभाव भएकाले सबैको प्रिय थियो । धनको गरीब भएतापनि मनको गरीब भएको धनजिते घरमा आउनेजाने सबैलाई सक्दो सत्कार गर्ने र दीन-दुःखीको सेवामा तल्लीन हुने गर्दथ्यो । सन्तानको रुपमा चार चार वटा छोरी भैसकेकाले यसपटक आफ्नो इच्छा पूरा हुने कुरामा आशावादी भएको धनजिते घरको काम भन्दा सुन्तलीबाट जन्मने शिशु प्रति बढी चासो छ । विभिन्न चाडपर्वमा आफन्त त्यसमा पनि मान्यजनहरूबाट आशीर्वादको रुपमा प्राप्त गर्ने छोरो, उसले पनि स्वर्ग जान, पितृ, ऋणबाट मुक्त हुन, पिण्डको दाता जस्ता कुराहरू आफूभन्दा बुढापाका र गुरु कुराहरूसँग जोडिने हुँदा छोराको रहरले चक्कर काट्न थालेको देखिन्छ । सुन्तलीको इच्छा विपरीत वर्षेनी सन्तान जन्माउन बाध्य छ । जसले गर्दा शरीर क्षीण भएको छ अरु पटक भन्दा यसपटक सुन्तली अझबढी कमजोर भएकी छ । धनजीते  गोठ धन्धामै थियो एक्कासी घरभित्र वयाँ वयाँ गरेको आवाजले उ गोबरै गोबर लागेको हातहरू लिएर बडो आतुरताका साथ  दौडियो । कोठाको ढोकाबाट चियाउँदै सोध्यो सुन्तली के भो ? छोराकी छोरी ? सुन्तली भुइँमा पल्टिएकी थिइँ । रगतको खोलो बगेको थियो । धनजिते फेरी पनि बोलायो तर सुन्तली निदाई सकेकी थिई कहिल्यै नउठ्ने गरेर । छेउमा नवजात छोरी चिच्याइरहेकी थिई वयाँ-वयाँ गरेर ।

प्रसव वेदनामा यौवनावस्थामा नै भएको सुन्तलीको मृत्यूले धनजतिलाई गहिरो चोट पऱ्यो । उसलाई नै सम्पूर्ण गृहस्थी र दुधमुखे नानीहरूलाई हुर्काउने अभिभारा थपियो । अनपढ भए पनि श्रीमतीले तीन छोरीको जन्म भईसकेपछि छोरा होस वा छोरी सन्तान दुवै बराबर हुन् धेरै सन्तान अभिशाप हुन्छ भनेर धेरै सन्तान नजन्माउन गरेको अनुरोध, परिवार नियोजनका कार्यकर्ताहरु र गाउँका मास्टर बाबुले समेत स्थायी नियोजन गर्न गरेको सल्लाह खट्किरहेको छ धनजितेलाई ।

## ४.१५.२ पात्र विधान

### (क) धनजित

पछुतो कथाको प्रमुख पात्र धनजिते हो । सरल, मिजास र नम्र स्वभाव भएको सबैको प्रिय पात्र हो । घरको काम भन्दा बाहिरकै काममा समय व्यथित गर्ने धनजिते

सरकारी काममा पनि लागि पर्ने हुनाले शिक्षित नै देखिन्छ । परिवार नियोजन स्वयम्सेवक तालिममा समेत सहभागी बन्ने अवसर पाएको धनजिते मान्यजन, पुरोहितका कुरामा लागेर श्रीमतीको इच्छा विपरित वर्षेनी सन्तान जन्माउन वाध्य पार्ने पात्रको रुपमा पनि कथामा उपस्थित छ ।

**(ख) सुन्तली**

पछुतो कथाको प्रमुख पात्र धनजितेकी श्रीमती सुन्तली हो । आफ्नो पति सधै बाहिरको काममा तल्लीन हुनाले बालबच्चा हेर्ने देखि घरको सम्पूर्ण काममा सुन्तली नै सक्रिय हुन्थी । घर व्यवहार समालेर बसेकी भएतापनि तीन छोरीको जन्म भइसकेपछि "छोरा होस् वा छोरी सन्तान दुबै बराबर हुन्" धेरै सन्तान अभिशाप हुन्छ भनेर पतिसँग अनिच्छित सन्तान नबनाउन बारम्बार अनुरोध गर्ने पात्र हो सुन्तली । बारम्बारको अनुरोधलाई वेवास्ता गर्ने पति धनजितेकै कारण धेरै सन्तान जन्माउने क्रममा शक्ति क्षीण भई मृत्युवरण गर्ने पात्रको रुपमा सुन्तली कथामा उपस्थित छ ।

कथामा धनजीतेका छोरीहरू, फूपु, मावलीबाजे, धामी झाक्री, परिवार जियोजनका कार्यकर्ताहरू, मास्टरबाबु जस्ता पात्रहरू कथामा उपस्थित छन् भने पारिवारिक कार्यलाई देखाउन मानिसका साथसाथै मानवेत्तर पात्रहरू रुपाभैसी, हाँस, चल्ला, वाच्छा, पाडा पनि कथामा आएका छन् ।

### ४.१५.३ परिवेश

पछुतो कथामा गाउँनै प्रमुख परिवेशको रुपमा राखिएको छ । त्यसमा पनि विशेष गरी छोराको आसमा वर्षेनी श्रीमतीको इच्छा विपरित पाँचपाँच सन्तानको जन्मदिँदा भोगेको पिडा र वर्षेनी जन्मीएका सन्तानको अवस्था पनि कथाको परिवेशको रुपमा आएको छ । नेपाली समाज त्यो पनि हिन्दु संस्कृतिमा हुने छोराको महत्वले पनि कथामा धार्मिक परिवेशको चित्रण स्पष्ट हुन्छ ।

### ४.१५.४ उद्देश्य

असल सोच र विचारहरू प्रदान गर्दा श्रीमीती त होनी भन्दै वेवास्ता गर्नु हुँदैन । कथाको पात्र धनजतिले मात्र नभई जोसुकैले पनि बदलिँदो समयलाई आत्मसाथ गर्न

सक्नुपर्छ । साथै सन्तान जन्माउने कुरामा श्रीमतिसग पनि सल्लाह गरी योजना बनाउनु उपयुक्त हुन्छ । पितृसत्तात्मक हाम्रो नेपाली हिन्दु समाजमा छोरालाई स्वर्गको ढोका, पिण्डको दाता जस्ता कुराले गाँजेको छ, जबसम्म यस्ता कुरालाई पर सारिदैन तबसम्म हाम्रो प्रगति असम्भव छ भन्ने कुरा पनि कथामा व्यक्त गरेको छ ।

### ४.१५.५ भाषाशैली

पछुतो कथामा प्रयोग भएको भाषाशैली पाठकको लागि बोधगम्य छ । पाठकलाई जटिलता नै सिर्जना नगरी सरल, सरस र सहज रुपले बुझ्न सक्ने भाषाशैलीको प्रयोग यसमा छ । यो कथा हाम्रो वरीपरी समाजमा हुने र हुँदै वरपर समाजमा प्रचलनमा रहेको शब्द र शब्दावलीहरूको प्रयोग प्रशस्त मात्रामा पाइन्छ । जस्तै मरे बा, बाधा भयो मर्छु क्यारे, धनजितेलाइ भगवानले सबैचीज दिएका छन्, अब एउटा छोरो देउन् । आदि ।

### ४.१५.६ दृष्टिविन्दु

कथाको प्रमुख पात्र धनजितेको श्रीमती प्रसव वेदनामा परेकि छन् । घरको सम्पूर्ण वस्तुभाऊ, छोराछोरीको स्याहार सुसार घनजितेबाट भएको छ । उज्यालो भइसक्दा पनि खान नपाएकाले रुपा (भैसी) कराउन थालेको प्रसङ्गबाट शुरु भएकाले कथा बाह्य दृष्टिविन्दुबाट संरचित छ ।

## ४.१६ कति बोकेर हिड्ने रित्तो जीवन कथाको सन्दर्भ

जुनुको विवाह घनाढ्य परिवारको एक्लो छोरो इन्जिनियर सँग हुन्छ । विवाह भएको केही समय पछि नै कमलको मृत्यु भएकाले पढेलेखेकी जुनु महिला विकास अधिकृत हुन्छिन् भने उनको वाल्यसखा निर्मला घरेलु विकास कार्यालयको अधिकृत । घरेलु शील्पकला सम्बन्धी महिलाहरूलाई तालिम सञ्चालन गर्नाको लागि निर्मला जिल्ला महिला विकास कार्यालयमा जाँदा अधिकृत बाहिर गएको मौका पर्छ, सोही समयमा टाइपिस्टको अनुरोध पछि भित्र पसी एलबम् हेर्दा आफ्नो वाल्यसखा साथी सानै उमेरमा भएको विधवा रुपलाई देखि त्यसै बस्न हुँदैन पुन : अर्को विवाह गरी भएको रित्तो जीवन भोर्नुपर्छ भन्ने कुराहरू मानस पटलमा खेलाएको प्रसङ्ग कथामा उल्लेख छ ।

### ४.१६.१ कथानक

निर्मला घरेलु विकास कार्यालयको अधिकृत भएर भर्खर रुपन्देहीमा आएकी छन् पति र बोर्डिङ स्कूलमा भर्ना भएको एकमात्र छोरालाई छोडेर जागिरमा आउँदा खल्लो अनुभव गर्दछिन् । तर पनि उनलाई अभ्यस्त बन्नु परेको थियो । आफू कार्यालय पुगेको केही दिनमा शीलपकला सम्बन्धी तालिम सञ्चालन गर्नका लागि महिला विकास कार्यालयमा जानु पर्ने भएकाले त्यसै अनुरुपको योजना बनाइन् ।

कार्यालयको समय हुनासाथ अर्कोदिन निर्मला । महिला विकास कार्यालय तर्फ लागिन् सहरसँगै ठूलो साईनवोर्डमा लेखिएको महिला विकास कार्यालय रुपन्देही । निर्मला गेटभित्र पसिन् । गेट भित्रको विभिन्न रङका फूल, विभिन्न बोटविरुवा र चिटिक्क परेको भवनले उसको मन  मोहित पा¥यो । जब निर्मला कार्यालयको भवनभित्र पसिन् टाइपिस्ट फूर्तिसाथ टाइप गरेको र “जुनु ढुङ्गाना” महिला विकास अधिकृत “बाहिर”लेखेको देखिने निर्मला झसडग भइन् आखिर जुन ढुडगाना  को हुन् ? कि आफ्नै वाल्यसवा, मनमा विभिन्न वितर्कहरू खेलाउँदै टाइपिस्टको अनुरोधमा निर्मला जुनुकै कोठामा बस्न गइन् ।

कार्यालय भित्रको सजावट, सरसफाई अनि कार्यक्रमहरूको झलक स्पष्ट हुने वोर्ड, दैनिक कार्यक्रम र ऱ्याकमा महिलाद्वारा नै तयार पारिएका विभिन्न सामानले आकर्षित भएकी निर्मला मनमनै जुनुको प्रशंसा  गरिन । आफ्नो वाल्यसखा जुनुसँग तादाम्य हुने सजावट प्रति पनि तर्कहरू खेलाइन् । एक्लोपनको साथीको रुपमा फाटाको एल्बम् पल्टाई विभिन्न फोटाहरूमा नजर लगाइन् । सोही एल्बमको  अन्त्यतिर जुनुको पनि फोटो देखिन् त्यो फोटोले उनी स्तब्ध भइन् किनकी आफ्नो बाल्यसखा  जुनु सेतो वस्त्रमा थिइन् । अनेक प्रश्नहरू निर्मलाका मनमा उब्जन्छन् । सम्पन्न परिवारकी छोरी , सम्पन्न परीवारकी एक्ली बुहारी कलीलै उमेरमा तड्पाउने विधातालाइ धिक्काछिन् । अनि फेरी जुनुलाई हुँदैन छोडेर जानेले गए पनि सधैं शोक र चिन्तामा तड्पेर बस्नु र रित्तो जिवन जिउनु बरु फेरी भएको रीत्तो जीवनलाई पुन : भोर्नु छ र तिमीबाट हुने भविष्यको कर्णधारलाई युगले पर्खिएको छ । जसलाई धरतीको स्पर्श नगराएर पाप बटुल्न हुँदैन ........तिम्रो साथी हुँ वाल्यसखा हुँ सधै भलो चाहने आत्मिय साथी आदि । अनेक प्रसङ्गलाई मानसपटलमा खेलाउँदा खेलाउँदै

जुनुको अकस्मात कार्यालयकक्षमा प्रवेश हुन्छ निर्मलाको मौनता भङ्ग हुन्छ । दुबैका आँखा जुध्छन्, अँगालोमार्न पुग्छन् । दुवैका आँखा आँसुले भरिएका थिए ।

### ४.१६.२ पात्रविधान

#### क) जुनु

कति बोकेर हिड्ने रित्तो जीवन ? कथाकी प्रमुख स्त्री पात्र जुनु हुन् । धनाढ्य परिवारमा जन्मेकी जुनु निर्मलाकी बाल्यसखा पनि हुन् । बाबु आमाकी एक मात्र छोरी जुनु कूल घरान र पढेलेखेको केटो पाउना साथ  धुमधामसँग विहे गरी पठाएकै केही समय पछि पतिको निधन भई विधवा जीवन विताउन वाध्य भएकी छन् । पढेलेखेकी, सम्पन्न परिवारकी छोरी र बुहारी भएता पनि वैधब्य जीवनलाई निराशाको पल नठानी आफूलाई  जागिरमा समर्पित गरी जनताको हितमा लगाउने साहासिली नारी पात्रको रुपमा यसकथामा उपस्थित छन् ।

#### ख) निर्मला

कथामा मुख पात्रको रुपमा उपस्थित हुने नारी पात्र हुन् । उनी जुनुकी वाल्यसखा पनि हुन् । निर्मला घरेलु विकास कार्यालयको अधिकृत भई श्रीमान् र भएको एउटा मात्र छोरोलाई छोडेर जिल्ला बाहिर गएको हुनाले शिक्षित पात्रको रुपमा पनि उनलाई देख्न सकिन्छ । काम विशेषले महिला विकासकार्यालयमा पुगेकी निर्मला जुनुलाई अधिकृतको रुपमा उपस्थित भएको थाहपाई उनी र उनकै घटनाक्रमलाई सम्भिmएर कथालाई अगाडि बढाएकाले कथामा उल्लेख्य भूमिका नभएको देखिन्छ तापनि कथालाई जीवन्तता दिने काम उनले नै गरेकी   छन् ।

जुनुका बाबु, आमा, श्रीमान्, निर्मलाका श्रीमान् छोरा र महिला विकास कार्यालयमा टाइपिस्टको रुपमा काम गर्ने महिला आदिको कथामा मुख्य भूमिका निर्वाह नगरेकाले गौण पात्रको रुपमा उपस्थित छन् ।

### ४.१६.३ परिवेश

कति बोकेर हिड्ने रित्तो जीवन कथामा शहर नै प्रमुख परिवेशको रुपमा राखिएको छ । एकमित्रले अर्को मित्रका बारेमा मनमा खेलाएका अनेक प्रसङ्गहरू नै कथामा परिवेशको रुपमा आएको छ । साथै घरेलु विकास कार्यालय र महिला विकास कार्यालयका विभिन्न पक्षहरू, फूल, गमला, कार्यालयको सजावट पनि यस कथाका परिवेशको रुपमा आएका छन् ।

### ४.१६.४ उद्देश्य

कुनै पनि पढेलेखेकी महिला पतिको मृत्युपछि आफ्नो प्रतिभालाई कुण्ठित पारेर बस्नु भन्दा नोकरी मै प्रवेश गरी सेवागर्ने मनसाय राख्नु उपयुक्त हुन्छ । कलिलै उमेरमा विधवा भई सिंगो जीवन नै निरर्थक जीउनु भन्दा पुन अर्को विवाह गरी आफूबाट हुनसक्ने देशका भोलिका कर्णदारहरूलाई प्रदान गर्नु उचित हुन्छ । जुन कार्यका लागि समाज पनि सकारात्मक हुनुपर्दछ भन्ने यस कथाको उद्देश्य देखिन्छ ।

### ४.१६.५ भाषाशैली

कति बोकेर हिड्ने रित्तो जीवन ? कथामा जटिल किसीमका शब्द तथा वाक्यहरू नभई सरल र सहज रुपमा बुझ्न सकिने छ । यस कथाले अभिधात्मक रुपमा नै विभिन्न व्यक्तिगत सोचाई, नेपाली जनमानसका सोचाईका साथै सामाजिक परिवन्धका कुराहरूलाई स्पष्ट बनाएको छ । यसभित्र प्रयोग भएका भाषाशैलीले कथाको वस्तुस्थितीलाई प्रशस्त मलजल दिएको छ ।

### ४.१६.६ दृष्टिविन्दु

निर्मला भर्खर मात्र घरेलुविकास कार्यालयको अधिकृत भएर आएको घटनाक्रमबाट कथाको विषयवस्तुले गति लिएकाले कथा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित छ ।

# पाँचौं परिच्छेद

# उपसंहार

वि.सं. २००९ साल चैत्र महिनामा पिता श्री स्व. कुलप्रसाद खनाल र माता श्रीमती लीलादेवी खनालको कोखबाट बाबुको माहिलो र आमाको जेष्ठ पुत्रका रुपमा यस धर्तीमा पाइला राखेका साहित्यकार शर्माको जन्मथलो राप्ती जिल्लाको घोराही नगरपालीका ५, अम्बापुर, दाङमा भएको हो । उनको न्वारनको नाम पनि नित्यानन्द शर्मा (खनाल) नै हो । मध्यमवर्गीय ब्राह्मण परिवारमा जन्म भई घरबाटै क, क, न, न को शुभारम्भ गरेका शर्माले घर नजिकै पर्ने अम्बेकेश्वरी मन्दिर परिषदबाट नै शिक्षा हाँसिल गरेका थिए ।

यसरी मन्दिर परिषदबाट नै अमरकोष, दुर्गाकवच र चण्डी पढ्न सिकेका शर्माले बालविकास प्राथमिक विद्यालयबाट कक्षा चारसम्म र प.प.मा.वि. भरतपुर दाङबाट कक्षा पाँचदेखि एस.एल.सी. सम्म अध्ययन पूरा गरेका थिए । वि.सं. २०२४ सालमा एस.एल.सी. उत्तीर्ण गरिसकेपछि बनारसबाट प्राइभेट आई.ए. द्वितीय श्रेणीमा आगरा विश्वविद्यालयबाट बि.ए. र कलकत्ता विश्वविद्यालय, कलकत्ताबाट बि.लीब.एस्सी. द्वितीय श्रेणीमा उत्तीर्ण गरी आफ्नो अध्ययनलाई औपचारिक रुपमा बीट मारेका देखिन्छन् ।

वाल्यावस्थादेखि नै साहित्य सिर्जनाप्रति रुचि नराखेता पनि प.प.मा.वि. मा अध्ययनका लागि भर्ना भइसके पश्यात विद्यालयमा सम्पन्न गरिने साप्ताहिक कार्यक्रमबाट प्रेरित भएका शर्माले आफू केही गीत र कविताको सिर्जना गरेता पनि व्यक्तिगत सङ्कोचका कारण सबै सामु आफ्ना रचनालाई नपस्किएको अवस्थामा जनकवि केशरी धर्मराज थापा आउँदा चौघेरा दाङमा आयोजना गरिएको बृहत् साहित्य गोष्ठीमा पहिलोपटक आफ्नो गीतलाई पस्किएका शर्माले थापाद्वारा 'स्यावासीका ढापहरू' पाउँदा अझ बढी उत्साहित भई साहित्य तर्फ आकर्षित भएका देखिन्छन् । यसरी शर्माले अनौपचारिक रुपमा केही समय अगाडिदेखि साहित्यमा कलम चलाउन थालेता पनि वि.सं. २०२५ सालको ज्योत्सना पत्रिका 'विदेश नजाऊ' कविता छापिएबाट उनी औपचारिक रुपमा साहित्यमा प्रवेश गरेका देखिन्छन् ।

पाँच दशकभन्दा बढीको लामो साहित्यिक यात्रामा उनले नेपाली साहित्य जगतमा ठूलो योगदान दिएका छन् । सङ्ख्यात्मक भन्दा गुणात्मक कृति पस्किने शर्माले हालसम्म बालगीति कविता र कथाको क्षेत्रमा एकएकवटा पुस्तककार कृति प्रकाशित गरिसकेका छन् भने अर्को बालगीति कविता सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा छ ।

बहुमुखी प्रतिभाका धनी शर्मा कथा, कविता, निबन्ध, नाटक, गीतका साथसाथै स्क्रिप्ट लेखन, अन्वेषक कर्ता, समाज सुधारक, धार्मिक व्यक्तित्वका रुपमा पनि आफूलाई चिनाउन सफल रहेका देखिन्छन् । यस्ता व्यक्तित्वका रुपमा आफूलाई परिचित गराएका शर्माले 'बुह्रान' जस्तो आदिवासी जनजातिको फिल्म समेत बनाएका छन् । जुन नेपालमा मात्र नभएर नेपाल बाहिर पनि पर्दामा देखाई अन्तर्राष्ट्रिय जगतमा आफ्नो कृतिलाई पुऱ्याउन सफल भएका देखिन्छन् ।

गीतकारका रुपमा पनि ख्याती कमाइसकेका शर्माका विभिन्न गीतहरु स्थानीय एफ.एम., क्षेत्रीय प्रसारण सुर्खेत र राष्ट्रिय प्रसारण काठमाडौंबाट समेत दिनहुँ प्रसारित भएका हुन्छन् । यस्ता बहुमुखी व्यक्तित्वका धनी शर्माका कथाहरुको भाषाशैली परिष्कृत, सरल र सहज छ । कथामा विभिन्न वाक्यको प्रयोग गरिएतापनि पात्र सुहाउँदा पदहरुको छनौटले भाषा सम्प्रेष्य बन्न पुगेको छ । प्राय : सबै कथामा सामान्य भाषा प्रयोग गरेकाले सामान्य पाठक पनि उनका कथाप्रति बढी आकर्षित बन्न पुग्छन् ।

कथाहरुमा प्रेमसँग सम्बन्धित युवायुवतीहरुमा पाइने प्रेमका विभिन्न पक्षलाई देखाइएको छ । युवायुवती आपसमा कस्तो प्रेम गर्छन् ? कसरी गर्दछन् ? त्यसको परिणति के कस्तो हुन्छ भन्ने जस्ता कुराहरुलाई विषयवस्तु बनाइएको पाइन्छ । यिनका प्रेमसँग सम्बन्धित कथाहरुमा अन्तर्जातिय विवाहको प्रयास, प्रेम पागलको कारुणिक अवस्थाको चित्रण, विधुरको पीडा आदिलाई चित्रण गरिएको छ । आधुनिक विचारधारामा रमाउन खोज्ने शीलाले आफ्नो पतिको जागिरको प्रवाह नगरी आफूलाई मोजमस्ती र सहरीया वातावरणमा रम्न खोज्दा हुने द्वन्द्व यस्तै प्रकारका कथाका परिणाम हुन् । यसैगरी प्रेमसँग सम्बन्धित कथाहरुमा गरिबीका कारण लाहुरे हुनु परेको स्थिति र लाहुरबाट फर्कने आसमा बसेका लालचनको परिवारको कारुणिक चित्रण (प्रतिक्षा) मातृवात्सल्य र पारिवारिक वातावरण राम्रो नहुँदा पर्ने असर र त्यसले निम्त्याउने भयावह स्थिति (परिणति) को चित्रण

गरिएको छ । लागू पदार्थले पार्ने असर र निम्त्याउने भयावह स्थिति, पीडा दाम्पत्य जीवनका रित्तोपनालाई पनि कथाका विषय बनाएको देखिन्छ ।

राष्ट्रवादी चेतना, परम्पराप्रति विरोध, ग्रामीण सामन्तवादको विरोध, सुधारवादी चेतना र युवाजनित व्यवहार, लागूपदार्थ दुर्व्यसनीजस्ता घटनालाई सकारात्मक पक्षबाट सुझाव दिएको छ । प्रेमसम्बन्धी कथाभन्दा प्रेमसँग असम्बन्धित कथाहरु तुलनात्मक रुपमा उत्कृष्ट देखिन्छन् । यसरी तत्कालिन समयमा देखिएका प्रेमसम्बन्धी विकृति र विसङ्गतिका साथै लागू पदार्थको सेवन अनि निम्नवर्गले रोजीरोटीका लागि गृहत्याग गरेर विदेशिनु पर्ने यथार्थ घटनालाई आफ्ना कथाको विषय बनाउने शर्माले नेपाली समाजलाई नै मुख्य स्रोत बनाएका छन् ।

समग्रमा शर्माका कथाहरु हाम्रो नेपाली समाज र हिन्दु संस्कृतिका विपरित लाग्ने मानिसहरुका लागि मूल मन्त्रका रुपमा देखिएका छन् ।

जुनुमामा गीतिकविता सङ्ग्रह जसले हाम्रो नेपाली समाजका लोपोन्मुख वाध्य यन्त्रका साथै ससाना बालबालिकालाई रमाउने वातावरण सिर्जना गरी उत्साहित समेत बनाएको देखिन्छ । ज्यादै सुरिला र रसिला स्वरमा गाउन मिल्ने कविताहरु ज्यादै नै बालपयोगी देखिन्छन् ।

यसरी उनले नेपाली साहित्यको श्रीबृद्धिमा पुऱ्याएको योगदानले उनलाई नेपाली साहित्याकाशमा चिर स्मरणीय बनाई राख्नेछ ।

# सन्दर्भग्रन्थसूची


- अवस्थी, महादेव, **कथाको सैद्धान्तिक स्वरुप नेपाली कथा भाग ३**, काठमाडौ : साझा प्रकाशन, २०६४ ।
- गिरी, अमर, **पुस्तक समीक्षा,** युग चेतना साप्ताहिक, वर्ष ७, अङ्क ८, २०४६ ।
- डि.सी., डा. कृष्णराज, **बाँच्ने रहर भित्रको रहर !**, गणतन्त्र राष्ट्रिय दैनिक, वर्ष ३, अङ्क २०३, २०६६ ।
- पौडेल, कृष्णविलास, **आधुनिक नेपाली कथा,** काठमाडौँ : नवीन प्रकाशन, २०६४ ।
- रेग्मी, माधवा, **दाङ जिल्लाका कथाकार र तिनका कथा सङ्ग्रहको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि, २०६६ ।
- वाग्ले, महेन्द्र, **कथाकार इन्द्रमणि 'मानव' का कथाहरुको विश्लेषण,** अप्रकाशित स्नाकोत्तर शोधपत्र त्रि.वि., २०६२
- शर्मा, मोहनराज र लुइँटेल, डा. खगेन्द्रप्रसाद, **शोधविधि**, ते.सं., ललितपुर : साझा प्रकाशन, २०६२ ।
- शर्मा, नित्यानन्द, **बाँच्ने रहर कथा सङ्ग्रह**, २०४५ ।
- शर्मा, नित्यानन्द, **जूनमामा बालगीत/कविता सङ्ग्रह**, २०६५ ।
- शर्मा, गिरिराज, **नित्यानन्द शर्माको बाल कोसेली जूनमामासँग रमाउँदा,** नयाँ युगबोध, राष्ट्रिय दैनिक, वर्ष ३३, अङ्क १४४, २०६६ ।
- श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग ४**, काठमाडौ : साझा प्रकाशन, २०५७ ।

# परिशिष्टाङ्क

## शोधनायक नित्यानन्द शर्माको अन्तरवार्ता

**१. व्यतित गरेको बाल्यकाल र शिक्षा दिक्षाबारे केही जानकारी दिनुहुन्छ ?**

मेरो वाल्यकालको सन्दर्भमा समग्रमा भन्नुपर्दा हजुरबुबा, हजुरआमा, बुबाआमा, दाज्यू भाउजुको माया, ममता र स्नेहमा अत्यन्त शुखमय रह्यो । निम्न मध्यम परिवारमा जन्मिएको भएतापनि परिवार भित्रको राम्रो संस्कारको फलस्वरुप परिवारबाटै जीवनोपयोगी गुण र शिक्षा प्राप्त गर्ने अवसर पाएँ । ४ वर्षको हुँदा अम्बिकेश्वरी मन्दिर रहेको घोराही न.पा. ५ अम्बापुर, दाङमा एउटा पाटी घरमा सञ्चालित पाठशालाबाट क क न न पछि दुर्गा कवच, चण्डी र अमरकोष पढें । अमरकोष पढ्दापढ्दै अङ्ग्रेजी शिक्षा पढ्ने लहर चल्यो । यो विद्यालय वर्षातमा घोडदौडाकोटमा सञ्चालन हुने गरेकाले वर्षातको समयमा घोरदौरामा र हिउँदमासमा पाटीघर र कुनै समयमा रझेनामा पनि अध्ययन गरें । २०१५ सालमा प्रा.वि. बालविकासमा र २०१८ सालमा प.प. हाइस्कुल भरतपुर दाङमा कक्षा ४ मा भर्ना भई २०१४ सालमा एस.एल.सी. पास गरें । २०२५ सालमा तत्कालीन म.वि.वि. शाह इन्टरकलेजमा आई.ए. मा भर्ना लिएँ । आई.ए.को परीक्षा दिन नेपालगन्ज जानुपर्दथ्यो । नेपालगन्जबाट परीक्षा दिए तर सफलता हात लागेन । त्यसपछि बनारसबाट आई.ए. प्राइभेट पास गरेर शिक्षक पेशामा लागें । २०३० सालमा क्याम्पस सेवामा प्रवेश गरें । नोकरी मै रहेर आगरा विश्वविद्यालय भारतबाट बी.ए. प्राइभेट पास गरें । क्याम्पस सेवा कालमै त्रिभुवन विश्वविद्यालयबाट वृत्ति विकास कार्यक्रम अन्तर्गत छात्रवृत्ति प्राप्त गरेर कलकत्ता विश्वविद्यालय (भारत) बाट पुस्तकालय विज्ञानमा बि.लिव.एस्सी. उत्तीर्ण गरेको छु ।

**२. तपाईको साहित्य सिर्जनाको प्रेरणा के हो ?**

साहित्यको सिर्जना बलजफ्ती गर्छु भनेर सकिँदैन । व्यक्तिमा अन्तरनिहित गुणकै फलस्वरुप साहित्यको सिर्जना हुन्छ । जीवन र जगतको भोगाइ गराई, अनुभव र अनुभूति नै साहित्यिक सिर्जनाको विषयवस्तु बन्दछ । भावुक हृदयबाट मात्र कलात्मक सिर्जना सम्भव रहन्छ । प.प. हाइस्कुल भरतपुर दाङमा प्रत्येक शुक्रबारका दिन हुने साहित्यिक गोष्ठीमा माथिल्लो कक्षाका विद्यार्थीहरुका कविता, मुक्तक, चुट्किला र कथा सुन्दा मलाई पनि कविता लेख्ने रहर जागेर आउँथ्यो । कक्षा ९ मा पढ्दा दाङमा बृहत् कविगोष्ठी सम्पन्न

भएको थियो । जनकविकेशरी धर्मराज थापा प्रमुख अतिथि हुनुहुन्थ्यो । त्यस गोष्ठीमा एउटा गीत गाएको थिएँ । थापा ज्यूले बोलाएर पीठ्यूँमा धाम मार्दै स्यावासी दिनु भएको थियो । त्यसै समयदेखि मैले थापाज्यूबाट प्रेरणा पाएर गीत र कविता लेख्न थालेको छु । कथाको क्षेत्रमा भने आई.ए. पढ्दा गुरुप्रसाद मैनालीज्यूको 'नासो' कथा सङ्ग्रह पढ्दा मलाई कथा लेख्ने प्रेरणा मिलेको हो । जसको फलस्वरुप २०४५ सालमा 'बाँच्ने रहर' कथा सङ्ग्रह प्रकाशित गर्न सफल भएको हूँ ।

**३. तपाईको जीवन भोगाई र बाँच्ने रहर कथा सङ्ग्रह बीच के कस्तो तादात्म्य रहेको छ ?**

दाङकै पहिलो प्रकाशित कथा कृति बन्ने पुगेको मेरो 'बाँच्ने रहर' कथा सङ्ग्रह मेरै जीवनको भोगाई नभई मेरो परिवेश, क्याम्पसका विद्यार्थीहरुको चालचलन, व्यवहार, बजारक्षेत्रको वातावरण, शहरीया युवायुवतीकहरुको क्रियाकलाप, बनारसमा मैले पढ्दाको वातावरण, गाउँघरमा देखिएका समस्याहरु, लाहुरे युवाहरुको अवस्था, परिस्थितिजन्य घटनाहरु, सामाजिक आडम्बर, कुरिती, कुसंस्कारबाट सिर्जित समस्याहरु, विलासिता र अभिष्ट चाहनाको परिपूर्ति नहुँदा सिर्जिएका अप्ठेराहरु आदि धेरै विषयवस्तुको अनुभूति, अनुभवहरुका साथै भोगाईलाई मानस पटलमा केलाउँदै जाँदा घटनाहरुको थुङ्गा उनिएर कथासङ्ग्रहको स्वरुप लिएर जन्मिएको हो । यी कथाहरुमध्ये कतिपय मैले देखेका घटनाहरु छन् भने कतिपय अनुभव र अनुभूति कै फलस्वरुप सिर्जिएका हुन् । धेरैजसो कथाहरु बाह्य जगत र आफ्नो परिवेशका उपज हुन । मेरो जीवन भोगाई र अनुभूतिसँग "बाँच्ने रहर" कथा सङ्ग्रह बीच यथार्थता र सम्भाव्यताको गहिरो तादाम्य रहेको मैले पाउँछु ।

**४. तपाईको 'जूनमामा' बालगीत/कवितासङ्ग्रहबारे केही प्रकाश पारिदिनु हुन्छ की ?**

२०२८ सालमा पहिलोपटक म आफ्नो गीत रचनाको डायरी बोकेर काठमाडौं गएको थिए । स्व. भैरवबहादुर थापाले मेरो जूनमामा बालगीत पढेपछि आफ्नो छोरीहरु शान्ति थापा र सङ्गीता थापाको स्वरमा गाउन लगाउने मलाई आश्वासन दिनुभयो । उहाँकै सङ्गीतमा केही समयपछि त्यो गीत शान्ति थापा र सङ्गीता थापाको स्वरमा रेकर्ड नै बालकार्यक्रममा बारम्बार प्रसारण हुँदा मलाई झनै बालगीत रचना तर्फ प्रेरणा मिल्दै गयो । २०३० देखि २०४४ सम्म ६ दर्जन जति बालकविता रचना गरें । प्रकाशन गर्न ढिलाई गरिरहेकोमा दाङमा र अन्य स्थानहरुमा सम्पन्न हुने ठूलासाना साहित्य गोष्ठीहरुमा

बालबालिकाको बाक्लो उपस्थिति हुने तर उनीहरुका लागि कुनै पनि श्रष्टाले बालगीत/कविता नपस्केको पाएँ । यस्तो हुनुमा बालसाहित्य र बालसाहित्यमा कलम चलाउने स्रष्टाकै कमी रहेको मैले महसुस गरें र मेरो कृतिले केही हदसम्म यो कमीलाई पूर्ति गरोस् भन्ने सोंच राखी २०६५ सालमा 'जूनमामा' शीर्षक राखेर ५२ वटा बालगीत/कविता सङ्ग्रहीत पुस्तक प्रकाशनमा ल्याएको हूँ । यस बालगीत/कविता सङ्ग्रहको कथ्यवस्तुका रुपमा पशुपन्छी, कीटपतङ्ग विभिन्न प्रकारका खेलहरु प्राकृतिक र वैज्ञानिक वस्तुहरु लगायत मेलापर्व, गाई, कुकुर, घोंडा, बिरालो, परेवा, कोइली, तालचरी, भगेरा, जुनकीरी, माहुरी, पुतली, हावा, विद्युत, हवाईजहाज, रेलगाडी, मुरली, पुस्तक, बनभोज आदि रहेका छन् । यिनै विविध विषयवस्तुको सरल र साङ्गितीक प्रस्तुतीका रुपमा यो सङ्ग्रह रहेको छ ।

**५. विगतका आफ्ना सुखद र दुःखद क्षण बताउनु पर्दा कसरी व्यक्त गर्नुहुन्छ ?**

सुख र दुःख जीवनका दुईपटा हुन् । प्राकृतिकजन्य विपत्ति र दुःख कष्ट बाहेक अन्य दुःख कष्ट, परिस्थिति जन्य हुन् । दुःखपछि नै सुख प्राप्त हुन्छ । विगतका मेरा दुःखद क्षणबारे भन्नुपर्दा कक्षा ४ मा पढ्दाखेरी "छुत" खेल्दा दाहिने हात भाँचियो त्यो मेरो लागि केही महिना दुःखद क्षण रहन गयो । २०२६ सालमा हाम्रो घरगोठ पुरै आगलागी भयो पुनः घरको व्यवस्थापन गर्न कष्ट उठाउनुपर्‍यो । त्यसपछि २०३२ सालमा अराष्ट्रीय तत्वको आरोप लगाई मलाई प्रहरीले पक्राउ गर्‍यो र ५ दिनसम्म घोराही र तुलसीपुर थानामा थुनुवा बनाई राख्यो । बयानपछि तारेखमा छोड्यो । वर्षदिन भरी कहिले ७ दिन, कहिले १५ दिन र कहिले महिना दिनको तारेख अञ्चलाधीश कार्यालयमा तारेख लगायो । यो समय मेरा लागि अत्यन्त कष्टकर र दुःखद रह्यो । २०३५ सालमा त्रि.वि. सेवामा सहायक प्रशासकको लिखित परीक्षा पास गरे तर अन्तरवार्तामा प्रहरी रिपोर्टमा अराष्ट्रियतत्वले पोलेको भन्ने आरोप लगाई फेल लगाइयो । १ जना म मात्र नियुक्ती पाउनबाट रोकिएँ । त्यो क्षण मेरा लागि अत्यन्तै दुःखद रह्यो । २०६६ सालमा पूज्य बुबाको स्वर्गारोहण भयो आफ्ना अभिभावक गुमाउनुपर्दाको त्यो क्षण मेरा लागि निकै दुःखद भयो ।

सुखद क्षणहरुका सन्दर्भमा भन्नुपर्दा राष्ट्रिय शिक्षा समितिबाट २०३९ सालमा जीवनमा पहिलोपटक शिक्षा दिवसको राष्ट्रिय पुरस्कार प्राप्त गर्दा, दोस्रोपटक २०४५ मा पुरस्कार हुँदा त्रि.वि. बाट पुस्तकालय विज्ञानको पढाईको लागि कलकत्ता विश्वविद्यालयमा

पढ्न छात्रवृत्ति प्राप्त गर्दा, विभिन्न साहित्यिक तथा सामाजिक संघसंस्थाहरुबाट पुरस्कृत र सम्मानित हुँदाका अवसरहरु मलाई सुखद क्षणको रुपमा लिएको छु।

**६. प्राय सबै साहित्यकारहरुले एकान्त स्थानहरुलाई नै आफ्नो मित्रको रुपमा परिभाषित गर्दछन् तपाईको भनाई के छ ?**

सुन्दर शान्त वातावरणमा नै असल साहित्यको सिर्जना हुन सक्छ । अन्य साहित्यकारहरुले एकान्त स्थानलाई मित्रको रुपमा परिभाषित गरे जस्तो मलाई पनि सुन्दर, शान्त र एकान्त स्थानमा रचना फुर्ने गर्दछ।

**७. पर्यटकीय अन्वेषकको रुपमा आफूलाई अगाडि सार्नुको कारण बताइदिनुहुन्छ कि ?**

नेपाल भ्रमण वर्ष सन् १९९८ र दाङ महोत्सवको आयोजक समितिको सदस्य, जि.वि.स. दाङको पर्यटन विकास समितिबाट लमही देउखुरीमा आयोजित "गन्तव्य स्वर्गद्वारी महोत्सव" दाङ व्यापारीक तथा पर्यटन महोत्सव एवम् मध्यपश्चिम लघुउद्यम कृषि मेला २०६३ को आयोजक समितिमा रहेर काम गर्दा र २०६६ सालमा दोस्रो पर्यटन मेला काठमाडौंको सहभागी हुँदा दाङका विभिन्न स्थानमा रहेका प्राकृतिक, धार्मिक, ऐतिहासिक, प्रागऐतिहासिक विषयवस्तुहरुको अध्ययन गर्ने र प्रचारप्रसार गर्नका लागि पुस्तक प्रकाशन गर्ने आवश्यकता महशुस गर्नुका साथै आफ्नो क्षेत्रको चिनारी गराउने तर्फ पर्यटन क्षेत्रमा केही काम गर्ने प्रेरणा जाग्यो । यसै क्रममा जि.वि.स. दाङको पर्यटन विकास समितिको प्रथमपटकमा सल्लाहकार र दोस्रोपल्ट कार्यसमितिको सदस्य पदमा मनोनित हुने अवसर प्राप्त भयो । मनोनय पश्चात समितिका सदस्यहरुले क्षेत्र छुट्याई सम्भाव्य पर्यटकीय क्षेत्रहरुको अध्ययन, अवलोकन र अनुसन्धान गरेर २०६३ सालमा "दाङका पर्यटकीय सम्पदा" नामक पुस्तक प्रकाशन गर्‍यौं । यस अघि २०६३ सालमै लघुउद्यम तथा कृषि मेलाका अवसरमा मैले "दाङ क्षेत्रका महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थानहरुको सङ्क्षिप्त चिनारी" नामक पुस्तक सम्पादन गरेको थिएँ । सिङ्गो नेपाल नै पर्यटकीय सम्पदाको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण क्षेत्र रहेकाले यस्ता सम्पदाहरुको चिनारी प्रचारप्रसार र संरक्षण तथा सम्वर्द्धन गर्नुपर्ने आवश्यकता महशुस गरी पर्यटकीय खोजको विद्यार्थीको रुपमा आफूलाई बामेसार्ने प्रयत्न गरिरहेको छु।

**८. समाजसेवी, साहित्यकार, पेशाकर्मी र धार्मिक व्यक्तित्व मध्ये आफूलाई कसरी परिचय दिन रुचाउनुहुन्छ ?**

मेरो हजुरबुबा लगायत सम्पूर्ण परिवार नै धर्मप्रति आस्थावान र निष्ठावान रहेकाले ममा पनि त्यो गुण सरेको हो । पेशाकर्मीको रुपमा त्रि.वि. सेवामा लगातार ३८ वर्ष आफूलाई समर्पण गरिरहेको छु । म आफूलाई अनुशासित, मर्यादित र इमान्दार पेशाकर्मीको रुपमा प्रस्तुत गर्न चाहन्छु । किशोरावस्थादेखि नै आफ्नो क्षेत्रका अग्रजहरुको प्रेरणाले र साथले गर्दा विभिन्न शैक्षिक संघसंस्थाहरु, धार्मिक, सामाजिक, साहित्यिक तथा पेशागत संस्था लगायत परिवार नियोजन, बालविकास, पर्यटन विकास र जेसीस आदि जस्ता दर्जनौ सामाजिक संघसंस्थाहरुमा रहेर आफूसक्दो भूमिका निर्वाह गर्दै आइरहेको छु । साहित्यिक क्षेत्रबाट मेरो बढी चिनारी भएतापनि मैले आफूलाई साहित्यको सामान्य विद्यार्थी मात्र ठानेको छु । म आफूलाई सिकारु साहित्यकारका साथै समाजसेवीको रुपमा परिचय दिन बढी रुचाउँछु ।

**९. तपाईले कुनकुन विधामा कलम चलाउनु भएको छ र कुन विधामा आफूलाई बढी सफल रहेको ठान्नु भएको छ ?**

स्कुल जीवनसँगै साहित्यिक यात्रा आरम्भ गर्ने क्रममा सुरुसुरुमा लोकभाकाका गीतहरु, कविता, नाटक, निबन्ध, रेडियो नाटक, आधुनिक गीत, कथा र बालगीत/ कविता विधामा कलम चलाउँदै आएको छु । कथा क्षेत्रमा २०४५ सालमा प्रकाशित मेरो “बाँच्ने रहर” कथा सङ्ग्रह दाङको कथा साहित्यको क्षेत्रमा पहिलो प्रकाशित कृति रहेको छ । केही गीतहरु रेडियो नेपालबाट प्रसारित भएका छन् र केही क्यासेट पनि बनेको छ । २०२८ सालदेखि २०४४ सालसम्मको अवधिमा धेरै बालगीतहरुको रचना गरेको थिएँ । २०६५ सालमा ५२ वटा बालगीत/कविता सङ्ग्रह र अन्य ६ दर्जनभन्दा बढी फुटकर बालकविताको सिर्जनाका कारण बालगीत/कविताको क्षेत्रमा केही हदसम्म आफूलाई सफल रहेको अनुभव गरेको छु ।

**१०. हालसम्म साहित्य साधनामा समर्पित हुँदा कुनै सम्मान र पुरस्कार प्राप्त गर्नु भएको छ कि ?**

साहित्य साधनामा समर्पित हुँदा हालसम्म राप्ती साहित्य परिषद दाङ, लेखकसंघ दाङ, नवयुग नाट्य समूह दाङ, ललित साहित्य परिषद, रोल्पा, दाङ साहित्य तथा संस्कृति प्रतिष्ठान, मध्यपश्चिमाञ्चल मातृभाषा सङ्घगोष्ठी तथा बहुभाषिक कविगोष्ठी- २०६८ लमही देउखुरी र रापती समाज काठमाडौँबाट साहित्य तर्फको सम्मान तथा पुरस्कार प्राप्त गरेको छुँ ।

**११. तपाईको विचारमा साहित्य के हो ? साथै यसको प्रयोजन के हो ?**

मेरो विचारमा साहित्य भावुक र सिर्जनशील हृदयमा प्रस्फुटित भावनाहरुको कलात्मक अभिव्यक्ति हो । जीवन र जगतसँग साहित्यको अन्योन्याश्रित सम्बन्ध रहन्छ । यो समय र समाज सापेक्ष हुन्छ । कुनै पनि देशको साहित्यले त्यस देशको सम्बृद्धिको मापन गरेको हुन्छ । मानवीय सम्वेग, जीवन कथाव्यथा, सामाजिक मूल्य र मान्यता, सुखदुःख, हिंसा, पीडा, प्राकृतिक विपत्ति, देशकाल परिस्थिति, सामाजिक विसङ्गति र विकृति, इतिहास, भूगोल, प्राकृतिक छटा आदि विषयवस्तु साहित्य सिर्जनाका स्रोतहरु हुन् । साहित्यको प्रयोजन सामाजिक परिवर्तन प्राचीन एवम् नवीनतम विषयवस्तुको खोजी, मानवीय मूल्य र मान्यताको स्थापना, राष्ट्रियताको संरक्षण, नवीनतम सन्देशको प्रवाह लगायत जीवन र जगतको सम्पूर्ण परिवेशको यथार्थ चित्रण, ज्ञान र चिन्तन मननका लागि हुने गर्दछ । साहित्य सामाजिक रुपान्तरणको सशक्त माध्यम हो ।

**१२. तपाईजस्ता साहित्यकारहरुप्रति राज्यको हेर्ने दृष्टिकोण कस्तो पाउनु हुन्छ ? केही बताई दिनुहुन्छ की ?**

देशका बहुदलीय प्रजातन्त्रको स्थापनापछि सरकारबाट राष्ट्रिय र क्षेत्रीय स्तरमा साहित्यकारहरुलाई पुरस्कृत गर्ने क्रम रहेता पनि साहित्यिक क्षेत्रमा पनि राजनीतिको गन्ध पसेको हुँदा पुरस्कार प्राप्त गर्नका लागि चाकडी, चाप्लुसी, भनसुन र दलीय सिफारिसको आधारमा केही टाठाबाठा र पहुँचवाला साहित्यकारहरुले मात्र अवसर प्राप्त गर्ने गरेको गुनासो व्याप्त रहेको छ । मोफसलमा रहेर साहित्य सिर्जना गर्ने स्वाभिमानी

साहित्यकारहरुको राज्यको पहिचान र सम्मान गर्न नसकेको अहिलेको अवस्था छ । राज्यले साहित्य सर्जकहरुलाई हेर्ने र उचित सम्मान तथा संरक्षण गर्नमा चासो र समान दृष्टिकोण समेत राखेको पाइँदैन ।

**१३. देशमा शान्ति, सुरक्षा, अमनचैन नभएको अवस्थामा साहित्य सर्जकहरुका समस्या, चुनौती र सम्भावनाहरु के के छन् ?**

पञ्चायतकालीन समयमा जस्तो पुस्तक प्रकाशन गर्दा प्रशासनबाट सेन्सर गराउनुपर्ने र साहित्यगोष्ठीहरुमा रचना वाचन गर्दा सेन्सर गराउनुपर्ने बन्देजहरुबाट अहिले साहित्यकारहरुले मुक्ति पाएका छौँ । पहिलेको तुलनामा अहिलेको वातावरण धेरै खुकुलो छ । साहित्यकारले आफूले देखेको र मनमा लागेको कुरा खुल्ला रुपमा आफ्ना सिर्जनाको माध्यमबाट व्यक्त गर्ने सहज वातावरण बन्दै गइरहेको मैले अनुभव गरेको छुँ । सर्जकहरुका लागि पहिलो समस्या भनेको प्रकाशनको हो भने दोस्रो समस्या बिक्री वितरणको रहेको छ । प्रकाशकहरुले कुनै कृति प्रकाशन गर्नु पूर्व त्यस कृतिबाट आफूलाई के कति मुनाफा हुन्छ त्यसतर्फ सोंच राखेर मात्र पाण्डुलिपी स्वीकार गर्दछन् । साझा प्रकाशन प्रज्ञा प्रतिष्ठान जस्ता संस्थाहरुबाट छपाईको लागि वर्षौ कुर्दा पनि पालो पाइँदैन । आफ्नै खर्चमा कृति प्रकाशन गर्न आर्थिक लगायत वितरणको ठूलो समस्या तथा चुनौतीपूर्ण स्थितिको सामना सर्जकले गर्नु परेको छ ।

सर्जकहरुको कृति प्रकाशन गर्न ससरकारी सहयोग उपलब्ध गराउनेतर्फ सरकारी नीति बन्नु पर्दछ । यसका साथै मोफसलका साहित्यकारहरुले आफ्नो क्षेत्रमा “लेखककोष” खडा गर्न सकेको खण्डमा धेरै सर्जकहरुका कृतिहरु प्रकाशन हुन सक्ने बलियो सम्भावना रहेको छ ।

**१४. तपाईको “बुद्दान” शीर्षकको कथामा निर्मित थारु भाषाको फिल्म “बुद्दान” को निर्माण कुन उद्देश्यका साथ गरिएको हो र यो फिल्म कतिको सफल रहेका ठान्नुहुन्छ ?**

नेपाल परिवार नियोजन संघ, दाङ शाखाको सहसचिव, सचिव र सभापति पदमा रहँदा लामो अवधिसम्म दाङ देउखुरीका आदिवासी थारु बस्तीहरुमा कार्यक्रम सञ्चालन गर्ने क्रममा थारु जातिको कला, संस्कृति, आर्थिक, सामाजिक अवस्था र जीवनशैली,

कलाकौशलसँग परिचित हुने अवसर प्राप्त भयो । ग्रामीण क्षेत्रका जाति व्याप्त रहेको रुढिवादी परम्परा, अन्धविश्वास, अशिक्षा, अज्ञानता, गरिबी दासता (कमैया, कम्लहरी) ठूला जमिन्दारबाट चरम शोषणबाट उनीहरुको भाग्नु परेको समस्याबाट पीडा बोधको अनुभूति भयो र यिनै विषयवस्तुलाई समेटेर उनीहरु बसाईसराई गरेर “बुद्धान” कथा लेखें । यसै कथामा अजित लामिछानेज्यूले फिल्म निर्माण गरी मेरो बुद्धान कथालाई जिवन्तता प्रदान गर्नु भयो । यस फिल्ममा थारु जातिको आर्थिक समस्या, सामाजिक क्रियाकलाप, धार्मिक अनुष्ठानका साथै उनीहरुले मनाउने पर्वहरु गति र नृत्य समेत प्रदर्शन गरिएको छ । यो फिल्म आदिवासी आयोजना हुने आदिवासी फिल्म महोत्सवमा समेत प्रदर्शन भईरहेकोले यो फिल्म धेरै सफल भएको मैले अनुभव गरेको छुँ ।

**१५. एक कुशल साहित्यकारका रुपमा राप्ती अञ्चलमै आफ्नो पहिचान बनाई सक्नु भएको अवस्थामा साहित्यसर्जक, पाठक एवम् अन्य व्यक्तिहरु एवम् हामी जस्ता शोधार्थीलाई तपाईको केही भन्नु छ कि ?**

साहित्य सर्जकले आफ्नो ब्रह्मले देखेको कुरा निडर र निष्पक्ष भएर लेख्न सक्नुपर्छ । आजभोलि साहित्यकारहरु पनि कुनै न कुनै राजनीतिक पार्टीको भातृसंस्थाको जस्तो रुपमा विभक्त रहेको पाइन्छ । साहित्यकारहरु कुनै दल विशेषको प्रवक्ताको रुपमा होइन । यथार्थको धरातलमा उभिएर सिर्जना गर्नुपर्छ । सर्जकहरु सबै साझा सम्पत्ति हुन् र राष्ट्रकै गहना हुन् । सर्जक निरन्तर साधनारत र अध्ययनशील हुनुपर्छ । पाठकहरुले पनि असल साहित्यको मात्र अध्ययन, चिन्तन र मननमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । शोधार्थीहरुले केवल अङ्क हत्याउने प्रयासमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । शोधार्थीहरुले केवल अङ्क हत्याउने प्रयास नभई आफ्नो शोधपत्रलाई भोलिका पिढीका लागि पनि सन्दर्भसामग्रीको रुपमा स्थापित गर्ने प्रयत्न गर्नुपर्छ र शोधकार्य गर्दा आर्जन गरेको ज्ञान र सीपलाई जीवनोपयोगी बनाउन सक्नुपर्छ ।

अन्त्यमा मेरो व्यक्तित्व र कृतित्वमा शोधकार्य गर्ने गहन जिम्मेबारी लिई लगनशीलतापूर्वक शोधकार्य सम्पन्न गरेर मलाई साहित्यिक क्षेत्रमा अझ बढी परिचित गराउने प्रशंसनीय कार्यका लागि तपाई शोधार्थी कान्ती भुसाललाई हृदयदेखि नै धन्यवाद ज्ञापन गर्दै शोधकार्यको सफलताका साथै तपाईको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

२०६२ साल जेष्ठ १ गते स्वर्गद्वारीमा आयोजित राष्ट्रिय कविता महोत्सवमा कविता पाठ गर्दै नित्यानन्द शर्मा ।

२०६२ जेष्ठ ९ गते लेखक संघ दाङबाट “बम शङ्कर” साहित्य प्रतिभा सम्मान ग्रहण गर्दै ।

२०५६ साल श्रावण ५ गते त्रि.वि. स्मृतिहल काठमाडौंमा त्रि.वि. का उपकुलपति श्री नवीन प्रकाश जङ्ग राणा ज्यूबाट दीर्घसेवा पदक ग्रहण ।

२०४९ फाल्गुण २१ गते त्रि.वि. कर्मचारी संघको केन्द्रीय सदस्यमा विजयी हुँदा काठमाडौंमा खिंचाएको ।